अध्याय : एक

# शोध परिचय

## १.१ विषय परिचय

नेपाली वाङ्मयको क्षेत्रमा साहित्यका विभिन्न विधाले मौलाउने अवसर पाइरहेका छन् । तिनै विविध विधालाई आफ्नो रुचिको विषय बनाएर विभिन्न साहित्य साधकले साधना गर्दै आइरहेका छन् । साहित्यमा मानव मनमा रहेका आशा-निराशा प्रेम-घृणा, स्नेह-करुणा, सुख-दुःख, हासो-रोदन मात्र अभिव्यक्त भएका हुँदैनन् । जसमा लोकको चालचलन, विधि-व्यवहार, आस्था र मान्यताको सजीव चित्र पनि प्रस्तुत भएको हुन्छ । लोक जीवनका यस्ता सुन्दर र अलौकिक चित्रलाई सुमधुर लय, भाका र कलाका माध्यमबाट जनमानसको हृदयमा प्रतिबिम्बित गर्न क्रियाशील वाङ्मयसेवी स्रष्टा साधकको प्रतिभा र साधनाको मूल्याङ्कन हुनु आवश्यक हुन्छ । यसैक्रममा साहित्यिक यात्रामा लागेर विभिन्न विधामा कलम चलाउने स्रष्टामध्येका एक सिर्जनशील रामजी घिमिरे पनि हुन् । उनले गीत, गजल, कविता, निबन्धलगायतका क्षेत्रमा कलम चलाउँदै आएर आफ्नो विशिष्ट पहिचान बनाएका छन् ।

बाल्यकालमा गाउँमा सारङ्गी बजाउने गन्धर्वको गायनबाट प्रभावित भएर गीत लेखनमा लागेका घिमिरेको २०५६ सालमा पहिलो राष्ट्रिय गीत ‘मेची रोयो-काली रोयो’ रेकर्ड भएको पाइन्छ । त्यसका साथसाथै, २०६० सालमा नेपाली आधुनिक गीति एल्बम ‘रसना भाग-१’ प्रकाशन गरेको पाइन्छ । २०६० सालको दशकपछि गीति यात्रा र साहित्यिक यात्रा क्रियाशीलताका साथ अगाडि बढाउन थालेका घिमिरेका नेपाली गीति एल्बम ‘रसना भाग-२’ (२०६१), नेपाली गीति एल्बम ‘रसना भाग-३’ (२०६२), ‘हरायौ तिमी विरानो देशमा’ (गीत सङ्ग्रह-२०७१) ‘रामजी घिमिरेका १०१ गजल’ (गजल सङ्ग्रह-२०७१), ‘आयौ फेरि सपनीमा’ (गीत सङ्ग्रह-२०७४), नेपाली गीति एल्बम ‘तिर्सना’ (२०७३), अ गुर्खाज डायरी स्टोरिज अफ द कन्फिलिक्ट जोन (२०७४) संस्मरणात्मक निबन्धलगायतका काव्यकृति प्रकाशित छन् ।

विभिन्न समयमा विविध कृति प्रकाशन गर्दै आएका घिमिरेको ‘रामजी घिमिरेका १०१ गजल’ कृति अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज बेलायतबाट उत्कृष्ट वर्ष पुस्तकका रूपमा पुरस्कृतसमेत भएको छ । नेपाली सेनाको सेनानी पदबाट सेवा निवृत्त घिमिरे

साहित्यका अलवा विभिन्न समसामयिक लेख, रचना प्रकाशन गरेर आफ्नो रुचि, इच्छा र क्षमतानुसार योगदान दिएका छन् । घिमिरे नेपाली र अङ्ग्रेजी दुवै भाषामा दक्ष छन् । दुवै भाषामा साहित्य लेख्ने उनले झण्डै डेढ दशकदेखि द राईजिङ नेपाल अङ्ग्रेजी दैनिक पत्रिकामा नियमित समसामयिक आर्थिक, राजनैतिक, सामाजिक, सांस्कृतिक र साहित्यिक विषयमा स्तम्भ लेखन चलाउँदै आएका छन् । उनै स्रष्टाका साहित्यिक साधनाको बारेमा प्रस्तुत शोधपत्रमा अध्ययन तथा विश्लेषण गर्ने कार्य गरिएको छ ।

### १.२ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'रामजी घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' रहेको छ ।

### १.३ शोधको प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह नेपाली विषयको द्वितीय वर्षको दसौँ पत्र (५१०-१) को प्रयोजनका लागि प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

### १.४ शोधपत्रको समस्या कथन

नेपाली वाङ्मयको क्षेत्रमा रामजी घिमिरे पाँच दशकदेखि सिर्जनशील साधक हुन् । उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकको शोधपत्र निम्नानुसारका समस्यामा केन्द्रित रहेको छ :

क) रामजी घिमिरेको जीवनी र व्यक्तित्व के कस्तो छ ?

ख) रामजी घिमिरेका लेखनका विधा के कस्ता रहेका छन् ?

ग) रामजी घिमिरेका शील्पगत प्रवृत्ति के-कस्ता छन् ?

### १.५ शोधपत्रको उद्देश्य कथन

प्रस्तुत शोधपत्रको मुख्य उद्देश्य नेपाली वाङ्मयको क्षेत्रमा क्रियाशील साधक रामजी घिमिरेको व्यक्तित्व र कृतित्वबारे अध्ययन गरी उनको योगदानको चर्चा गर्नु रहेको छ । शोधपत्रको उद्देश्यलाई निम्न लिखित बुँदाका आधारमा पूर्णता दिइएको छ :

क) रामजी घिमिरेको जीवनी र व्यक्तित्वको चिनारी दिनु,

ख) रामजी घिमिरेका प्रकाशित कृतिको अध्ययन र विश्लेषण गर्नु,

ग) रामजी घिमिरेका शिल्पगत प्रवृत्तिको निरूपण गर्नु ।

## १.५ पूर्वकार्यको विवरण

रामजी घिमिरे (२०१५) नेपाली साहित्यमा निरन्तर साधनारत छन् । यिनले साहित्यका विविध विधामा कलम चलाए तापनि गजल र गीत विधामा घिमिरेको कलम सशक्त अगाडि बढेको छ । हालसम्म उनको व्यक्तित्व र कृतित्वका बारेमा खासै अनुसन्धान भएको पाइँदैन । उनका नेपाली गीति एल्बम 'रसना भाग १', 'रसना भाग २', 'रसना भाग ३', नेपाली गीति एल्बम 'तिर्सना', 'हरायौ तिमी बिरानो देशमा', 'रामजी घिमिरेका १०१ गजल', 'आयौ फेरि सपनीमा' गीत सङ्ग्रह, 'अ गुर्खाज डायरी' अङ्ग्रेजी निबन्धसङ्ग्रहलगायतका कृति, प्रकाशित भइसकेका छन् । यस्तै, उनको हालहालै 'ठेकी मदानी' (गजल सङ्ग्रह-२०७४) प्रकाशन भएको छ । यसरी साहित्य साधनामा क्रियाशील साधक घिमिरेका कृतिका सम्बन्धमा विभिन्न साहित्यकार एवम् समालोचकले राखेका दृष्टिकोणलाई निम्नानुसार प्रस्तुत गरिन्छ :-

घिमिरेका बारेमा गजलकार रवी प्राञ्जल भन्छन्, 'सफल गीतकारका रूपमा आफ्नो पहिचान बनाइसकेका रामजी घिमिरे गजलकार पनि हुनुहुन्छ । उनका गजलमा गीति चेतना प्रवल भएकाले गजलका शेरको अन्दाजे बयाँ (अभिव्यक्ति कौशल) माथि गीतको वजन भारी देखिनु स्वभाविक हो । उनका १०१ गजल भित्रका सबै गजल लयबद्ध छन् । स्वनिर्मित मात्रालय र परम्परित लोकजन्य लयमा बाँधिएका यी गजलका लयले पाठकलाई भित्रैदेखि गुनगुनाउन उत्प्रेरित गर्छन्' (घिमिरे, २०७१ : १०) ।

रामजी घिमिरेका गीतका बारेमा ललिजन रावल भन्छन्, 'गीतकार घिमिरेको 'हरायौ तिमी बिरानो देशमा' गीत-सङ्ग्रह सरसरती पढ्दा गीतकारभित्र प्रशस्त गीति चेतना र तीव्र संवेदनशीलता पाइन्छ । आफ्नो देशप्रति गीतकार सारै चिन्तित देखिन्छन् । वास्तवमा स्रष्टा एक अर्थमा ऐतिहासिक दस्तावेज प्रस्तुत गर्ने इतिहासकार पनि हो । स्रष्टाले भोगेको काल र समय उसका रचनामा अभिव्यक्त हुने हुनाले लेखकीय इमान्दारीसहित सिर्जना प्रस्तुत हुनुपर्दछन् नै यस दिशातर्फ गीतकार घिमिरे उन्मुख देखिन्छन् । यस्तै, मानिसको जीवनमा प्रेमले पार्ने प्रभाव र त्यसपछिका परिणतिलाई घिमिरेका अधिकांश गीतमा देख्न सकिन्छ ।

प्रेम-प्रणयका भावलाई कलात्मक रूपमा अभिव्यक्त गर्न पनि गीतकार घिमिरे सफल देखिएका छन्' (घिमिरे, २०७१ : च) ।

यस्तै, रामजी घिमिरेको गीतियात्राका सन्दर्भमा प्रा.डा. कृष्णहरि बराल भन्छन्, 'कुरो के हो भने अफगानिस्तानमा काम गरिरहेका रामजी घिमिरेको 'आयौ फेरि सपनीमा' गीत सङ्ग्रहभित्रका गीतमा रामजीले प्रेमलाई कथ्य विषय बनाएका छन् । उनले प्रस्तुत गरेको प्रेम निकै लोभलाग्दो पनि छ । हिजोआज प्रेममा विकृति प्रशस्त आइरहेको छ भन्ने हल्ला बजारमा चलिरहेको वेला उनले भने कतिपय गीतमा प्रेमको आदर्श रूप प्रकट गरेका छन् । शारीरिक तृप्तिको होइन, आध्यात्मिक प्रेमको पक्षमा छन् (घिमिरे, २०७३ : ङ) ।

रामजी घिमिरेको व्यक्तित्वका बारेमा संस्कृतिकर्मी चेतन कार्की भन्छन्, 'रामजी घिमिरेका गीतमा कहीँ भावावेगलाई भाषाले थेग्न नसकेको अनुभव नहुने होइन तर अधिकांश गीतमा शब्दको सही चयन र तिनको सटीक प्रयोग भएको देखिन्छ । उपमा, प्रतीक र बिम्ब सन्तोषजनक ढंगले प्रयोग गरिएका छन् । गीत पढ्दा नेपालका स्वनामधन्य गीतकार र कनिष्ठतम् गीतकारका रचना कर्ण गुहरमा ध्वनित र प्रतिध्वनित हुन्छन् र हठात नै मनमा रामजी घिमिरेलाई धन्य भन्ने भाव मडारिन थाल्छन्' (घिमिरे, २०७३ : ज) ।

रामजी घिमिरेका बारेमा असफल गौतम भन्छन्, रामजी घिमिरे गीत र गजल विधामा क्रियाशील छन् गजल पनि गेय विधा भएकाले उनलाई गजलकार र गीतकार भनिरहन आवश्यक छैन, त्यसैले उनी गीतकार हुन् । अलङ्कार, बिम्ब र प्रतीकको प्रयोग उनका गीति सङ्ग्रहका मौलिक विशेषता हुन् । जीवनका सुख, दुःखका अनुभूतिको आत्मबोध गराउने प्रस्तुतिका साथै प्रकृतिको सुन्दर वर्णन र माया प्रीतिको सुन्दर अभिव्यक्तिले घिमिरेका गीत सशक्त बनेका छन् । आत्मलापीय, चित्रात्मक, प्रतीकात्मक, व्यञ्जनात्मक, व्यङ्ग्यात्मक, बिम्बात्मक, आलङ्कारिक संस्मरणात्मक आदि शैलीभित्र अधिकांश पद्य र आंशिक गद्य गीत रचना गर्नु उनका मूल विशेषताका रूपमा देखिन्छ (गौतम, २०७४ : ८३) ।

रामजी घिमिरेका गजलका बारेमा डा घनश्याम परिश्रमी भन्छन्, 'रामजी घिमिरेका १०१ गजल' नामक कृतिका माध्यमबाट गजलकारका रूपमा आफ्नो परिचय बनाइसकेका रामजी सिर्जनामा निकै रमाउने स्रष्टा हुन् भन्ने कुरालाई यिनको रचनाकारिताको लगावले प्रमाणित गर्दछ । वस्तुतः यस सङ्ग्रहअन्तर्गतका गजलहरूको अवलोकनबाट के स्पष्ट हुन्छ भने यिनमा जीवन र जगत्को अनुभूतिको व्यापकता छ । गजलकारले आफूले देखेका,

भोगेका, सुनेका, अनुभूति र कल्पना गरेका अनेक मनोभावलाई कथ्यका रूपमा चयन गरेर अधिकतर अभिधा र केहीमा लक्षणा र व्यञ्जनाशक्तिका सहाराले गजलका शेरमा प्रतिविम्बन गरेका छन् । यी गजलको अध्ययनबाट गजलकार रामजी आफ्ना अग्रज र समकालीन स्रष्टासँग अनुगामी भई सहयात्रा गरिरहेका देखिन्छन् (परिश्रमी, २०७४ : ९) ।

माथिका यी अभिव्यक्तिमा रामजी घिमिरे र उनका कृतित्वका विषयमा केही चर्चा भए पनि उनको व्यक्तित्व र कृतित्वलाई समग्र रूपमा समेटने काम हुन सकेको छैन । यस शोधले उनको व्यक्तित्व र कृतित्वलाई समेटेको छ ।

## १.६ अध्ययनको औचित्य

नेपाली वाङ्मयको क्षेत्रमा रामजी घिमिरे परिचित नाम हो । उनले विभिन्न विधाका माध्यमबाट नेपाली जनजीवनका कथा व्यथा र संवेदना अभिव्यक्त गरी साहित्यिक आकाशमा योगदान दिँदै आएका छन् । पोखराको सिद्ध कास्कीमा जन्मेर नेपाली सेनाको ३१ वर्ष सेवा गरेर सेनानी पदबाट अवकाश प्राप्त घिमिरेले जागिरे जीवनपछिको फुर्सदको समय साहित्यको अभिवृद्धि गर्न क्रियाशील रहेका छन् तापनि हालसम्म घिमिरेको व्यक्तित्व र कृतित्वबारे कुनै क्षेत्रबाट अध्ययन वा विश्लेषण गर्ने कार्य हुन सकेको छैन । प्रस्तुत शोधपत्रमा घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन तथा समीक्षा गरिएकोले अध्ययनको औचित्य स्वतः पुष्टि हुन्छ ।

## १.७ क्षेत्र र सीमा

रामजी घिमिरे विगत पाँच दशकदेखि निरन्तर साधनारत छन् । उनका प्रकाशन भएका सम्पूर्ण काव्यकृतिको अध्ययन तथा विश्लेषण यस शोधको क्षेत्र नपरेकाले प्रस्तुत शोधपत्रमा गीति र गजल सङ्ग्रहको कृतिपरक अध्ययन गरिएको छ । यस्तै, शोधमा २०७३ सालसम्म प्रकाशन भएका उनका गीत तथा गजल कृतिको मात्र चर्चा गरिएको छ । यो नै यस शोधको क्षेत्र र सीमा रहेको छ ।

## १.८ अध्ययन विधि

प्रस्तुत शोधपत्र तयार पार्न रामजी घिमिरेका बारेमा लेखिएका, प्रकाशन भएका सामग्री पुस्तकालयीय विधिबाट सङ्कलन र अध्ययन गरिएको छ । उनका हालसम्म

प्रकाशित भएका सामग्रीको सङ्कलन र अध्ययन गरिएको छ । यस्तै, लेखक स्वयम्सँग र उनीसँग सम्बन्धित व्यक्तिसँग मौखिक तथा लिखित अन्तर्वार्ता लिइएको पनि छ । केही छलफलका माध्यमबाट प्राप्त सामग्री वा जानकारीका आधारमा पनि अध्ययन तथा विश्लेषण कार्य सम्पन्न गरिएको छ ।

## १.९ शोधको संरचना

प्रस्तुत शोधपत्रलाई व्यवस्थित गर्नका लागि निम्नानुसारको ढाँचामा अध्यायको निर्माण र विभाजन गरी शोधपत्र तयार पारिएको छ :

अध्याय एक : अध्ययन परिचय,

अध्याय दुई : रामजी घिमिरेको संक्षिप्त जीवनी,

अध्याय तीन : गीत तथा गजलको सैद्धान्तिक परिचय,

अध्याय चार : रामजी घिमिरेका काव्यकृतिको अध्ययन,

अध्याय पाँच : उपसंहार तथा निष्कर्ष ।

अध्याय : दुई

# रामजी घिमिरेको संक्षिप्त जीवनी

## २.१ रामजी घिमिरेको जन्म र बाल्यकाल

रामजी घिमिरेको जन्म माता भद्रकुमारी घिमिरे र पिता वसन्तराज घिमिरेको कोखबाट २०१२ साल असोज २२ गतेका दिन भएको हो । हालको रूपा गाउँपालिका वडा नं. ४, सिद्ध मूलपानीमा जन्मेका घिमिरेका पाँच दाजुभाइ र एक बहिनी छन् । मध्यमवर्गीय घिमिरे परिवारमा जन्मेका रामजी घिमिरे जेष्ठ सन्तान हुन् । बुबा वसन्तराज घिमिरे निम्नवर्गीय कृषक भएका हुनाले घिमिरेलाई सानै उमेरदेखि धेरै नै सङ्घर्ष गर्नु पऱ्यो । जसका कारण उनले घरधन्दा सँगसँगै आफ्नो पढाइलेखाइ कार्यलाई अघि बढाउन अभाव झेल्न परेको देखिन्छ ।

## २.२ रामजी घिमिरेको शिक्षादिक्षा

रामजी घिमिरेको आधारभूत शिक्षा श्री महेन्द्र प्राथमिक विद्यालयबाट शुरू भयो । त्यसपछिको शिक्षा उनले श्री विश्वशान्ति माध्यमिक विद्यालयबाट आर्जन गरे । उक्त विद्यालयबाट २०३२ सालमा एस.एल.सी. उत्तिण गरेपछि उनको उच्च शिक्षा धरानबाट शुरू भयो । महेन्द्र मल्टिपल क्याम्पस धरानबाट प्रमाणपत्र र स्नातक तह उनले २०३८ सालमा उत्तीर्ण गरे । स्नातकोत्तर अध्ययन चलिरहेको वेला उनी तत्कालीन शाही नेपाली सेनामा जागिरे भई राष्ट्रसेवा गरिरहेका र २०४१ सालमा अधिकृत क्याडेटमा छनौट भई २०४१ सालमा सहायक सेनानी पदमा कमिशन प्राप्त भएपछि उनको उच्च जिम्मेवारीसहितको जागिरे जीवन शुरू भयो । सोही कारण उनले स्नातकोत्तर तहको अध्ययनलाई पूरा गर्न पाएनन् ।

सेनाको जागिरे भएपछि सेनाका स्कुल तथा कलेजमा सञ्चालन भएका सबै पेशागत तालिममा उनले उत्कृष्ट नतिजा हासिल गरेको पाइन्छ । स्वदेशमा सञ्चालन भएका तालिममा उत्कृष्ट नतिजा प्राप्त गरेकाले उनलाई मित्रराष्ट्र भारतका धेरै सैनिक कलेजमा सैनिक पेशागत तालिममा सरिक हुन पठाइएको थियो । फलस्वरूप उनले सबै तालिममा उत्कृष्ट नतिजा हासिल गरेको जानकारी शोधनायकबाट प्राप्त हुन आएको छ ।

## २.३ पारिवारिक पृष्ठभूमि

रामजी घिमिरे घरका जेठा सन्तान भएकाले उनमा धेरै जिम्मेवारी थियो । एकातर्फ घर परिवारको रेखदेख गर्नुपर्ने, अर्कोतर्फ आफ्नो व्यक्तिगत जीवनको योजना पूरा गर्नुपर्ने सोही कारण उनले अध्ययनकै क्रममा वैवाहिक जीवनमा प्रवेश गर्नुपऱ्यो । उनको विवाह २०३५ सालमा हिन्दू संस्कार अनुसार सिद्ध-७ की घनबहादुर विमलीकी साइली छोरी सीता विमलीसँग हुन पुग्यो । उनका हाल दुई छोरा र एक छोरी गरी तीन सन्तान रहेका छन । ज्येष्ठ सन्तानको रूपमा छोरी रसना घिमिरेको जन्म भयो । सरना पछि उनका दुई सन्तान छोरा रजन घिमिरे र रवीन्द्र घिमिरेको जन्म हुन पुग्यो । हाल जेठा छोरा दुबइमा कार्यरत रहेका छन् । छोरी रशना घिमिरे र कान्छा छोरा रवीन्द्र घिमिरे अष्ट्रेलियामा बसोबास गर्दै आएका छन ।

## २.४ रुचि र साहित्य लेखन

बाल्यकालदेखि एकान्तप्रेमी, अध्ययनशील, इमान्दार रामजी घिमिरे विद्यालय तहदेखि नै कविता तथा लेख रचना लेखन कार्यमा संलग्न रही आएका छन् । सानै उमेरदेखि अध्ययनमा लगाव भएका घिमिरे सादा जीवन उच्च विचार बोकेका व्यक्ति हुन् । साहित्य सिर्जना गर्नु, स्वदेशी विदेशी साहित्यकारका कृति अध्ययन गर्नु, साहित्यका बारेमा साहित्यकारसँग चर्चा परिचर्चा गर्नु उनका रुचिका विषय हुन् । साहित्यकारको तनमन सफा हुनुपर्छ भन्ने सोचाइ राख्ने उनले नेपाली साहित्यकार र विदेशी साहित्यकारका साहित्यिक रचना अध्ययन गर्न मन पराउने कुरा बताउँछन् । ग्रामीण परिवेशका सुख दुःख समेट्दै साहित्य सिर्जना गर्नु, नाचगान गर्नु, सांस्कृतिक क्रियाकलापमा सहभागी हुनु घिमिरेको अत्यन्त चाखका विषय हुन् । यसैले गर्दा साहित्य, कला र सङ्गीतमा घिमिरेको गहिरो झुकाव र अध्ययनसमेत थियो ।

सानै उमेरदेखि साहित्यिक वातावरणमा घुलमिल भएका घिमिरे बाल्यकालमै त्यही गाउँको रोदीघरमा बज्ने मादलको तालसँगै झ्याउरे गीत गाएँ, सोरठी र गाइने दाइको सारङ्गीमा रमाएँ । अझ त्यही गाउँबाट सधैं मुस्कुराएको देखिने माछापुच्छ्रे र अन्नपूर्णसँगै बाँच्न र हास्न सिकैं । मादी र सेती नदीको सम्झनाले अझै पनि उनको मन उद्वेलित बनाउछ । राष्ट्रकवि माधवप्रसाद घिमिरेबाट प्रभावित उनी स्वदेशी तथा विदेशी भूमिमा जहाँ कार्यरत रहेको अवस्था भए पनि विगतका झझल्काले बारम्बार सताउँदा बहकिएका मनका

भावनालाई समेटदै जाँदा उनका धेरै गीत, गजल र कविता बन्न पुगे । उनले सिर्जना गरेका धेरै गीत, गजल र कविता त्यही परिवेशका उपज भएको कुरा उनी बताउँछन ।

## २.५ राष्ट्रसेवामा रामजी घिमिरे

बाबुको मुख्य पेशा व्यवसाय कृषि रहेका कारण रामजी घिमिरे पनि कुनै पेशा व्यवसायमा संलग्न भएको पाइँदैन । पछिल्लो समय भने रोजगारीको सिलसिलामा उनका सबै दाजुभाइ नेपाली र भारतीय सेनामा कार्यरत भएको पाइन्छ । जसअन्तर्गत रामजी घिमिरे २०३१ सालमा नेपाली सेनामा सिपाही पदमा भर्ना भई सेनानी (मेजर) पदसम्म पुग्न सफल भएको देखिन्छ । सेनामा रहँदा घिमिरे सन् १९७८ मा शान्तिसेनाको रूपमा लेवनानमा गएर सेवा गर्ने अवसर पाए । त्यो वेलाको शाही नेपाली सेनाको गोरखबहादुर गण युनिफिल पहिलो दफामा (UNIFIL 1ST) मा काम गरे । त्यसबखत दक्षिण लेवनानको सीमावर्ती क्षेत्रमा प्यालेस्टाइन र ईजरायल बीच ठूलो युद्ध भइरहेको थियो । तत्कालीन श्री ५ वडामहाराजधिराज वीरेन्द्र वीर विक्रम शाह देव स्वयम् उपस्थित भई हिमालय ब्यारेक छाउनीबाट उनी सहभागी भएको पल्टनलाई बिदाई गरिएको थियो । उनको पल्टनले शान्ति स्थापना कार्यमा त्यसबखत धेरै पटक प्रशंसनीय काम गरेको कुरा मेजर घिमिरे बताउछन् ।

मेजर घिमिरे १९९१ सालमा फेरि शान्तिसेनाको एक्काइसौं दफा नयाँ गोरखबहादुर गण शाही नेपाली सेनाको (UNIFIL 21th) दफामा समावेश भई काम गरे । यसैक्रममा उनी सन् १९९४ बाट १९९६ सम्म UNIPROFOR मिशन पूर्वयुगोस्लाभियामा शान्ति स्थापना कार्यमा खट्टिएको पाइन्छ । सो वेलामा उनी मिशन हेटक्वाटरको अपरेशन विभागको स्टाफ थिए । जुन समय संयुक्त राष्ट्रसंघका पूर्व महासचिव कोफी आनान र हालका महासचिव वान्की मुनसँगसमेत काम गरेको अनुभव उनीसँग छ । त्यो मात्र होइन, जुन समय सन् १९९५ मे २ तारिखदेखि क्रोशियनले सर्वियनमाथि ठूलो आक्रमण गरेरहेको थियो । त्यसवेला मेजर घिमिरे क्रोसीयन फौज र सर्वीयन लडाकुबीच युद्धमा भएको मानवीय क्षतीबारे अनुसन्धान गर्न विभिन्न लडाइँ भइरहेका स्थानमा खट्टिएर राष्ट्रसेवकका रूपमा काम गरेको अनुभव उनीसँग छ ।

मेजर घिमिरे सन् १९९८ बाट २००१ सम्म कोशीटप्पु वन्यजन्तु आरक्षणको सुरक्षार्थ गुल्मपतिको कार्यभार समाल्दा निकै सह्रानीय कार्य गरेको देखिन्छ । त्यसबखत कोशीबाँध फुटी धेरै जनधनको नोक्सान भएको थियो । उनको कमाण्डमा रहेको गोरखबक्स गुल्मले

मानविय उद्धार कार्यमा दिनरात नभनेर दत्तचित्त भएर काम गरेको सन्दर्भ सुनाउछन् उनी । त्यो कोशीबाँधको विपत्त मात्रै होइन उनीसँग राष्ट्रसेवाका धेरै किस्सा छन् । यस्तै, सन् २००४ सालमा उनी फेरि कङ्गोको शान्ति सेना MONUC मिशन कङ्गोमा तैनाथ हुनुपरेको थियो । त्यसबखत मेजर घिमिरेले सहायक गणपति (Deputy Battalion Commander) को अभिभारा सम्हालेका थिए । सो वेलामा पनि नेपाली सेनाले करिब एक सय ५० जना FAPC Militias लडाकुको जत्थालाई ४८ घण्टासम्म घेरबन्दी गरी हातहतियार बिसाउन बाध्य बनाएको कुरा उनी गर्वका साथ बताउछन् ।

नेपालीमा सेनामा ३१ वर्ष सेवा पूरा गरी सेनानी घिमिरेले २००५ सालमा स्वेच्छिक अवकास लिई संयुक्त राष्ट्रसंघीय हाईटी मिशनमा भोलिन्टियरको रूपमा ६ महिना काम गरेको देखिन्छ । यस्तै, सन् २००६ बाट २०१६ डिसम्वरसम्म संयुक्तराज्य अमेरिकाको अफगानिस्तानस्थित विदेशी डिप्लोम्याटिक मिशनमा सुरक्षा निकायको प्रमुखका रूपमा करिब १२ वर्ष सेवा गरी त्यसबाट पनि उनले स्वेच्छिक अवकास लिइसकेका छन् ।

यसरी स्वदेश तथा विदेशी नियोगमा गरी करिब ४३ वर्ष राष्ट्रसेवा गरिसकेका घिमिरे हाल पूर्णरूपमा अवकास लिई नेपाली तथा अङ्ग्रेजी साहित्य लेखनमा क्रियाशील रहँदै आएका छन् । उनको जीवन कहानीलाई सुन्दै जाँदा उनलाई एक जिउँदो भेट्रान सिपाहीका रूपमा पाउन सकिन्छ । उनका दुःख सुखका कहानी सुन्दा आम राष्ट्रप्रेमी नेपालीका आँखा सराउन सक्छन् । तिनै अनुभवलाई समावेश गरेर उनले 'गोर्खाज डायरी स्टोरिज अफ द कन्फिक्ट जोन' शीर्षकको अङ्ग्रेजी संस्मरणात्मक निबन्ध कृति प्रकाशन गरेका छन् ।

## २.६ साहित्य क्षेत्रमा रामजी घिमिरे

रामजी घिमिरे बहुआयामिक व्यक्तित्व हुन् । पेशाले नेपाली सेनाको सेनानी (मेजर) पदबाट अवकास लिएका उनी एक राष्ट्रसेवक कर्मचारी हुन् । घिमिरेलाई जन्मथलो मूलपानी गाउँका वासिन्दाले सेनानीभन्दा साहित्यकारका रूपमा बढी चिन्छन् । साहित्यकार घिमिरेले उनी हुर्केको, खेलेको र बढेको मूलपानी गाउँका खोला-नाला, उकाली-ओराली, भञ्ज्याङ-चौतारीमा लडिबुढी खेल्दै आफ्नो बाल्यकाल बिताएको सन्दर्भलाई लिएर अहिले साहित्य साधना गरिरहेका छन् ।

रामजी घिमिरेले बाल्यकालदेखि नेपाली साहित्यमा रुचि राख्ने स्रष्टा हुन् । उनी प्रायः गीत तथा कविता लेखनमा धेरै रमाउँथे । स्कुले जीवनमा धेरै गीत तथा कविता लेखेर साथीभाइलाई सुनाएको कुरा अझै उनको मानसपटलबाट हटेको छैन । समय बित्दै जाँदा उनको सिर्जनाशीलताले पनि गति लिन थाल्यो । यसै क्रममा उनले धेरै गीत गजल लेखे । ती गीत, गजल तथा कविता नेपालका विभिन्न स्थानीय र राष्ट्रियस्तरका पत्रिकामा प्रकाशन हुँदै आए । २०५६ सालमा उनको पहिलो राष्ट्रिय गीत 'मेची रोयो-काली रोयो' गीत रेकर्ड भयो । त्यसपछि फुटकर रूपमा उनका गीत रेकर्ड हुँदै रेडियोबाट प्रसारण हुँदै जान थाले ।

फुटकर रचना प्रकाशन भइरहेको वेला उनलाई साथीभाइको सल्लाह र आफ्ना कापीका पानामा यत्रतत्र छरिएका रचनालाई एकीकृत बनाउने सोच आएपछि उनले कृति प्रकाशन गर्न थाले । फलस्वरूप उनले 'रसना' भाग १, २ र ३ साथै 'तिर्सना' गरी चार ओटा आधुनिक गीतका एल्बम बजारमा आएका छन । त्यसका साथसाथै दुई गीत सङ्ग्रह 'हरायौ तिमी बिरानो देशमा', र 'आयौ फेरि सपनीमा' प्रकाशन गरे । एउटा गजल सङ्ग्रह 'रामजी घिमिरेका १०१ गजलहरू' र 'ठेकी र मदानी' गजल सङ्ग्रह २०७४ सालमा प्रकाशित भएको छ । उनका गीत तथा गजलमा प्रायः देशको वर्तमान पीडा, गाउँघर, भीरपहरा, पाखापखेरा, खोलानाला अनि झरनाका सुस्केरा र आफ्नी प्रियसीप्रतिको भावना पोखिएको पाइन्छ । यसैगरी, साहित्यकार घिमिरे अङ्ग्रेजी भाषाको द राईजिङ नेपाल दैनिक पत्रिकाका नियमित स्तम्भकार हुन् ।

उनले अङ्ग्रेजी भाषामा विषेशः कन्फिक्टजोनका घटनालाई केलाई विश्लेषणात्मक लेखहरू नियमित रूपमा करिव १५ वर्षदेखि नियमित लेख्दै र प्रकाशन गर्दै आएका छन् । हालसालै उनको 'गोर्खाज डायरी स्टोरिज अफ द कन्फिक्ट जोन' नामक संस्मरणात्मक निबन्धको पुस्तक बजारमा आएको छ । यस पुस्तकमा घिमिरेले विशेष गरी आंफ्नो सिपाहीदेखि सेनानी हुँदासम्मका नेपालदेखि विश्वसम्मका मिसनमा बिताएका दिनको स्मरण गर्दै त्यहाँ देखेका र भोगेका वास्तविकतालाई चित्रण गरेका छन् । जुन कृतिमा स्वदेश र विदेशमा घटेका सत्य र वास्तविक घटनाको अध्ययन गर्न पाइन्छ । जहाँ प्रायः लडाइका कथा समावेश छन् ।

## २.७ सम्मान तथा पुरस्कार

साहित्यकार घिमिरे काम गर्ने तर फलको आशा नगर्ने स्रष्टा हुन् । उनी कहिल्यै सम्मान र पुरस्कारको पछि लागेनन् । नलाग्दा नलाग्दै पनि अन्तर्राष्ट्रिय क्षेत्रमा काम गर्दा धेरै प्रसंशनीय कदर-पत्र उनले पाएका छन । नेपाल सरकारबाट दीर्घकालीन सेवा पदक, विदेश सेवा पदक प्राप्त गरेका छन् । यसैगरी, संयुक्त राष्ट्रसंघमा कार्यरत रहँदा विशेष महत्त्वका साथ हेरिने र उच्च स्थान लिने विभिन्न पदक प्राप्त गरेका छन् ।

जसअन्तर्गत उनले UNIFIL UNPROFOR, MONUC र MINUSTAH पदक तथा विभूषण प्राप्त गरेका छन् । यस्तै, संयुक्त राज्य अमेरिकाका विदेशी नियोगबाट उनले दर्जनौं प्रशंसा-पत्र प्राप्त गरेका छन् । साहित्य सेवातर्फ उनले 'रामजी घिमिरेका १०१ गजलहरू' कृतिका लागि २०० डलरको अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज बेलायतबाट अनेसास गीता खत्री उत्कृष्ट गजल पुरस्कार-२०७४ प्राप्त गरेका छन् ।

## २.८ भ्रमण तथा साहित्यिक सहभागिता

साहित्यकार रामजी घिमिरे लेखनका साथसाथै साहित्यिक अवलोकन भ्रमणमा रुचि राख्ने स्रष्टा हुन् । उनले जागिरका सिलसिलामा विभिन्न राष्ट्र र जागिरपछि स्वेच्छिक रूपमा साहित्यिक अवलोकन भ्रमणका लागि विभिन्न राष्ट्रमा भएका साहित्य सम्मेलनमा सहभागी हुँदै आएका छन् । जसअन्तर्गत उनले हालसम्म भारत, हङकङ, थाइलैण्ड, मलेसिया, अमेरिकालगायतका राष्ट्रको भ्रमण गरेका छन् ।

यसैगरी, युरोपका केही राष्ट्र क्रोसिया, सर्विया, जर्मनी, फ्रान्स, इटाली, हंगेरी, बेलायतको भ्रमण गर्ने अवसर उनले प्राप्त गरेका छन् । यस्तै, अफ्रिकन मुलुक कंगो, युगण्डा र केन्निया साथै, कतार, दुवइ, अफगानिस्तान र अष्ट्रेलियालगायतका राष्ट्रको अध्ययन, अवलोकन भ्रमण गरेका छन् । हालसालै अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन अष्ट्रेलियाको पर्थमा सहभागी भएर अष्ट्रेलियामा नेपाली साहित्यको अवस्थाका बारेमा अध्ययन अवलोकन गरेका छन् ।

यसरी, कास्कीको चिसापानीमा सामान्य किसानी परिवारमा जन्मेका रामजी घिमिरे राष्ट्रसेवक कर्मचारीका रूपमा रहेर स्वदेशको स्वाभिमानलाई उचो राख्न जसरी क्रियाशील रहे त्यसै गरेर साहित्य सेवाका क्षेत्रमा पनि क्रियाशील रहदै आएको पाइन्छ ।

अध्याय : तीन

# गीत तथा गजलको सैद्धान्तिक परिचय

## ३.१ गीत परिचय र परिभाषा

गीत लोकप्रिय र ज्यादै पुरानो विधा हो । विगतमा जसरी चल्यो आज पनि त्यसैगरी चल्दै छ । गीतमा मानिसलाई आकर्षित गर्ने सम्मोहन शक्ति हुन्छ । यसको प्रमुख कारण सहज र सरल भाषाका माध्यमद्वारा अभिव्यक्त हुने विषयवस्तुको भावपूर्ण प्रस्तुति हो । वास्तवमा भन्ने हो भने, भावको तीव्र प्रक्षेपणका दृष्टिले गीतलाई उछिन्ने अर्को साहित्यिक विधा छैन । आज गीत सबैको मन मुटुमा भ्रुण्डिन सफल भएको छ किनकि गीतमा अभिव्यक्त शब्द र भावलाई सबैले बुझ्न सक्छन् । मौखिक परम्पराबाट शुरू भएको गीत लिखित परम्परामा पनि उत्तिकै लोकप्रिय छ । पश्चिममा दुःखान्त तथा सुखान्त नाटकको उत्पत्ति गीत तथा नृत्यकै गर्भबाट भएको हो । गीत कविता यात्राको पनि सहयोगी र सहयात्री माध्यम हो भन्न सकिन्छ । प्रारम्भिक समयका कवि र गायक एउटै व्यक्ति हुन्थे । विश्वका धेरैजसो कविता गाउनकै लागि लेखिन्थे ।

संस्कृत साहित्यको अत्यन्त प्राचीन कृति मानिने ई.पू. १५०० तिरको ऋग्वेद पनि गीतको सहयोगले मौखिक परम्पराबाट हुर्केको मानिन्छ । सामवेदलाई झन् सङ्गीतको भण्डार मानिन्छ । वैदिक कालपछिको मानिने बौद्ध साहित्यको थेरी गाथामा पनि गीति गुण पाइन्छ भन्ने सन्दर्भ विभिन्न अध्ययनका क्रममा पाउन सकिन्छ । पश्चिमेली मुलुकमा लेख्य गीतको नमूना आजभन्दा लगभग ४६०० वर्ष अघि फेला परेको छ । ई.पू. २६०० तिर इजिप्टमा प्रचलित मान्छे मर्दा गाइने शोकगीत, राजाको प्रशंसा गर्न लेखिएका स्तुति गीत, भक्तिगीत आदिलाई गीतको प्राचीनतम नमूना मान्ने गरिन्छ । गीतले प्राचीनतम समयदेखि नै आफ्नो अस्तित्व राख्दै अन्य साहित्यिक विधालाई हुर्काउने कार्यमा सहयोग गरे पनि यसलाई स्वतन्त्र अस्तित्व प्रदान गरेर व्याख्या र विश्लेषण गर्ने काम भने प्रारम्भिक चरणमा कसैले गरेको पाइँदैन ।

गीत तत्सम शब्द हो । यो शब्द 'गै' धातुमा 'त' ('क्त') प्रत्यय लागेर बनेको गीत शब्द छ (लुइटेल, २०६७ : १) । यसले गाइएको कुनै रचना विशेषलाई सङ्केत गर्छ । अङ्ग्रेजीमा गीतलाई बुझाउन 'सङ' (Song) तथा 'लिरिक' (Lyric) अनि 'लिरिक्स' शब्दहरू

प्रयोग गरिन्छन् । 'सङ' शब्दले सामान्यतया गाइएको कुनै रचना विशेषलाई बुझाउने गर्छ । तापनि गाउने उद्देश्यले लेखिएका रचनालाई पनि यस अर्थमा लिइएको पाइन्छ । गीत वाद्ययन्त्रसहित वा वाद्ययन्त्रबाहेक एक्लै वा सामूहिक रूपमा पनि गाइने रचना विशेष हो । गीतलाई परिभाषित गर्ने काम निकै पछाडि मात्र भएको पाइन्छ । पन्ध्रौँ-सोह्रौँ शताब्दीदेखि मात्र युरोपमा गीतका नयाँ दृष्टिकोणको थालनी प्रारम्भ भयो ।

गीतमा शब्द संयोजन सिद्धान्तको प्रारम्भ सोह्रौँ शताब्दीदेखि नै भएको मानिन्छ । यसै शताब्दीमा नै इटालीका ह्युगो रेम्यान (Hugo Riemann) ले गीतको परिभाषा दिने प्रयास गरेको देखिन्छ । गीतलाई चिनाउने सन्दर्भमा केही विद्वान्ले दिएका परिभाषा यहाँ प्रस्तुत गरिन्छ :

गाउनका लागि रचना गरिएको छन्दमा रचित कविता विशेषलाई गीत भनिन्छ ।

-जोसेप्ट टी सिपाली (Joseph T. Shipley)

सङ्गीतसँग स्वरको सामञ्जस्य भएको वा गरिने शब्दको लयबद्ध अभिव्यक्तिलाई गीत भनिन्छ ।

-इन्साइक्लोपेडिया अमेरिकन (Encyclopedia Americana)

वाद्ययन्त्रको सहयोग लिएर वा नलिई एकल वा सामूहिक रूपमा गाउनका लागि सिर्जित विषयगत विचार र अनुभूतिको अभिव्यक्ति गर्ने निश्चित ढाँचाका कविताको एउटा प्रकारलाई गीत भनिन्छ ।

-द इन्साइक्लोपेडिया ब्रिटानिका (The Encyclopedia Britanica)

जीवन भोगाइका क्रममा प्राप्त भाव वा अनुभूतिको कलात्मक, संवेगात्मक र गेयात्मक प्रस्तुति नै गीत हो । - डा.मोहनहिमांशु थापा

एउटै वक्ताको भाव तथा मनस्थिति सरलताका साथ अभिव्यक्त भएको अनुभूति प्रधान त्यस्तो अआख्यानात्मक तथा अनाटकीय आत्मपरक रचनालाई गीत भनिन्छ ।

- डा. कृष्णहरि बराल

माथिका परिभाषाका आधारमा गीत भनेको लय तथा सङगीत व्यवस्थामा आवद्ध सङ्क्षिप्त तथा आत्मपरक रचना हो भन्न सकिन्छ । यहाँ सङ्क्षिप्त रूपमा नेपाली गीतको विकासक्रमको चर्चा गर्नुका साथै गीतकार रामजी घिमिरेका गीति सङ्ग्रह र गीति एल्बममा सङ्गृहीत गीतको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ३.२ गजलको परिचय र परिभाषा

गजललाई कतिपयले छुट्टै र स्वतन्त्र विधा भन्ने गरेको पाइए पनि यो छुट्टै र स्वतन्त्र विधा नभएर कविताको एउटा उपविधा हो (लुइटेल, २०६७ : ७२) । अरबी भाषाको स्त्रीलिङ्गी शब्द गजलको शाब्दिक अर्थ प्रेमिकासँग वार्तालाप भन्ने हुन्छ । यसको केन्द्रीय वा मूल विषयवस्तु प्रेम हो । अरबी साहित्यमा प्रेमभावको प्रकटीकरण गजलका नाममा नभई छोटो प्रेमगीतका नामबाट भएको देखिन्छ र त्यस्ता रचनामा पनि गजल झैँ प्रेम वा यौनसँग सम्बद्ध भावनाको प्रस्तुति पाइन्छ । कसैले कसिद बादसाहको प्रशंसामा लेखिएको रचनाको प्रारम्भिक तस्वीरबाट प्रभाव ग्रहण गरी गजल लेख्न थालिएको हो भन्ने गरेको पाइन्छ (लुइटेल, २०६७ : ७२) । गजल शब्द अरबी भए पनि अरबीमा गजल लेखिएको भेटिँदैन र यसको उद्भव वा लेखनको प्रारम्भ फारसीबाट भएको देखिन्छ । अरबीमा गजल नलेखिएको र फारसीमा प्रशस्तै लेखिएको हुँदा यही आधारमा गजललाई फारसी अरबी-फारसी शब्द भनिएकोमा त्यति धेरै आपत्ति गर्नुपर्ने स्थिति देखिँदैन । दसौं शताब्दीतिर इरानी कवि रौदकीले सर्वप्रथम फारसीमा गजल लेखनको प्रारम्भ गरेको मानिन्छ । यिनीपछि अरू थुप्रैले गजल लेखि त्यसलाई समृद्ध तुल्याउँदै गएपछि यो क्रमशः उर्दू, हिन्दी हुँदै नेपालीमा आइपुगेको हो । फारसी, हिन्दी, उर्दू, नेपाली आदि संसारका विभिन्न भाषामा गजल लेखिएको पाइन्छ । अहिले पछिल्लो समयमा नेपालीमा झन् फस्टाउँदो अवस्थामा रहेको छ । यसको विकास पाठ्य र श्रव्य दुवै अवस्थामा भइरहेको देखिन्छ । गजललाई स्वरसङ्गीतबद्ध गरी गीतकै ढाँचामा गाउने गरेको पनि पाइन्छ ।

गजलको व्युत्पत्ति र शाब्दिक अर्थमा मत भिन्नता भए झैँ यसका परिभाषामा पनि विविधता पाइन्छ । गजललाई परिभाषित गर्ने सन्दर्भमा विभिन्न पूर्वीय तथा पाश्चात्य विद्वान्ले आ-आफ्नै ढङ्गले परिभाषित गरेका छन् । गजलको परिभाषा दिने क्रममा डा. सरदार मुजावरले रदिफ, काफिया, मतला र मक्ताको सफल निर्वाह गरिएको रचनालाई गजल भनेका छन् । यसैगरी, डा. नरेशले काफिया र रदिफको बन्धनमा रहेर एकलय खण्डमा रचिएको विभिन्न शेरहरूको माला नै गजल हो भनेका छन् । यसैगरी, डा. रोहिताश्व अस्थानाले शिल्पका दृष्टिले पाँच, सात वा तीभन्दा बढी शेरहरूको समूहको नाम गजल हो भनेका छन् भने चानन गोविन्द पुरीले गजल उर्दू कविताको सशक्त र सर्वश्रेष्ठ रूप हो भनेका छन् । उर्दू-हिन्दी शब्दकोशका गजल पाँचदेखि एघार शेर हुने उर्दू र फरसी कविताको एक प्रकार हो भनेर उल्लेख गरिएको छ । बृहत् हिन्दी शब्दकोशमा प्रेम

विषयप्रधान फारसी उर्दूका मुक्तक काव्यको एक भेद गजल हो भनिएको छ भने इन्साइक्लोपेडिया ब्रिटानिकाका अनुसार अरबी साहित्यमा प्रचलित विशेषतः प्रेम विषयमा आधारित छोटो र मनोहरपूर्ण स्वरूप भएको प्रतीगात्मक कविताको प्रकार गजल हो ।

यसैगरी, नेपाली गजलको विकासक्रममा आधुनिक कालका गजलकार, समालोचक, अध्येताले विभिन्न तवरले गजललाई परिभाषित गरेका छन् । प्रा.डा. वासुदेव त्रिपाठीले कविताको सानो रूपलाई गजल भनेका छन् । ज्ञानुवाकर पौडेलले सुक्ष्म र तिख्खर अभिव्यक्ति रहेको अत्यन्त संवेदनशील र तीक्ष्ण विधा हो भनेका छन् । यसैगरी, मनु ब्राजाकीले प्रणय, कामना र आन्तरिक पीडाका हार्दिक भावको सन्तुलित अभिव्यक्ति गजल हो भनेका छन् । ललिजन रावलले कोमल र हार्दिक भावको सशक्त र संक्षिप्त अभिव्यक्ति हो भनेर गजललाई परिभाषित गरेका छन् । डा. घनश्याम परिश्रमीले गजल एउटा प्राविधिक र शास्त्रीय काव्य विधा हो भनेका छन् भने डा. कृष्णहरि बरालले भाव, कल्पना, बिम्ब, प्रतीक आदिको प्रयोगका साथै निश्चित क्रममा प्रयोग गरिने यस्तो काव्य रूपलाई गजल भनिन्छ जसमा एउटै छन्दका तीन वा तीन भन्दा बढी स्वतन्त्र शेरहरू हुन्छन् (न्यौपाने, २०६४ : ११) । यसरी माथिका परिभाषालाई हेर्दा गजल प्रेम र शृङ्गारमूलक रचना, फारसी उर्दूमा लेखिएका शृङ्गार रसका कविता, मुख्य विषय प्रेम हुने फारसी-उर्दूको मुक्तकाव्यको एउटा भेदका रूपमा लिन सकिन्छ । गजल नारीप्रेम अभिव्यञ्जित रचना, प्रेमिकासँग वार्तालाप गरिएको कविताको एउटा प्रकार हो । गजल प्रियतमासँग गरिने प्रेम वा जवानीका कुरा, छन्दोबद्ध ढाँचामा मतला, रदिफ, काफिया र मक्ताको सफल निर्वाह गरी लेखिएको रचना हो । गजलमा जीवनका जुनसुकै पक्षमा सिर्जित रचना आदि विभिन्न अर्थमा परिभाषित गरिएको पाइन्छ । यसरी गजललाई विभिन्नले विभिन्न ढङ्गबाट अर्थ्याए पनि सबैले गेय गुणले युक्त रचना मानेका छन् । गजलसम्बन्धी प्रस्तुत गरिएका विभिन्न अवधारणालाई अध्ययन गर्दा प्रेम, शृङ्गार वा अन्य विषयमा छोटो आयाममा सिर्जना गर्न सकिने शास्त्रीय परिपाटीबद्ध छन्दमा संरचित विशिष्ट संरचनालाई गजल भनिन्छ ।

## ३.३ गजलको स्वरूप तथा संरचना

गजलको व्यापकता सँगसँगै यसको स्वरूपसँग सामान्यतः धेरै स्रष्टा साधक परिचित भएको आँकलन गर्न सकिन्छ । गजल मूलतः प्रेम वा शृङ्गार विषयक रचना हो । तर गजल शृङ्गारेतर विषयमा सिर्जना गर्न सकिन्न भन्ने होइन । गजलको स्वरूप प्रायः छोटो

आयाममा रचिन्छ । गजल शास्त्रीय छन्द तथा स्वतन्त्र छन्दमा संरचित रचना हो ।. गजल विशिष्ट लयात्मक एवम् गेयात्मक हुन्छ भने गजल विशिष्ट भाषिक विधान र संरचना हो । गजलका बारेमा जसले जे भने तापनि एउटा पूर्ण गजल बन्नका लागि निश्चित एकाइको मेल हुन अनिवार्य हुन्छ त्यसैले पूर्ण गजलको संरचना निर्माणका लागि यसका विभिन्न एकाइको आवश्यकता रहेको हुन्छ । गजलको संरचनासँग सम्बद्ध एकाइलाई निम्नानुसार सारसङ्क्षेपमा उल्लेख गर्न सकिन्छ ।

### ३.३.१ शेर

अरबी भाषाको पुलिङ्गी शब्द शेरको शाब्दिक अर्थ कपाल वा स्वास्नी मान्छे भन्ने हुन्छ । फारसी भाषाको पुलिङ्गी शब्द शेरको शाब्दिक अर्थ भने बाघ अथवा सिंह भन्ने हुन्छ (लुइटेल, २०६७ : ७५) । यसैगरी गजलका सन्दर्भमा भने शेर एउटा अपरिहार्य उपकरण वा तत्त्व हो । वस्तुतः गजल भनेको नै शेरहरूको समष्टि रूप हो । गजल माला हो भने शेरहरू त्यसमा उनिएका विविध रङ्गी फूल हुन् (न्यौपाने, २०६४ : २९) । यसरी शेर शब्द अरबी र फरसी दुवै भाषामा पाइए पनि गजलका सन्दर्भमा यसको सम्बन्ध अरबी भाषासँगै रहेको मानिन्छ । एउटै बहरमा आबद्ध गजलका दुई पङ्क्तिको एक श्लोकलाई शेर भनिन्छ । दुईवटा मिसराको संयोजनबाट एउटा शेर बन्छ । विभिन्न शेरको संयोजनबाट गजलको संरचना निर्माण हुन्छ । गजलमा यति नै शेर हुनुपर्छ भन्ने कुनै निश्चित नियम छैन । गजलका सबै शेर एउटै विषयवस्तुमा केन्द्रित वा भिन्न-भिन्न विषयवस्तुमा केन्द्रित हुन सक्छन् । गजलका सबै शेरमा एउटै विषयवस्तुको प्रस्तुति भएमा त्यस्ता गजललाई मुसलसल गजल र शेरैपिच्छे फरक विषयवस्तुको प्रस्तुति भएमा त्यस्ता गजललाई गैरमुसलसल गजल भनिन्छ । शेरको विभाजन निम्नलिखित दुई प्रकारले गरिन्छ ।

अरबी भाषाको पुलिङ्गी शब्द मतला/मत्लाको शाब्दिक अर्थ उदय हुनु, शुरू हुनु वा निक्लनु भन्ने हुन्छ । गजलको पहिलो शेर आरम्भकलाई मलता भनिन्छ । यसलाई गजलको प्रतिनिधि वा परिचयात्मक शेर भनेको पनि पाइन्छ । मतलाका दुवै मिसरामा काफिया र रदिफको प्रयोग हुन्छ । यदि गैरमुरद्दफ गजल छ भने मक्तामा पनि रदिफ रहँदैन ।  यसैगरी, अरबी भाषाको मकता मक्ताको शाब्दिक अर्थ काटिएको वा सकिएको भन्ने हुन्छ । गजलको अन्तिम शेर समापकलाई मकता भनिन्छ । यसलाई निष्कर्षात्मक शेर भनेको पनि पाइन्छ । नेपालीमा मक्ताको पर्यायका रूपमा अन्तिम शेर शब्दको प्रयोग बढी भएको पाइन्छ ।

### ३.३.२ मिसरा

गजलका शेरको निर्माण गर्ने प्रत्येक हरफ वा पङ्क्तिलाई मिसरा भनिन्छ (लुइटेल, २०६७ : ७५) । दुईवटा मिसराको योगबाट एउटा शेरको निर्माण हुन्छ । प्रत्येक शेरको पहिलो मिसरा वा पङ्क्तिलाई मिसरा-ए-उला तथा अन्तिम मिसरा वा पङ्क्तिलाई मिसरा-ए-सानी भनिन्छ । गजलको मिसरा-ए-उलामा कुनै समस्याको प्रस्तुति गरिन्छ भने मिसरा-ए-सानीमा समाधान वा निष्कर्ष दिइन्छ ।

### ३.३.३ काफिया

अरबी भाषाको पुलिङ्गी शब्द काफियाको शाब्दिक अर्थ पुनः-पुनः वा बारम्बार, अनुप्रास, अन्त्यानुप्रास वा तुकबन्दी भन्ने हुन्छ यसर्थ गजलमा कुनै भाषिक एकाई बारम्बार पुनरावृत्ति हुनु नै काफिया हो । गजलमा तुकबन्दीयुक्त आनुप्रासिक शब्दलाई काफिया भनिन्छ । यसलाई अनुप्रास भन्न सकिन्छ । प्रत्येक शेरको रदिफभन्दा अगाडि आउने तुकान्त शब्द काफिया हो । काफियाले गजललाई लयात्मक तुल्याउन र संरचनागत विशिष्टता प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । अनुप्रयासयुक्त समान वा असमान अक्षरबाट निर्मित शब्द काफियाका रूपमा आउँछन् । यो गजल निर्माणको अनिवार्य अवयव हो । काफियालाई गजलरूपी शरीरको मुटुको रूपमा लिइन्छ । ाफिया मिल्दैमा सबै रचना गजल बन्न सक्दैनन् (न्यौपाने, २०६४ : ३३) । संरचनाका आधारमा काफिया चार किसिमका हुन्छन् । पूर्णशब्द काफिया, शब्दांश काफिया, एकाक्षरी काफिया र मिलित काफिया काफियाका प्रकार हुन् ।

### ३.३.४ रदिफ

अरबी एक वचनबोधक शब्द रदिफको शाब्दिक अर्थ पछि लाग्ने भन्ने हुन्छ । हरेक शेरमा काफियापछि लगातार दोहोरिने अक्षर, शब्द, शब्दसमूह वा वाक्यात्मक एकाइलाई रदिफ भनिन्छ । रदिफ प्रयोग भएका वा रदिफयुक्त रचनालाई मुरद्दफ तथा रदिफ प्रयोग नभएका वा रदिफविहीन रचनालाई गैरमुरद्दफ भनिन्छ (लुइटेल, २०६७ : ७६) । शब्द प्रयोगका आधारमा रदिफ एकल र बहुल गरी दुई प्रकारका हुन्छन् ।

### ३.३.५ तखल्लुस

तखल्लुस भनेको गजलकारको उपनाम हो । यो गजलको प्रायः अन्तिम शेरमा प्रयोग गरिए पनि कतिपय गजलमा बीचतिरसमेत प्रयोग गरेको पाइन्छ ।

### ३.३.६ बहर

बहर भनेको छन्द हो । बहर अरबी शब्द 'बह्र'बाट बनेको हो (न्यौपाने, २०६४ : ६०) । कुनै न कुनै छन्दमा बन्दित हुनु गजलको शास्त्रीय मान्यता हो । संस्कृत काव्यशास्त्रमा कविता सिर्जनाका निम्ति विभिन्न वार्णिक र मात्रिक छन्दको शास्त्रीय परिपाटीबद्ध नियम भए झैँ इस्लामिक काव्यशास्त्रमा पनि गजल सिर्जनाका निम्ति विभिन्न शास्त्रीय बहर छन्द रहेका छन् । यी दुइमा कतिपय मिल्दाजुल्दा देखिन्छन् । संस्कृत छन्दमा झैँ बहरमा पनि वर्ण, मात्रा, लय, गति, यतिमासमेत ध्यान दिइन्छ । बहरमा रुक्न गण र अर्कान गण समूह हुन्छन् । उर्दू-फारसी छन्दशास्त्रमा बहरको सङ्ख्या निश्चित देखिँदैन । गजलको संरचना निर्माण गर्ने उपर्युक्त एकाइलाई शास्त्रीय परिपाटीबद्ध नियमका रूपमा लिइन्छ । यिनै नियममा केन्द्रित भएर गजलको रचना गरिन्छ । कतिपयले गजलको संरचनामा आएका उपर्युक्त एकाइलाई गजलका तत्त्वका रूपमा चर्चा गरेको पाइन्छ । खासमा यी गजलका बाहिरी संरचनासँग सम्बद्ध शास्त्रीय नियम हुन् । गजलका खास संरचना लघु आयामका भए पनि यसको ढाँचालाई विस्तार गरेर कतिपयले बृहत् आयाममा प्रस्तुत गर्ने प्रयत्न गरेको पाइन्छ । खासमा गजल बृहत् आयामको नभएर आख्यान निरपेक्ष लघु आयामकै संरचना हो । गीत झैँ गजलमा पनि शीर्षक दिने र नदिने दुवै परिपाटी पाइए पनि धेरैजसो गजल शीर्षक विना नै लेखेको देखिन्छ ।

यसरी एउटा पूर्ण गजल हुनका लागि शेर, मिसरा, काफिया, रदिफ, तखुल्लस र बहरलगायतका संरचनाले एउटा पूर्ण गजल बन्दछन् । यसरी पूर्ण गजल बने तापनि यसका गीतका जस्तै विभिन्न संरचक घटक रहेका छन् । गीतका जस्तै गजलका पनि अवयव एउटै हुने भएकाले यहाँ उल्लेख गरिरहन आवश्यक नदेखिएकाले संक्षिप्त टिप्पणी मात्र गर्नु सान्दर्भिक देखिन्छ । माथिका तत्त्वले परिपूर्ण गजलका संरचनामै गजलको विषयवस्तु अर्थात गजलले भन्न खोजेको भाव, विचार वा घटना अभिव्यक्त भएको हुन्छ । यसैगरी, भाषाशैलीय विन्यास पनि मिलाइएको हुन्छ । भाषाशैलीय विन्यासमा भाषाशैली, चयन, अग्रभूमीकरण, प्रयुक्ति विविधता, बिम्ब, प्रतीक, लय, सङ्गीत, छन्द, अलङ्कार जस्ता अवयवको संयोजन भएको हुन्छ र एउटा पूर्ण गजल तयार हुन्छ ।

## ३.४ गीत तथा गजलका विशेषता

गीत छोटो आयामको अनुभूतिमय आख्याननिरपेक्ष, लयात्मक, गेयात्मक र सङ्गीतात्मक गुणले भरिएको पद्यबद्ध रचना हो (लुइटेल, २०६७ : ९) भावनात्मकता, विषयपरकता, सङ्गीतात्मकता, काल्पनिकता, वर्णनात्मकता, एकाग्रता आदिलाई गीतका विशेषता मानिदै आएको पाइन्छ । वास्तवमा गीत असीमित विषयवस्तुमा रचना गर्न सकिने सरल, आत्मनिष्ठ, विचारगत एकोन्मुख, एकान्वित, निश्छल, गेयात्मक र सङ्गीतात्मक विशेषताले युक्त रचना हो ।

कविताको एउटा मुख्य उपविधा गजल लोकप्रिय विधा हो । यसका पनि आफ्नै प्रकारका प्रमुख विशेषता रहेका छन् । गजल शास्त्रीय परिपाटीबद्ध निश्चित संरचनामा आबद्ध स्वयम्मा पूर्ण रचना हो । यो गजलको पहिलो विशेषता हो । यसैगरी गजल दुई मिसरायुक्त पूर्ण शेरको विन्यासबाट निर्मित रचना हो जसमा काफिया र रदिफको अनिवार्यता हुन्छ । गजलमा एकै विषय वा अनेक विषयका शेरमा निर्मित हुन्छन् । गजल प्रायः छोटो आयामको हुन्छ । विभिन्न बहरमा संरचित गजल विशिष्ट लयात्मक एवम् गेयात्मक हुन्छ । हिजोका दिनमा गजललाई मूलतः प्रेम वा शृङ्गार विषयको रचना भनिए तापनि यतिखेर यसले विषयगत विविधता धारण गरेको छ । समग्रमा स्वयम्मा पूर्ण शेरहरूको विन्यास, सबै शेरमा एउटै बहरको प्रयोग, काफियाको अनिवार्यता, आत्मपरकता, प्रेमप्रणयमूलकता, गेयात्मकता, प्रभावकारिता आदि गजलका खास वैशिष्ट्य हुन् । यसैले गर्दा पछिल्लो समय गजल लोकप्रिय बन्दै गएको छ ।

## ३.५ गीत र गजलका संरचक घटक (तत्त्व)

कुनै पनि साहित्यिक विधाका कृतिको निर्माणका लागि निश्चित घटक वा तत्त्वको मेल हुनु आवश्यक हुन्छ । हरेक विधाका साहित्यिक कृतिलाई एउटा सिद्ध वस्तुको स्पष्ट आकृति प्रदान गर्ने काम त्यसमा अन्तर्निहित विभिन्न अवयवले गर्छन् । प्रत्येक कृति स्वयम् एउटा संरचना हो । यसको निर्माण विभिन्न अवयवको पारस्पारिक सम्बन्धबाट हुन्छ । रचनालाई आकृति प्रदान गर्ने वा रचनाको निर्माण गर्ने विभिन्न अवयवलाई यसका संरचक घटक, तत्त्व, अङ्ग, अवयव, उपकरण विभिन्न नाम दिइन्छ । कृतिलाई स्वरूपगत पूर्णता प्रदान गर्ने अर्थात कृतिलाई अस्तित्वमा ल्याई निश्चित संरचना प्रदान गर्ने आवश्यक अङ्ग

वा अवयव नै त्यसका तत्त्व हुन् । यिनै विभिन्न तत्त्वको पारस्पारिक संयोजन र मेलबाट नै कृतिको सिङ्गो संरचना निर्माण भई त्यसले स्पष्ट अस्तित्व र आकार प्राप्त गर्छ ।

साहित्यका छट्टाछुट्टै विधालाई निर्माण गर्ने निश्चित संरचक घटक हुन्छन् । यिनमा धेरैजसो घटक सबै विधामा समान हुन्छन् । केही निश्चित घटकको भिन्नता, मात्रात्मक अधिकता र न्यूनताका कारण विधागत विभेद जन्मिन्छ । एउटै घटक पनि विधागत विभेदका कारण भिन्न-भिन्न ढङ्गले प्रयुक्त हुन सक्छ । साहित्यका हरेक विधामा कतिपय घटक त्यसको प्रारम्भदेखि समापनसम्म रहन्छन् । कतिपय बीच-बीचमा आउँदै हराउँदै गर्छन् । जसले कृतिलाई एउटा सिङ्गो सङ्गठन प्रदान गर्ने हुनाले यिनलाई सङ्गठनात्मक घटक पनि भनिन्छ । साहित्यका हरेक विधाका कृति झैँ कविता पनि अनेक अवयव वा अङ्गको मेलबाट निर्मित एउटा विशिष्ट संरचना भएकाले यसलाई निर्माण गर्ने आफ्नै अवयव छन् । जसरी कवितालाई पूर्ण गर्नका लागि कविताका अवयव छन् त्यस्तै गरेर गीतका पनि । यद्यपि कविताको उपविधाका रूपमा रहेको गीतमा भने कवितासँगै मिल्दाजुल्दा अवयव हुन्छन् । संसारका जुनसुकै भाषामा रचित गीतमा पनि तत्त्वगत समानता रहन्छ । गीतका बारेमा पूर्व र पश्चिम दुवैतर्फ उल्लेख गरिएका घटकको अध्ययन गरी समग्रमा भन्नुपर्दा गीतका संरचक घटक वा आवश्यक तत्त्व उस्तै देखिन्छन् । गीतका तत्त्व गजलका पनि संरचक घटकसँग मिल्दा भएकाले दुवैलाई मिलाएर यहाँ बृहत् रूपमा चर्चा गरिएको छ । प्रस्तुत अध्ययन रामजी घिमिरेका गीत र गजल यात्रामा केन्द्रित रहेकाले रामजी घिमिरेका गीत र गजल दुवैलाई आधार सामग्री हुने गरी सबै तत्त्वको चर्चा यहाँ निम्नानुसार गर्न सकिन्छ ।

### ३.५.१ विषयवस्तु

कृतिमा बाह्य प्रकाशनको सारभूत अंश वा सारतत्त्वलाई विषयवस्तु भनिन्छ । कथावस्तु संरचनाको आन्तरिक गुदी हो । यसलाई कृतिलाई अस्तित्व प्रदान गर्ने प्रमुख तत्त्वका रूपमा लिइन्छ । वस्तु विना कृतिको संरचना निर्माण हुँदैन । कृतिको विशेष र आवश्यक घटक मानिने वस्तु कृतिका प्रकृति अनुरूप फरक हुन्छन् (लुइटेल, २०६७ : १०) । गीतको पहिलो आधारभूत संरचक घटक मानिने भाव, विचार वा घटना यसको मूल वस्तु वा मूल कथ्य हो । गीत सिर्जनाका लागि प्रयुक्त विषयवस्तु र अवधारणालाई भाव वा विचार भनिन्छ । गीत तथा गजल सिर्जनाको मूल आधार पनि यही हो ।

विषयवस्तुको चयनमा गीतकार पूरै स्वतन्त्र हुन्छ । ऊ निर्वाध रूपमा स्वेच्छापूर्वक अनेक विषयवस्तुको चयन गरी त्यसमा आफ्नो विचारलाईसमेत मिसाएर गीत सिर्जना गर्छ । गीतमा ब्रह्माण्डका यथार्थ घटनाको वर्णन हुन्छ । कल्पना तथा यथार्थको समुचित सम्मिश्रण हुन्छ । मानवीय वेदना र संवेदनालाई समावेश गरेर पनि गीत सिर्जना गरिन्छ । गीतकारलाई जीवन भोगाइका क्रममा जुन वस्तुले उत्प्रेरित गर्छ, त्यसै विषयमा उसले गीत सिर्जना गर्छ । गीत सिर्जनाका लागि वस्तु र प्रकृतिले जति प्रभाव पार्दछ । देशको संस्कृति, भूगोल, राजनीति र धर्म संस्कारले पनि उत्तिनै प्रभाव पारेको पाइन्छ । यसैगरी, विभिन्न प्रेमपक्ष, इतिहासका कालखण्ड, मानवीय स्वभाव, अनुभूति, तात्कालिक यथार्थ वस्तुस्थितिलाई गीतमा अभिव्यक्त गरिएको हुन्छ । गीतमा जीवन जगत्का जुनसुकै विषयवस्तु ग्रहण गर्न सकिन्छ ।

गीतको विषयवस्तु त्यसको बीजविचार वा प्रमुख भाव हो । गीतको विषयवस्तु नैतिक, औपदेशिक, भावनात्मक, रागात्मक, सौन्दर्यमूलक जुनसुकै हुन सक्छ । आफ्नो जीवन भोगाइका सुख-दुःख, हर्ष-विस्मात, उज्याला-अँध्यारा विविध पाटा अभिव्यक्त हुन्छन् । यिनै विभिन्न पाटामध्येबाट आफूलाई प्रभावित र आकर्षित तुल्याउने जुनसुकै विषयमा गीत सिर्जना गर्न सकिन्छ, यसै कारणले गीतको विषयवस्तु अनन्त हुन्छ । यही विषयवस्तुको अनन्तता, चयनगत स्वतन्त्रता र असीमताका कारण गीतमा अनेक विविधता पाइन्छ । यसैले गीत रचना गर्दा, त्यसको विषयवस्तु चयन गर्दा गीतलाई रागात्मक, सौन्दर्यमूलक, संवेदनायुक्त र रमणीय तुल्याउन सुन्दर भाव र विचारको विन्यासमा विशेष ध्यान दिनुपर्छ । गीतमा विषयवस्तुको प्रस्तुति सामान्य रूपमा नभई कलात्मक एवम् सौन्दर्यात्मक ढङ्गले गर्नुपर्छ । गीतलाई जीवन्त, सशक्त, हृदयस्पर्शी, प्रभावशाली, मार्मिक र कलात्मक तुल्याउनका लागि विषयवस्तुको चयन पनि त्यसै अनुरूप उपयुक्त ढङ्गले सचेततापूर्वक गरिनु पर्छ ।

समग्रमा गीतको विषयवस्तु, भाव वा विचारले यसको मूल वस्तु, मूल कथ्य वा विचारलाई बुझाउँछ । यो अनेक प्रकारको भए तापनि यसलाई मूलतः प्रेमप्रणयमूलक-रागात्मक, प्रणयेतर-रागेतर गरी दुई भागमा बाँड्न सकिन्छ (शर्मा, २०६३ : १७६) । प्रणयमूलकता मूलतः प्रेम, वियोग, विरह, वेदनाजस्ता मानवीय सम्बन्धमा आधारित गीत र गजल रहन्छन् । यस्तै प्रणयेतर सिर्जनामा सामाजिक, सांस्कृतिक सन्दर्भमा केन्द्रित रहेर गीत

तथा गजलको विषयवस्तु चयन गरिएको हुन्छ त्यसैले विषयवस्तुलाई अनिवार्य तत्त्व मानिन्छ ।

### ३.५.२ भाषा

एउटा सुन्दर गीत तथा गजल बन्नका लागि विषयवस्तु मात्र भएर हुँदैन । त्यसका साथसाथै अन्य अवयवको समुचित विन्यास हुन आवश्यक हुन्छ । कुनै पनि रचनालाई सुव्यवस्थित ढङ्गले क्रमबद्ध मिलाएर राख्ने कामलाई विन्यास भनिन्छ । सुहाउँदो रूपले मिलाएर व्यवस्थित गर्ने वा योजनाबद्ध रूपमा राख्ने तरिका पनि विन्यास हो । कृतिको संरचक घटकका सन्दर्भमा भाषाशैली, बिम्ब-प्रतीक, लय-सङ्गीत, छन्द-अलङ्कार आदिको व्यवस्थापनलाई भाषाशैली विन्यास भनिन्छ । कृतिमा भाषाशैलीय विन्यासअन्तर्गत आउने यी सबै एकाइको व्यवस्थापन विभिन्न ढङ्गले गरिएको हुन्छ ।

भाषा भनेको कृतिलाई प्रस्तुत गर्ने माध्यम हो । भावाभिव्यक्तिको सर्वप्रमुख र सशक्त साधन भाषाका माध्यमबाटै साहित्यिक कृतिको रचना गरिन्छ । यस दृष्टिबाट भाषालाई साहित्यको मध्यम घटक मानिन्छ । कृतिलाई साकार र मूर्त तुल्याउने साधन भाषा हो । यसको प्रयोगगत विविधताका आधारमा विधागत विभेद जन्मन्छ । साहित्यका सबै विधाको अभिव्यक्ति भाषाका माध्यमबाटै गरिए पनि गीत र अन्य विधामा प्रयोग गरिने भाषामा भिन्नता रहन्छ । गद्यको भाषा शुष्क र कठोर हुन्छ । गीतको भाषा विशिष्ट लयात्मक गुणले ओतप्रोत भएको हुन्छ । यस्तै सरस र सुकोमल पनि हुन्छ । विशिष्ट शब्द र शव्दावलीयुक्त पङ्क्तिपुञ्जमा प्रस्तुत गरिने कलात्मक अभिव्यक्ति गीतको भाषा लयात्मक हुन्छ । कलात्मक र रागात्मक हुन्छ । यसका साथसाथै सौन्दर्यात्मक, सरल, सुकोमल, हार्दिक, आलङ्कारिक पनि हुन्छ । यो मात्र होइन गीतको भाषा ध्वन्यात्मक, लक्षणात्मक, व्यञ्जनात्मक, अनेकार्थक, भावोपयोगी, सुगठित विचलनयुक्त, विशिष्ट सङ्गीतात्मकजस्ता अभिलक्षणले भरिपूर्ण भएको हुन्छ । गीतको भाषा अत्यन्त सरल, लयालु, शैली वर्णनात्मक, विवरणात्मक, सम्बोधनात्मक हुन्छ । यसमा सरल, सुबोध बिम्ब, प्रतीक एवम् अलङ्कारको प्रयोग गरिन्छ । गीतको भाषालाई विशिष्ट तुल्याउन शैली, बिम्ब, प्रतीक, अलङ्कार, लय, छन्द, अग्रभूमीकरण, प्रयुक्ति विविधता आदिले महत्त्वपूर्ण भूमिका खेल्छन् । भाषाले विषयको अर्थबोध गराउँछ । गीत पनि भाषिक अभिव्यक्ति हो, त्यसैले गीतको अमूल्य अवयवमध्ये भाषा पएक हो भन्न सकिन्छ ।

### ३.५.३ शैली

गद्य वा पद्यमा गरिने अभिव्यक्तिको ढाँचागत अभिलक्षणलाई शैली भनिन्छ । कुनै पनि भनाइ वा काम गराइको तरिका शैली हो । कृतिगत सन्दर्भमा लेखकीय अभिव्यक्तिको तरिका वा ढाँचालाई शैली भनिन्छ (लुइटेल, २०६७ : ११) । यसले साहित्यिक कृति लेखिने तरिका वा लेखकले आफ्ना भाव वा विचारलाई पाठकसामु अभिव्यक्त गर्दा प्रयोग गर्ने ढाँचालाई जनाउँछ । शैलीलाई विषयवस्तु प्रस्तुतिको ढङ्ग वा तरिकाका रूपमा लिन सकिन्छ । यसका साथसाथै चयन, संयोजन र विचलनलाई पनि शैलीका रूपमा अभिव्यक्त गर्न सकिन्छ । गीतमा वैयक्तिक, भाषिक एवम् वैचारिक वैशिष्ट्य, काव्यसौन्दर्य, वितरण, कथ्य र रूप, भाषा, अर्थ, अभिव्यक्तिकौशल, व्यक्तित्व, पोसाक, वैयक्तिक गुण आदि अनेक रूपले परिभाषित गरिएको पाइन्छ । सामान्यार्थमा भन्नुपर्दा कुनै काम गर्ने ढङ्ग, तरिका तथा भाषिक अभिव्यक्तिको तरिका नै शैली हो । भाषा र शैलीका बीचमा अन्योन्याश्रित सम्बन्ध छ । भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको तरिका हो ।

भाषिक एकाइको सौन्दर्यमूलक विन्यासद्वारा गरीने लेखकीय अभिव्यक्तिको विशिष्ट ढाँचालाई शैली भनिन्छ । यो सुन्दर र विचलनयुक्त भाषिक विन्यासद्वारा गरीने रचनाकारका अभिव्यक्तिको तरिका वा विशिष्ट रचना प्रकार हो । लेखकले आफ्ना कृतिमा के-कस्ता शब्द, वाक्य आदि भाषिक एकाइको चयन तथा के-कसरी तिनको विन्यास गरी आफ्ना भाव वा विचार अभिव्यक्त गरेको छ भन्ने कुरा शैलीको अध्ययनबाट ज्ञात हुन्छ । यस दृष्टिबाट शैलीले लेखकीय अभिव्यक्तिको ढाँचा वा कौशललाई जनाउँछ । खास ठाउँमा खासखास भाषिक एकाइको विन्यास गरी शैलीलाई सौन्दर्यमूलक बनाउन सकिन्छ । शैलीले कृतिको साहित्यिक संरचना र भाषा संरचनालाई जोड्ने काम गर्दछ । यस दृष्टिबाट शैलीलाई अभिव्यक्ति घटक वा योजक घटक मानिन्छ । कृतिको संरचनाका सन्दर्भबाट हेर्दा शैलीगत चयन, अग्रभूमीकरण र प्रयुक्ति विविधता पर्दछन् ।

चयन भनेको भाषिक एकाइको कृतिमा सुव्यवस्थित र तात्पर्यमूलक प्रयोगका लागि गरिने छनोट हो । भाषिक एकाइका विभिन्न विकल्पमध्येबाट विचारपूर्वक समुचित छनोट नै चयन हो । चयन पर्यायवाची, व्यवहारिक, व्याकरणिक, शैलीय, विशिष्ट पारिभाषिक, वाक्यात्मक आदि प्रकारका हुन्छन् । अग्रभूमीकरण भनेको पाठकको ध्यानाकर्षण हुने गरी नविन र विशिष्ट ढङ्गले गरिने भाषिक प्रयोग हो । अग्रभूमीकरणमा विचलन र समानान्तरताले विशिष्ट भूमिका खेल्छन् (लुइटेल, २०६७ : १३) । भाषाको नियम वा

व्यवस्थामा आबद्ध मानक रूपलाई सार्थक ढङ्गबाट अतिक्रमण वा उल्लङ्घन गर्नु विचलन हो । विचलन कोशीय, व्याकरणिक, वर्णात्मक, आर्थी, भाषिकागत, प्रयुक्तिगत आदि प्रकारले गर्न सकिन्छ । अग्रभूमिकरणको अर्को महत्त्वपूर्ण घटक समानान्तरता हो । ध्वनिदेखि वाक्यसम्मका विभिन्न भाषिक एकाइको नियमित र सन्तुलित ढङ्गले गरिने पुनरावृत्तिलाई समानान्तरता भनिन्छ । यो ध्वनिगत, शब्दगत, पदसमूहगत, वाक्यात्मक आदि ढङ्गबाट गरिन्छ । यस्तै गरी, प्रयुक्ति विविधता भनेको परिस्थिति, उद्देश्य, विषय, माध्यम, प्रयोक्ता आदिअनुरूप उपयुक्त ढङ्गले गरिने भाषिक विविधताको प्रकार हो । यो खासगरी विषयक्षेत्र, माध्यम र प्रयोक्तामा आधारित हुन्छ । यसरी शैलीअन्तर्गत आउने चयन, अग्रभूमीकरण र प्रयुक्ति विविधताले शैलीलाई विशिष्टता प्रदान गर्छ ।

शैली व्यक्तिगत, कृतिगत, औपचारिक, अनौपचारिक, आलङ्कारिक, अलङ्कृत, कलात्मक, वर्णनात्मक, विवरणत्मक, मूल्याङ्कनात्मक, प्रचारात्मक, विचारात्मक, वक्तृतात्मक, वार्तालापीय, लेख्य, कथ्य, युगीन, सामान्य, विशिष्ट, उच्च, मध्य, निम्न आदि अनेक प्रकारका हुन्छन् (लुइटेल, २०६७ : १४) । शैलीलाई निश्चित ढङ्गले यति नै प्रकारका हुन्छन् भनेर किटान गर्न कठिन छ । जुनसुकै विधाका साहित्यिक कृति सिर्जनाका लागि शैली अपरिहार्य हुने हुँदा यो गीतको एउटा महत्त्वपूर्ण संरचक घटक हो

### ३.५.४ बिम्ब

सीमित अर्थमा बिम्ब भनेको कुनै दृश्यचित्र वा वस्तुको वर्णन गरिएको शब्दको चित्र हो । व्यापक अर्थमा यसले साहित्यका कुनै अंशको आलङ्कारिक भाषा तथा इन्द्रिय र अनुभूतिलाई आकर्षित तुल्याउने वस्तु तथा गुणलाई सङ्केत गर्ने सम्पूर्ण शब्दलाई जनाउँछ (लुइटेल, २०६७ : १५) । बिम्ब इन्द्रियजन्य अनुभूतिसँग सम्बद्ध भाषिक स्वरूप हो । सामान्यतया बिम्बले कुनै चिजको भौतिक प्रतिनिधित्व गर्ने दृष्टिगोचर वा कुनै दृष्यवस्तुको मानसिक चित्रलाई जनाउँछ । इन्द्रियजन्य संवेदना, विचार एवम् दृष्टिकोणका अर्थमा पनि यसको प्रयोग हुन सक्छ । कलाका सन्दर्भमा बिम्बले प्रायः दृश्यजगत्को कलात्मक प्रतिनिधित्व तथा त्यसद्वारा सिर्जित मानसिक प्रभावतर्फ सङ्केत गर्छ ।

साहित्यिक सन्दर्भमा यसले प्रायः पाठकको मस्तिष्कमा मानसिक प्रभाव उत्पन्न गर्ने वर्णनात्मक पदावली, आलङ्कारिक भाषा र त्यसबाट उत्पन्न हुने प्रायः दृश्यमान प्रभावलाई बुझाउँछ । कला र साहित्य दुवै क्षेत्रमा दृष्टिकोण वा विचारका अर्थमा पनि प्रयुक्त हुन सक्ने

बिम्बले कलाकार र लेखकद्वारा प्रस्तुत विविध दृष्टिकोण या विचारलाईसमेत बुझाउँछ । गीतमा प्रयुक्त हुने अधिकांश बिम्ब चाक्षुष हुन्छन् र यिनले गीतकारको यथार्थ वा काल्पनिक जगत्का शब्दचित्र प्रदान गर्छन् । गीतकारले इन्द्रियलाई आकर्षित गर्ने खालका बिम्बको निर्माण गर्छन् । त्यस्ता बिम्बले हाम्रो कल्पनामा भौतिक जगत्को अनुभूति गराउँछन् । बिम्ब शब्दले देखिने चिजलाई सङ्केत गरे तापनि गीतमा बिम्बको तात्पर्य कुनै इन्द्रियजन्य अनुभवलाई जनाउने एउटा शब्द वा शब्दको अनुक्रम वा शृङ्खला भन्ने हुन्छ । यस्तो प्रकारको अनुभव दृश्य, श्रव्य, स्पर्श, स्वाद र गन्धबाट गर्न सकिन्छ ।

इन्द्रियजन्य अनुभूतिको शाब्दिक प्रतिनिधित्व गर्ने तथा एक वा एकभन्दा बढी इन्द्रियद्वारा अनुभव गर्न सकिने वस्तुलाई बिम्ब भनिन्छ । यसले पाठकलाई पहिलेदेखि नै ज्ञात भएका अनुभूतिको स्मरण गराउँछ । गीतको महत्त्वपूर्ण तत्त्व मानिने बिम्ब गहन् एवम् भावनात्मक जटिल अनुभव सम्प्रेषित गर्ने एउटा साधन हो । बिम्बविधान गीतको सजावट वा आभूषण मात्र नभएर अर्थको निर्माण गर्ने आवश्यक तत्त्व पनि हो । गुलाफ शब्द पढ्दा हाम्रो मस्तिष्कमा कुनै न कुनै रूपले त्यसको चित्र आउँछ । हामी त्यसको सुगन्ध वा बनोटको स्मरण गर्न थाल्छौँ । यसरी गीतमा हाम्रा इन्द्रियलाई आकर्षित गर्ने यस्ता कुनै चिजलाई बिम्ब भनिन्छ । यिनीहरू कृतिको विषयवस्तुमा इन्द्रियजन्य ढङगले शाब्दिक वा आलङ्कारिक रूपमा आउँछन् ।

कल्पनाद्वारा ऐन्द्रिय अनुभवका आधारमा निर्मित शब्दचित्रलाई बिम्ब भनिन्छ । बिम्ब भनेको शब्दद्वारा निर्मित चित्र हो । गीतलाई अनेक बिम्बद्वारा संरचित एउटा बिम्ब मान्न सकिन्छ । इन्द्रियजन्य अनुभूतिलाई जनाउने भाषाका रूपमा रहेको बिम्ब मुख्यतः शाब्दिक र आलङ्कारिक दुई प्रकारका हुन्छन् (लुइटेल, २०६७ : १५) । शाब्दिक बिम्ब भनेको शब्दको खास अर्थ वा शाब्दिक अर्थमा परिवर्तन र विस्तार नहुने बिम्ब हो । शब्दमा अभिव्यक्त वस्तु वा घटनालाई प्रतिनिधित्व गर्ने र त्यसलाई इन्द्रियद्वारा अनुभव गर्न सकिने बिम्ब हो । आलङ्कारिक बिम्ब भनेको शाब्दिक अर्थमा परिवर्तन वा विस्तार हुने, इन्द्रिय अनुभवजन्य यथार्थ चिजलाई कुनै अर्कै चिजको वर्णन गरेजस्तो गरी प्रस्तुत गरिने र शाब्दिक रूपले प्रत्यक्षतः वर्णन गर्न नसकिने अमूर्त विचारलाई परोक्ष ढङ्गले वर्णन गर्नका लागि प्रयोग गरिने बिम्ब हो । यसले प्रयुक्त शब्दको शाब्दिक अर्थमा परिवर्तन भई भिन्न र विशिष्ट अर्थ प्रदान गर्छ ।

कतिपय बिम्बहरू अलङ्कारविहीन भाषामा प्रस्तुत गरिएको पाइए तापनि अधिकांश बिम्बहरू आलङ्कारिक भाषामा सम्प्रेषित हुन्छन् । तिनमा दृश्य, गन्ध, स्पर्श, श्रवण, स्वाद, अमूर्तता, हाउभाउ, गतिशीलता आदिद्वारा पत्ता लगाउन सकिने गुण हुन सक्छन् । यी सबै सन्दर्भबाट हेर्दा बिम्ब गीतको एउटा महत्त्वपूर्ण तत्त्व हो ।

### ३.५.५ प्रतीक

कुनै चिजलाई प्रतिनिधित्व गर्ने सजीव वा निर्जीव वस्तुलाई प्रतीक भनिन्छ । व्यापक अर्थमा कुनै चिजलाई सङ्केत गर्ने जुनसुकै वस्तुलाई प्रतिक भनिन्छ । यस अर्थमा सम्पूर्ण शब्दहरू प्रतीक हुन् (लुइटेल, २०६७ : १६) । कुनै खास समुदायमा दृश्य वा शाब्दिक रूपमा कुनै वस्तुको प्रतिनिधित्व गर्ने चिह्नलाई प्रतीक मानिन्छ । साहित्यमा चाहिँ कुनै वस्तु वा घटनालाई सङ्केत गर्ने शब्द वा पदसमूहका लागि मात्र प्रतीक शब्दको प्रयोग गरिन्छ । यसले एक वा अनेक वस्तुलाई सङ्केत गर्छ । प्रतीक भनेको सादृश्य वा साहचार्यद्वारा कुनै चिजको प्रतिनिधित्व गर्ने वस्तु हो । कुनै एक सत्यको स्तरमा त्यससँग मिल्दोजुल्दो दोस्रो सत्यको उल्लेख नै प्रतीक हो । प्रत्येक शब्दमा कुनै न कुनै प्रकारको भावनात्मक वा दृश्यात्मक सत्य निहित रहने हुँदा स्थूल रूपमा भाषा, शब्द र प्रतीक एकअर्काका पर्याय होइनन् । यिनका बीचका स्पष्ट भेद छ । शब्द विचारको अभिव्यक्ति गर्ने माध्यम हो । प्रतीक व्यञ्जनात्मक रूपमा वा भावनात्मक समताको धरातलमा विशिष्ट अर्थ प्रकट गर्ने शब्दसमूह हो ।

प्रतीकको अभावमा भावाभिव्यक्ति सम्भव हुन सक्छ तर शब्दका अभावमा यो असम्भव हुन्छ । प्रतीकलाई अन्योक्ति र सङ्केतद्वारा विभेद गर्न सकिन्छ । अन्योक्तिले अमूर्त विचारलाई मूर्त वस्तुका रूपमा प्रस्तुत गर्छ तर प्रतीकचाहिँ कुनै अर्कै चिजलाई बुझाउन प्रयोग गरिने कृतिको तत्त्व हो । यो अझ बढी अमूर्त क्रममा रहन्छ । अन्योक्तिको प्रयोग सामान्य कथन वा यथार्थ संसारलाई बुझाउनका लागि गरिन्छ । प्रतीक सङ्केतभन्दा फरक हुन्छ । सङ्केत यादृच्छित हुन्छन् । सांस्कृतिक सन्दर्भका आधारमा यिनका एक वा एकभन्दा बढी सङ्केतन हुन सक्छन् । प्रचलित शाब्दिक अर्थ भन्दा भिन्न वा अन्य अर्थलाई जनाउने दृश्यवस्तु वा कार्यव्यापार नै प्रतीक हुन् । प्रतीक परम्परा, चालचलन, सभ्यता, संस्कृति, संस्कार एवम् नवनिर्माणद्वारा निर्धारित हुन्छन् । प्रतीक सङ्केतभन्दा बढी व्यापक अर्थ दिने हुन्छन् । एउटै प्रतीकले अनेक अर्थ प्रदान गर्छ जस्तैः नदीले प्रतीकका रूपमा समय,

जीवनयात्रा, अनन्त अनुभव आदि अर्थबोध गराउँछ । यस्ता परम्परित प्रतीक गीतका भाषाको अंशका रूपमा प्रयुक्त भएको पाइन्छ । यसले प्रायः कुनै विचार तथा गुणको प्रतिनिधित्व गर्छ । सोही कारण प्रतीक गीतको एक अमूल्य तत्त्व हो भन्न सकिन्छ ।

### ३.५.६ लय

लयलाई गीत तथा गजलको अर्को महत्त्वपूर्ण तत्त्व भनिन्छ । लय भन्नाले स्वरको आरोह-अवरोह हो । गीतमा हुने स्वरको आरोह अवरोहलाई लय भनिन्छ (न्यौपाने, २०७० : ७) । गीत सङ्गीतको प्राण तत्त्वका रूपमा रहेको लयलाई मानिसको आन्तरिक भावावेगका रूपमा पनि लिइन्छ । लयले शब्द र ध्वनि प्रवाहको ढाँचालाई बुझाउँछ । सङ्गीतका क्षेत्रबाट आएको लयले गायन, वादन र नर्तनलाई सूत्रवद्ध गर्ने काम गर्दछ (लुइटेल, २०६७ : १७) । लय, कला, काव्य र सङ्गीतमा मात्र नभई मानव जीवनका प्रत्येक क्षण र जीवनजगत्का सारा गतिविधिमा व्याप्त रहेको हुन्छ ।

यसरी सर्वव्यापी रहेको लय र मानवीय सामान्य जनजीवनका बीचमा विशेष भूमिका रहेको हुन्छ । त्यसैले लयलाई गीत र गजल सिर्जनाको मेरुदण्ड मानिन्छ । लयको अभावमा गीत बन्न सक्दैन । लय विना गीतको कल्पना गर्न नसकिने हुनाले गीतका अपरिहार्य तत्त्व लयलाई मानिन्छ ।

### ३.५.७ छन्द तथा अलङ्कार

गीत तथा गजलका विभिन्न अवयवमध्ये छन्द तथा अलङ्कार पनि एक हो । एउटा सुन्दर गीत निर्माणका लागि छन्द तथा अलङ्कारको पनि उत्तिकै भूमिका रहेको हुन्छ । यसैले लय सँगसँगै गीतमा छन्द र अलङ्कारको पनि उत्तिकै महत्त्व रहेको पाइन्छ । छन्दले गीतको भाव र लयलाई नियमवद्ध पारेर सुन्दर गीत निर्माणमा सघाउ पुऱ्याउँछ । गीतका निश्चित संख्याका अक्षर, मात्रा, गती, यति, लय र स्वरको समन्वित रूप नै छन्द हो । छन्दले गीतलाई श्रुतिमधुर र सांगीतिक तुल्याउन सहयोग गर्छ ।

गीतमा अलङ्कार वा आलङ्कारिक प्रयोगले महत्त्वपूर्ण स्थान ओगटेको हुन्छ । साहित्य कृतिमा चमत्कारिता, नैसर्गिकता, सरसता एवम् हृदय-संवेद्यता एवम् सम्प्रेषणीयताको स्थिति पनि अलङ्कारकै माध्यमद्वारा सम्भव हुन्छ । गीतमा पनि चमत्कारिता ल्याउनका लागि अलङ्कार अनिवार्य मानिन्छ । वास्तवमा अलङ्कार साहित्य

अथवा लोकसाहित्यको भाव र भाषाको गहना हो । यसैकारण आचार्य भामह, दण्डी, वामन, आदिजस्ता अलङ्कारवादी आचार्यले अलङ्कारलाई काव्य अथवा साहित्यको अनिवार्य तत्त्व भनेका छन् । पूर्वीय वाङ्मयमा रसवादी, ध्वनिवादी, रीतिवादी आदि आचार्यले पनि अलङ्कारको महत्त्वलाई सहर्ष स्वीकार गरेका छन् । यस क्रममा अलङ्कारवादी आचार्यले अलङ्कारको अनुपस्थितिमा काव्य अथवा साहित्य सिर्जना विकृत हुन्छ भनेका छन् । यसैले गीत तथा गजलको सौन्दर्यलाई बढाउन अलङ्कारको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

### ३.६ नेपाली गीत र गजलको विकासक्रम

नेपाली भाषामा लेख्य गीतको रचना चल्नुपूर्व समाजमा लोकगीत प्रचलित थियो । अहिले पनि छँदैछ । गायकले मेलापात गर्दा चाडपर्व मनाउँदा तथा जात्रामा जाँदा आफ्ना मनका भावना वाद्ययन्त्रको सहयोगबाट र कहिले यसको अभावमा मौखिक रूपले मात्रै पनि व्यक्त गर्ने गर्थे । यस्तै कुनै-कुनै गीतमा तात्कालीन परिस्थितिको अभिव्यक्ति हुने गर्थ्यो । समाजमा लोकगीत व्याप्त भए पनि नेपाली गीत लेखनमा यसको गर्भबाट सोझै लेख्य गीतले जन्म लिन भने सकेन । सोही लोक विशेषता पहिले कविताले ग्रहण गऱ्यो । कहिले आधुनिक गीतले ग्रहण गऱ्यो । सोही कारण नेपाली गीत लेखनका सन्दर्भमा लेख्य गीतको विकासलाई विभिन्न चरणमा विभाजन गरेर हेर्न सकिन्छ ।

नेपाली गीतको विकास सँगसँगै गजलको विकास हुँदै आएको पाइन्छ । नेपाली साहित्यको इतिहास त्यति पुरानो छैन । इतिहास खोज्न गाह्रो मान्नुपर्ने कारण पनि छैन । झण्डै दुई सय ५० वर्ष पुरानो इतिहासमा एक सय तीस वर्षे गजल इतिहासलाई खासै पुरानो मान्नुपर्ने देखिदैन । सो समयमा आफूलाई सम्भ्रान्त ठान्नेहरू भारतबाट सायर, गजलगो बोलाएर सायरी तथा गजल सुन्ने संस्कार रहेको दरबारीयाले देखाएको इतिहास साँच्ची छ । अध्ययनका लागि भारतका विभिन्न क्षेत्रमा प्रवेश गर्ने नेपाली फर्कने क्रममा गजलको सिको गरेर फर्केकामा दुई मत राख्नुपर्ने कारण देखिँदैन । यसको सिको मोतीराम भट्टले (वि.स. १९२३-१९५३) गरेका हुन् । उमेरले भोटो फटाल्ने क्रम बढ्दै जाँदा नवजवानी प्रवेश सँगसँगै नेपाली साहित्यमा गजलले प्रवेश पाएको हो । सो वेला अध्ययनको क्रममा हिन्दी, उर्दु, फारसी भाषाका विभिन्न कृतिहरू अध्ययन गर्थे । उक्त समयमा बाध्यता थियो । आज हेर्दा हिजो नेपालीहरू भारतका विभिन्न ठाउँमा अध्ययनका लागि जान नपाएको भए गजलको इतिहास बन्ने थियो ? भन्न सक्ने अरू आधार भेटिदैनन् ।

अध्ययनका क्रममा भेटेका विभिन्न मण्डलीकै कारण नेपालमा 'मोतीमण्डली' गठन गरिएको पाइन्छ । जब मोती मण्डलीको स्थापना भयो, तब नेपाली गजलले निरन्तरताको पाइला अगाडि बढायो ।

आज देखिरहेका छौं । हिजोको मोतीमण्डलीको इतिहास ज्यादै फस्टाएको छ । प्रत्येक जिल्ला, गाउँ र टोलटोलमा दर्जनौं मोतीमण्डलीजस्ता झुण्डहरू जुमुराएका छन् । गजल सबैको हृदयको आलाप बनेर गुञ्जिरहेको छ (गौतम, २०६९ : ३०) । मोतीराम भट्टका गजलहरू आफैँले सम्पादन गरेको 'ठूलो सङ्गीत चन्द्रोदय'मा २७ गजलहरू सङ्गृहीत भएको पाइन्छ । यद्यपि भट्टले आफ्नो जीवनकालमा अधिकांश शृङ्गारिक धारका जम्मा ३३ वटा गजल लेखेको समीक्षकले भने पनि सबै गजल बन्न नसकेको स्वीकारोक्ति डा. कृष्णहरि बरालको छ । सोही समय लक्ष्मीदत्त पन्त इन्दुका सात शेरसम्मका सङ्गीत चन्द्रोदयमा १९ वटा गजलहरू प्रकाशन भएको पाइन्छ । गजलमा शृङ्गारिक भावधाराका पाँच गजल, गोपीनाथ लोहनीका शृङ्गारिक, भक्ति, पतिभक्ति र सामाजिक भाव व्यक्त भएका ३३, नरदेव पाण्डे सुधाका तीन शेरदेखि १६ शेरसम्मका शृङ्गारिक भावधाराकै पाँच, मियाँ अम्जद हुसैनका उही भावधाराका छ गजल र रत्नलाल रत्नका शृङ्गारिक, प्रकृतिप्रेमी, भक्ति तथा सांस्कृतिक विषयका पाँच शेरसम्मका आठ गजल प्रकाशित भएको देखिन्छ । ढुङ्गेलका फुटकर रचनासहित 'शम्भु भजनमाला' (१९८३) मा गजलहरू सङ्कलित भएको पाइन्छ ।

ढुङ्गेलले फुटकर रूपमा र नाटक भित्र पनि गजल लेखेका छन् । 'अमोला मैयाको कथा' (१९८३), 'सुनकेशरी रानीको कथा' (१९७८), 'महाठगको कथा' (१९८४), 'शब्द सुधानिधि' (१९७६), 'चन्द्रप्रताप वर्णन' (१९७०), 'तोतामैनाको कथा' (१९८४), 'हात्तिमताइको कथा' (१९८१), 'निगुर्ण भजन' (१९८०), 'अशोक सुन्दरी' (नाटीका, १९७४), 'शकुन्तला' (नाटक, १९७३) मा यिनका गजल प्रयोग भएका छन् । यो हिसाबले ढुङ्गेलका चार सय ७१ गजलको रचना भएको देखिन्छ । यो भन्दा अगाडिका गजलकारले यती धेरै बढी गजल लेखेका थिएनन् । जसलाई जगदम्बा प्रकाशनले 'शम्भुका गजलहरू' भनेर पुस्तक प्रकाशन गरेको छ । सोही समय कवि लेखनाथ पौड्यालले गजल लेखनको प्रयास गरेको देखिन्छ । 'भतृहरिनिर्वेद' (नाटक, १९७४), 'लक्ष्मी पूजा' (नाटक, १९९४), 'लालित्य' भाग १ र २ मा केही गजल संरचनाका उनका रचना देख्न सकिन्छ । यस्तै, बालकृष्ण समको 'चिसो चुल्हो' महाकाव्यमा गजल लेखनको प्रयास भएको देख्न सकिन्छ (गौतम, २०६९ : ३१) ।

नेपाली गजलको उत्थानका लागि भीमनिधि तिवारीको ठूलो योगदान छ । उनले वि.स. १९९० बाट गजल लेखनको थालनी गरेको देख्न सकिन्छ । तिवारीले ‘मेरी बयासी गजल’ (१९९४) र त्यसमा पछिल्लो समय २० गजल थप गरी ‘बयासी र बीस गजल मेरी’ (२००२) प्रकाशन गरे । उनले २० गजल थप्नुको रहस्य वि.स. १९९६ मा उपेन्द्रबहादुर जिगरको ‘एक सय एक गजल’ (१९९६) गजल सङ्ग्रहमा १०१ गजल थिए । जिगरको भन्दा बढी गजल भएको पुस्तक प्रकाशनको चाहनाले उक्त गजल थपेको भेटिन्छ । उनका गजलको मूल भावधारा भने शृङ्गारिक नै पाइन्छ । जिगरले दुर्गा भवानीको स्तुतीबाट गजलको प्रारम्भ गरेर शृङ्गारिक भावधारा हुँदै लेखेका थिए । नेपाली गजलको उत्थान र विकासका लागि शुम्भप्रसाद ढुङ्गेल, तीर्थप्रसाद आचार्य, तुलसीमेहर, अम्बिकाप्रसाद, देवशमशेर, रामप्रसाद सत्याल, खड्गप्रसाद श्रेष्ठ, तीर्थसागर आचार्य, बखतबहादुर श्रेष्ठ, शिखरनाथ सुवेदी, चन्द्रनाथ शर्मा, शम्भुनाथ उपाध्याय, नरबहादुर भारती, नारायणभक्त माथेमा, चक्रपाणि चालिसे, हरिनारायण दाहाल, पद्मनाथ पन्त, कृष्णदेव पन्त, झपटबहादुर राणा, केशवजी राजकर्णिकार, गणेशलाल श्रेष्ठ, भुवनप्रसाद ढुङ्गेल, गुरूप्रसाद मैनाली, श्यामजीप्रसाद अर्याल, कृष्णप्रसाद रेग्मी, लेखनाथ पौडेल, पहलमानसिँह स्वार, पारसमणि प्रधान, बालकृष्ण सम, कृष्णकुमारी देवीजस्ता लेखकले गजललाई आजको अवस्थासम्म पुऱ्याउनका लागि ठूलो गुन लगाएका छन् ।

मोतीराम भट्टका गजलदेखि लिएर जिगरसम्म आइपुग्दा नेपाली साहित्यमा गजल भनेको के हो ? संरचना कस्तो रहने भन्ने कुरालाई उजागर गरी सकेको अनुमान गर्न सकिन्छ । विशुद्ध गजलका सङ्ग्रह प्रकाशन भएका छन् । तिवारीको ‘बयासी र बीस गजल मेरी’ प्रकाशन भएको धेरै समयपछि म.वि.वि. शाहका ‘उसैका लागि’ (२०१५), ‘फेरि उसैका लागि’ (२०२१) र ‘अझै उसैका लागि’ प्रकाशन भएका छन् । उनका गजल पछिल्लो समय ‘के छ र दिऊ’ गीतिसङ्ग्रह (२०४८) मा सङ्गृहीत भएको पाइन्छ । यही समयमा गोपालप्रसाद रिमाल, भूपी शेरचन, प्रेमप्रकाश मल्ल, भीम विराग, छिन्नलता, राममान तृषित, जी. शाह, रवीन्द्र शाह, पुष्प नेपाली, गोविन्द शर्मालगायतले गजल लेखनलाई मलजल प्रदान गरेर उर्वर बनाएको देखिन्छ ।

यसरी गीत सँगसँगै अगाडि बढेको गजल लेखन शृङ्खलालाई हेर्दा नेपाली गीतको आधुनिक कालमा आएर गजल लेखनको विकासक्रम अगाडि बढेको पाइन्छ । नेपाली गीत लेखनको विकासक्रम परम्परालाई निम्न चरणमा विभाजन गरेर हेर्न सकिन्छ ।

प्राथमिक काल : प्रारम्भदेखि वि.सं.१९४० सम्म,

माध्यमिक काल : वि.सं. १९४१ देखि १९९१ सम्म,

आधुनिक काल : १९९१ देखि हालसम्म ।

आधुनिक काललाई निम्नानुसार चरणमा विभाजन गर्न सकिन्छ ।

पहिलो चरण : वि.सं. १९९१ देखि २०१६

दोस्रो चरण : वि.सं. २०१७ देखि २०३६

तेस्रो चरण : २०३६ देखि हालसम्म (लुइटेल, २०६७ : २५) ।

### ३.६.१ प्राथमिक काल : प्रारम्भदेखि वि.सं.१९४० सम्म

नेपाली कविताको इतिहासमा पहिलो मानिएको सुवानन्द दासको 'पृथ्वीनारायण' शीर्षकको कवितामा केही मात्रामा लोक विशेषताको प्रयोग पाइन्छ (लुइटेल, २०६७ : २२) सुवानन्द दासको कविताका तुलनामा यदुनाथ पोखेलका कविता बढी गेयात्मक पाइन्छन् । हीनव्याकर्णी विद्यापतिले संस्कृतका ठूला गीतकार जयदेवद्वारा रचित 'गीतगोविन्द' लाई नेपालीमा अनुवाद नै गरेको पाइन्छ । यिनको यो रचना मौलिक नभए तापनि महत्त्वपूर्ण थियो । यिनले 'सात राग' लेखेर सातवटा रागको परिचय पनि दिएको पाइन्छ । भक्ति धाराका कवि वसन्त शर्माका कवितामा पनि लोकलय भेटाउन सकिन्छ । पतञ्जली गजुऱ्यालद्वारा लेखिएको 'वालगोपाल वागी' शीर्षकको कविता गीति गुणबाट धेरै नजिक छ ।

यसैगरी, कवि इन्दिरसले गरेको 'श्रीमद्भागवत्' दशमस्कन्धको पूर्वाद्धको एकतीसौँ अध्यायको अनुवाद गोपिका स्तुति'मा पनि गीति गुण देख्न सकिन्छ । गीति चेतनाका दृष्टिले भक्तिधाराका अन्य कवि भन्दा भानुभक्त आचार्य बढी शक्तिशाली देखिन्छन् । उनीद्वारा रचित 'रामायण' का केही श्लोक तथा उनका फुटकर कविता 'बालजी वर्णन' तथा 'कान्तिपुरी नगरी'मा गीति गुण प्रसस्त पाउन सकिन्छ । कवि ज्ञान दिलदास उल्लेख्य नाममा पर्छन् । नेपाली गीतको विकासमा लालबहादुरको 'भोटको सवाई' नरबहादुर रानाको 'जङ्गबहादुरको सवाई' तथा लिल विश्वकर्माको 'मुक्तियारको सवाईहरू'ले पनि केही टेवा दिएको पाइन्छ ।

यसैगरी, दरबारमा सञ्चालित थियटर परम्परा सञ्चालन हुने अन्य मनोरञ्जनात्मक कार्यक्रमका साथै वीर शमशेरले भाटबाट भित्र्याएका विख्यात वस्तादहरूको साङ्गीतिक क्रियाकलापले पनि यो समयमा नेपाली गीतको विकासमा उल्लेख्य भूमिका निभायो । यसरी यो समयमा रचित रचनामा धेरथोर गीति विशेषता पाइए तापनि ती कृतिलाई अनुभूति प्रधान गीतका रूपमा राख्न नसकिने देखिन्छ । यो समयावधि लोकगीत तथा संस्कृत गीति परम्पराबाट बढी प्रभावित देखिनुका साथै अनुभूति प्रधान गीतलेखनको पृष्ठभूमिका रूपमा उल्लेख छ ।

### ३.६.२ माध्यमिक काल : वि.सं. १९४१ देखि १९९१ सम्म

नेपाली गीतको इतिहासमा अनुभूति प्रधान नेपाली गीतको स्वरूप निर्माण मोतीराम भट्टबाट भएकाले उनको आगमनदेखि रेडियो नेपालको स्थापना नहुन्जेल दोस्रो चरणमा पर्न आउँछन् । यस समयावधिमा मोतीराम भट्टले वि.सं. १९४१ को छेउछाउदेखि नै गीत तथा गजल लेख्न थालेको जानकारी पाइन्छ (लुइटेल, २०६७ : २४) । उनको महत्त्वपूर्ण योगदान नेपाली गजल लेखनको शुरूवात हो । उनका नाटकमा पनि गीतको प्रयोग छ । उनले 'पिकदूत' (१९७२) गीतिकाव्य पनि लेखेका थिए । उनका गजलहरू 'मोती-ग्रन्थावलीमा सङ्गृहीत छन् । उनकै प्रभावमा लक्ष्मीदत्त पन्त 'इन्दु' ले थुप्रै गजल लेखेको पाइन्छ । उनका गजलका कृतिमा 'सङ्गीत चन्द्रोदय' र माध्यमिक नेपाली पद्य हुन् । मोतीराम जस्तै यिनले पनि शृङ्गारिक भावका गजल लेखेको पाइन्छ । यस समयावधिमा गीत रचनाका सन्दर्भमा शम्भुप्रसाद ढुङ्गेलको योगदान महत्त्वपूर्ण देखिन्छ । यिनले आफ्ना विभिन्न नाटकभित्र पनि गीत गजलको प्रयोग गरेका देखिन्छन् ।

### ३.६.३ आधुनिक काल : १९९१ देखि हालसम्म

नेपाली कविताको आधुनिक काल जस्तै नेपाली गीतको आधुनिक काल पनि निकै उर्वर रहेको पाइन्छ । यस समयमा थुप्रै गीतकार देखापरेका छन् । नेपाली गीत परम्परालाई आधुनिकतातर्फ उन्मुख गराउन लक्ष्मीप्रसाद देवकोटालगायत थुप्रै व्यक्तिको विशिष्ट योगदान रहेको छ । यस समय महानन्द सापकोटाको १९८० मा प्रकाशन भएको 'मनलहरी', लोकलय झ्याउरेमा 'मुनामदन' (१९९२) लेखेर शुरूमै प्रसिद्धि कमाएर देवकोटाले गाइने गीत (२०२४) 'लक्ष्मी गीति सङ्ग्रह' (२०४०) का साथै अन्य थुप्रै गीतको सिर्जना

गरेका छन् (लुइटेल, २०६७ : २५) । यही समय बालकृष्ण समका केही गीत ‘मेरो कविताको आरधना’मा समावेश भएको पाइन्छ । यसरी देवकोटा, सम आदिबाट थालिएको नेपाली गीतको आधुनिककाललाई विभिन्न चरणमा विभाजन गरी अध्ययन गरेको पाइन्छ । जसलाई निम्न चरणमा विभाजन गरेर हेर्न सकिन्छ ।

पहिलो चरण : वि.सं. १९९१ देखि २०१६

दोस्रो चरण : वि.सं. २०१७ देखि २०३६

तेस्रो चरण : २०३६ देखि हालसम्म (लुइटेल, २०६७ : २५) ।

२००७ साल चैत्र २० गते रेडियो नेपालको स्थापना भयो । यसको स्थापनापछि नेपाली गीतले झनै झ्याङ्गिने मौका पायो । रेकर्डमा सजिलो ल्याउन र छोटा समयमा धेरै गीत प्रसारण गर्नका लागि पहिले लेखिएका गीत छोटा पार्नुका साथै ६ देखि १० पङ्क्तिका धेरै मात्रामा ८ पङ्क्तिका गीत लेखिन थाले । यसरी नेपाली गीतले आफ्नो स्वरूपमा अझ स्पष्टता पायो । यो काललाई विस्तार कालको पहिलो चरण मान्न सकिन्छ ।

यस समयमा बहादुरसिंह बराल, लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, अलिमियाँ, भीमनीधि तिवारी, ठाकुरनाथ रिमाल, केवलपुरे किसान, गोकुलप्रसाद जोशी, धर्मराज थापा, माधवप्रसाद घिमिरे, सुरेन्द्रबहादुर शाह, गोविन्द शर्मा विमल, म.वी.वि.शाह, तारणीप्रसाद कोइराला आदि हुन् भने विभिन्न लोक भाका सवाई तथा लहरी साहित्यले पनि यो समयमा प्रशस्त प्रभाव पारेकै थियो । यसै समयमा चक्रपाणि चालिसेको राष्ट्रिय गान पनि रचना हुन पुग्छ । यसरी यो समयमा रचित थुप्रै गीत प्रकाशनमा आएका तथा गीति विशेषतालाई ध्यान दिई लेखिएको पाइन्छ । यो चरण नेपाली गीतको महत्त्वपूर्ण चरण हो । यस समयमा रेडियो नेपालको स्थापनाभन्दा पहिलेकै गीतकारका गीत बढी रेडियोबाट प्रसारित भए । रेडियो नेपालमा गीत सङ्गीतको कार्यक्रममा सर्वप्रथम शंकर लामिछानेद्वारा रचित ‘मेरो दिल टुक्रा बनेर’ शीर्षकको गीति कविता हरिप्रसाद रिमालले गाएको जानकारी पाइन्छ । यस चरणमा गीत लेख्ने गीतकार केही पुरानाका साथै नयाँमा सिद्धिचरण श्रेष्ठ, जनार्दन सम, लक्ष्मण लोहनी, कोइलीदेवी माथेमा, कुलचन्द्र कोइराला, अगमसिंह गिरी, भैरवनाथ रिमाल कदम, माधवप्रसाद खनाल भावुक, प्रेमविनोद नन्दन, पुष्प नेपाली, लीलासिंह कर्मा, भूपी शेरचन, कृष्णप्रसाद पराजुली, छिन्नलता, डा. राममान तृषित, किरण खरेल, रत्नशमशेर थापा, हरिभक्त कटुवाल, मोदनाथ प्रश्रित, श्यामदास वैष्णव, भोग्यप्रसाद शाह, जनकप्रसाद हुमागाईँ आदि हुन् । यस चरणका गीतमा प्रमुख रूपमा

प्रेमका विविध भावको अभिव्यक्ति पाइनुका साथै देशभित्रको अस्तव्यस्त अवस्थालाई आधार वनाइएको पाइन्छ ।

२०१७ साल पौष १ देखि पञ्चायती व्यवस्थाको प्रारम्भ भएपश्चात नेपाली गीत लेखनमा स्वतन्त्रताको हनन् हुन गयो । रेडियो नेपाल र अन्य सरकारी सञ्चार माध्यमबाट सत्ताका गुणगान गाइएका तथा मायाप्रितिसँग सम्बन्धित गीत मात्र प्रसारणमा आउन थाले । यस अवधिमा पहिलेका केही गीतकार तथा यसै समयका गीतकार पनि देखा परे । यिनीहरूमध्ये केही व्यवस्था अनुकूल गीत लेख्न सक्रिय रहें, केही अप्रत्यक्ष रूपमा विविध नाम राखी गीत लेख्न थाले । राजनैतिक चेतनाका गीत लेख्ने केही लेखक पटक-पटक सत्ताको तारो बन्नुका साथै सताइनेमा पनि परे ।

यस समयावधिभित्र गीत लेखन प्रारम्भ गर्ने गीतकारमा प्रेम प्रकाश मल्ल 'मधुकर', यादव खरेल, जगतमर्दन थापा, अम्बर गुरुङ, वैरागी काइँला, क्षेत्रप्रताप अधिकारी, भीम विराग, ईश्वर बल्लभ, रवीन्द्र शाह, नगेन्द्र थापा, हिरण्य भोजपरे, शरण प्रधान, मेघराज मञ्जुल, गणेश रसिक, गोपाल योञ्जन, चेतन कार्की, विश्ववल्लभ, राजेन्द्र थापा, डा.वासुदेव त्रिपाठी, चाँदनी शाह, नीर शाह, रामेश, जी.शाह, कालीप्रसाद रिजाल, अविनाश श्रेष्ठ, श्याम तमोट, कृष्णहरि बराल, श्रीपुरुष ढकाल, दिनेश अधिकारी, नारायणकुमार आचार्य, विजय सुब्बा, नरेन्द्रराज प्रसाईं, रमण घिमिरे, श्रवण मुकारूङ, डा.तारानाथ शर्मा, युद्धप्रसाद मिश्र, दमननाथ ढुङ्गाना, विश्वबन्धु थापा, पासाङ बङबल, कञ्चन पुडासैनी, तुङ्गमदैन थापा, कृष्ण जोशी, रामविक्रम सिजापति, प्रदीप रिमाल पर्दछन् ।

यसैगरी, उत्तम श्रेष्ठ, दीप श्रेष्ठ, गौरी नेवा, बालकृष्ण सञ्जीव, मदन दीप बिम, विश्वम्भर प्याकुर्‍याल, विजय श्रेष्ठ, शिवशङ्कर थापा, वसन्त थापा, नवराज कार्की, किरण प्रधान, योगेश वैद्य, पुरूषोत्तम सापकोटा, राजेन्द्र रिजाल, शम्भुजित वाँसकोटा, शिव अधिकारी, राजेश, सहदेव राणा, दामोदर घिमिरे, डा.दीर्घसिंह बम, रमेश क्षितिज, बुलु मुकारूङ, बुद्धवीर लामा, राजेन्द्र सारा, दिव्य खालिङ, प्रल्हाद पोखरेल, बमबहादुर थापा जिताली, रामचन्द्र पुडासैनी, शिलाबहादुर मोक्तान, सगुन शाह, गगन विरही, रवि प्रञ्जल, वीरेन्द्र पाठक, धनेन्द्र विमल, सुरेन्द्र राना, शम्भुकुमार मिलन, सुवासचन्द्र ढुङ्गेल, भूपाल राई, मुकुन्दराज शर्मा, ज्ञानेन्द्र गदाल, व्याकुल पाठक, प्रमोद ढुङ्गाना, प्रकट पङ्गेनी शिव, भीम खरेल, डा.भीष्मराज प्रसाई, डा.विश्वनाथ प्रेम, दीपक जङ्गम, रमेश पौडेल, सिन्धु राना, शिला पन्त, अजनबी शाह, लालगोपाल सुवेदी, भारती खरेल, वासुदेव अधिकारी,

जीवननाथ धमला, ध्रुव मधिकर्मी पनि यस समयका गीतकार पर्छन् (लुइटेल, २०६७, २५-२६) । यी यस्तै अन्य स्रष्टाका गीत यो समयमा रेकर्ड र प्रसारणमा आए । यस्सै जनताका गीत र रक्तिम गीत पनि यस समयावधिका उपलब्धी हुन् । यसरी यो समयावधिमा पञ्चायती व्यवस्थाप्रति समर्थन, राजमुकुटप्रति आस्था, पञ्चायती व्यवस्थाको विरोध अनि समानताका स्वर समेटिएका गीत तथा देशभक्तिको प्रयोग, मायाप्रेमको संयोग र वियोग भावको प्रस्तुति, जीवनका दुःखद् अनि सुखद् पक्षको अभिव्यक्ति समेटिएका गीत रेकर्ड र प्रकाशनमा आएको देखिन्छ । यो अवधिमा चलचित्रका गीत लेखिए भने शैलीगत नवीनता पनि थपियो ।

पञ्चायती व्यवस्थाको समापन र प्रजातान्त्रिक व्यवस्थाको पुनः प्रारम्भले नेपाली गीतमा नवीनता थप्यो र विस्तारको दायरा फराकिलो हुँदै गयो । नयाँ-नयाँ एल्वम प्रकाशनमा तीब्रता आयो । चलचित्र धेरै बन्दा तिनमा गीत लेखनको माग पनि बढ्यो यो समयावधिमा प्राइभेटस्तरमा पनि थुप्रै रेकर्डिङ स्टुडियो खुले र खुल्दैछन् । विभिन्न पश्चिमी सङ्गीतप्रधान गीत पनि लोकप्रिय छन् । व्यवस्था विरोधी गीत लेख्न पनि छुट नै छ । यो समयावधिमा सञ्चालित युद्धको समर्थन र विरोधमा पनि गीत आए ।

यस समयमा थपिएका अन्य स्रष्टामा आनन्द अधिकारी, आलोकश्री, हरिहर तिमल्सिना, हित गुरुङ, खिलबहादुर भावुक, रेनु थापा, बलदेव मजगैयाँ, विष्णु राई, सुकुम शर्मा, नेत्र एटम, रामजी घिमिरे, भावेश भुमरी, दीपक लोहनी, नवराज लम्साल, इन्दिरा प्रसाईं, चन्द्रा शर्मा, कृष्ण अविरल, रञ्जुमार्ग, गोवर्द्धन पूजा, मणि लोहनी, पुष्पलता आचार्य, पद्मराज जोशी स्पन्दन, तीर्थराज शर्मा, अनमोलमणि पौडेल, सावु गदाल, गणेश श्रेष्ठ अपेक्षा, एस.पी.कोइराला, स्वागत नेपाल, हरिदेवी कोइराला, रमेशजङ्ग सिँजापति, राजकुमार बगर, महेश पसाईं, गङ्गाप्रसाद भेटवाल, रामेश्वर राउत मातृदास, वीरदल विकल, उज्ज्वल जी.सी., सूर्य खड्का बिखर्ची, उषा शेरचन, शान्तिनारायण श्रेष्ठ, हरिमाया भेटवाल, भूपेन्द्र खड्का, बिन्दु शर्मा, विष्णुबहादुर सिंह, लक्ष्मण सिटौला, सनील पुरी, कविराज बान्तवा, उषा भट्ट, धर्मराज लुइँटेल, प्रमिला महत, तेजप्रसाद पाण्डे, रमेश अधिकारी, मणि थापा, हरिकृष्ण सिलवाल, श्याम रिमाल, सरोज कर्थक, सरू बराल, राजीवनन्दन कर्माचार्य, शाश्वत पराजुली, मधुसूदन गिरी, डा. विमल कोइराला, हेम सुवेदी, नारायण श्रेष्ठ तथा गोवर्द्धन श्रेष्ठ आदि देखिन्छन् । यो समयावधिमा एकपछि अर्को गीतकार थपिने क्रम तीव्र छ । गीतमा पनि नौला प्रयोग बढेका छन् । यस समयावधिका गीतमा

मानवता तथा समानताको भावको अभिव्यक्ति धेरै नै भएको पाइन्छ । संस्कृतिको प्रयोगका साथै स्थानीय रङको प्रयोग बढ्दो छ । राजनैतिक अस्थिरताका कारण देशले भोगेका कष्टको चित्रण पनि हालका गीतमा पाइन्छ । यसरी नेपाली गीतले विभिन्न चरण र उपचरण पार गर्दै आएर विकासको गतिलाई अगाडि बढाएको छ । चाहे अनुभूति प्रधान गीत हुन चाहे चलचित्र या बालगीत । सबैमा जनताका भावना, सुख-दुःख, अभाव र पछौटेपन तथा प्रगतिका सन्देश गुञ्जँदै आएका छन् । यो लामो यात्रामा नयाँ प्रविधिले दिनानुदिन चुनौती र अवसर पनि थपेकै छ । समग्रमा नेपाली गीतको भविष्य उज्ज्वल छ ।

यसैगरी गीत लेखन सँगसँगै अगाडि बढेको गजल लेखन परम्परा पनि गीत लेखनको आधुनिक कालदेखि निरन्तर अगाडि बढेको पाइन्छ । नेपाली गजलबारे गहन अध्ययन-अनुसन्धानको न्यूनताका कारण नेपाली गजलको इतिहास जथाभावी लेख्ने गरेको पाइन्छ । नेपालीमा गजल लेखनको थालनीका बारेमा अड्कलबाजीका आधारमा कतिपय सामान्य मतमतान्तर पाइए पनि गजल कविताकै एउटा प्रमुख उपविधा भएको हुँदा नेपालीमा गजलको इतिहासलाई कविताको इतिहाससँगै जोडेर हेर्नुपर्ने हुन्छ । नेपाली कविताको प्राथमिककालीन समयावधि (शुरूदेखि १९४० सम्म) मा गजलको रचना भएको पाइँदैन । नेपाली कविताको माध्यमिक काल (१९४१-१९९१) को प्रारम्भ अर्थात् मोतीराम भट्टको आगमनसँगै नेपालीमा गजल लेखन परम्पराको थालनी भएको हुँदा यहीँबाट शुरू गरेर नेपाली गजलको इतिहास केलाउनुपर्ने हुन्छ ।

नेपाली गजलको इतिहास नेपाली कविताको इतिहासभन्दा निकै पछि अर्थात् नेपाली कविताको माध्यमिक कालमा मात्र थालिएको हो । यसको गति कहिले तीव्र र कहिले सुस्त हुँदै कविताको भन्दा केही पृथक् ढङ्गले अघि बढेको पाइन्छ । नेपाली कविता र गजलका इतिहासको बीच पूरै तालमेल नखाने स्थिति देखिएकाले नेपाली गजलको इतिहासलाई नेपाली कविताको इतिहाससँग जोड्दै हेरे तापनि गीत लेखनको आधुनिक कालसँगसँगै अगाडि बढेको पाइन्छ । जसअन्तर्गत नेपालमा मोतीराम भट्टले गजल भित्र्याएदेखि १९९१ सम्मको समयलाई पहिलो चरण, १९९१ देखि २०३५ सम्म दोस्रो चरण र २०३६ देखि यता तेस्रो चरण गरेर अध्ययन गर्न सकिन्छ (लुइटेल, २०६७ : ८०) । मोतीराम भट्टले बनारसमा बस्दा भारतेन्दु हरिश्चन्द्र तथा त्यतैको साहित्यिक परिवेशबाट प्रभावित भएर गजल लेख्न थालेको देखिन्छ । उनले बनारसमा बस्दा पद्मविलास पन्त, तेजबहादुर राना, खड्गपाणि अर्ज्याल, काशीनाथ, रङ्गनाथ, चेतसिंह आदिलाइ सम्मिलित गराएर

कविमण्डली/समस्यापूर्ति मण्डलीको निर्माण गरेको र काठमाडौँमा आएर नरदेव पाण्डे, लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, राजीवलोचन जोशी, भोजराज पाण्डे, डोलेश्वर पाण्डे, देवराज शर्मा, कालीप्रसाद आदिलाई सम्मिलित गराएर कविमण्डली निर्माण गरी सामूहिक रूपमा गजल लेखनलाई अघि बढाएको देखिन्छ । उता र यता दुवैतिर निर्मित मण्डलीलाई मोतीमण्डली नाम दिइएको छ । यसरी यिनले बनारस र काठमाडौँ दुवैतिर कविमण्डलीको निर्माण गरेर तिनका माध्यमबाट गजल सिर्जना गरेको पाइन्छ । तत्कालीन राणाहरूको दरबारिया भोगविलासजन्य परिवेशले पनि गजल सिर्जनामा थप सहयोग पुऱ्याएको देखिन्छ । त्यस वेलाका युवा कविले उमेरजन्य कारणबाट मूलतः शृङ्गारिक भावभूमिका गजलहरू सिर्जना गरेको पाइन्छ । भारतबाट विभिन्न गाएक, वादक र नर्तकहरूलई बोलाएर गजलगान गराउने दरबारियावृत्ति तथा मोतीराम भट्टको उर्दू गजलप्रतिको विशेष अनुरागका कारण त्यतिखेर गजल लेखनले निकै उर्वर अवसर प्राप्त गरेको देखिन्छ ।

यसै समयमा नेपालीको पहिलो गजल सङग्रहका रूपमा 'सङ्गीत चन्द्रोदय' (१९५६ पूर्व) प्रकाशित हुन्छ । विभिन्न कला वा भागमा विभाजित यस सङ्ग्रहको प्रथम सम्पादन र प्रकाशनबारे यकिन गर्न नसकिए पनि प्रथम पटक यसको सम्पादन मोतीराम भट्टबाट आफ्नो जीवनको अन्तिम क्षणमा भएको र यसको प्रकाशन १९५६ पूर्व भएको बुझिन्छ । यसपछि यसमा विभिन्न गजलकारका गजल थपथाप गर्दै विभिन्न संस्करणमा गजलका पुस्तक छापिएका छन् । एउटा संस्करणमा भएका रचना अर्को संस्करणमा नभएका वा केही भिन्न भएका वा थपिएका स्थिति पनि रहेको पाइन्छ । यसको सम्पादन र प्रकाशन विभिन्न समयमा विभिन्नले विभिन्न भागमा गरेको देखिन्छ । नेपालबाट १९६९ सालमा गोपीनाथ लोहानी र दुर्गदेव पाण्डेको सम्पादनमा तथा लक्ष्मीदत्त पन्तको सम्पादनमा १९६९ सालमै छुट्टाछुट्टै कृति प्रकाशित भएको देखिन्छ । यसमा केही नामधारी व्यक्तिका तथा केही बेनामे व्यक्तिका गजलसमेत समावेश गरिएका छन् । यस्तैगरी, १९८४ सालमा बनारसबाट बा. शिवप्रसाद उर्फ राघोरामद्वारा सम्पादित र प्रकाशित 'सङ्गीत चन्द्रोदय' पनि उपलब्ध छ । १९९८ सालमा जी.सी. शर्माको सम्पादन्न र बाबु माधवप्रसाद शर्माको प्रकाशनमा यसको प्रकाशन भएको छ । यसमा पहिले नभएका अन्य गजलकारका गजल पनि राखिएका छन् र कतिपय गजलको भाषासमेत हेरफेर गरिएको पाइन्छ ।

२००८ सालमा सुब्बा होमनाथ केदारनाथको सम्पादन र प्रकाशनमा 'ठूलो सङ्गीत चन्द्रोदय' नामबाट प्रकाशित भएको देखिन्छ । यी सबैमा गजलको विन्यासक्रमका साथै

भाषामासमेत एकरूपता पाइँदैन । नामे र बेनामे, शीर्षकयुक्त तथा शीषकमुक्त दुवै खाले गजल यिनमा सङ्कलित छन् । पहिलो सङ्गीत चन्द्रोदयमा मोतीराम भट्ट, लक्ष्मीदत्त पन्त इन्दु, नरदेव पाण्डे 'सुधा', गोपीनाथ लोहानी नाथ, गजब, रत्नलाल रत्न, मियाँ अन्जद हुसेन अन्जान, शम्भुप्रसाद ढुङ्गेल आदिका गजल र गजलधर्मी रचना भिन्न-भिन्न सङ्ख्यामा सङ्कलित छन् । यसरी विभिन्न सर्जकले गजल सङ्कलन गरी पटक-पटक छापिएको यस सङ्ग्रहले नेपाली गजलको विकासमा उल्लेख्य भूमिका खेलेको देखिन्छ । यसमा सङ्कलित गजलमा शृङ्गारिक भावका साथै भक्तिभाव र प्रकृति चित्रण पनि पाइन्छ । शृङ्गारिक गजलमा कामवासनात्मक अभिव्यक्ति तथा भक्ति भावनामा आधारित गजलमा पनि कृष्ण र राधाका सन्दर्भबाट शृङ्गारभावकै अभिव्यक्ति गरिएको छ ।

त्यसवेला प्रकाशित अर्को उल्लेख्य कृति 'बरालको आँसु' (१९८९) हो । यसमा बहादुरसिंह बराल, मित्रसेन, दुर्गा मल्ल, गङ्गावती, मैतराम, पवित्रादेवी, शमशेरसिंह, दिलीप आदिका कतिपय गजल र गजल ढाँचाका रचना सङ्कलीत छन् । यसमा सङ्कलित गजलमा शृङ्गार एवम् भक्तिभावको वर्चस्व रहेको छ । यसैगरी, रसिकजन भनी ज्ञानशक्ति प्रेस गोरखपुरद्वारा प्रकाशित 'नञा गजल'मा भक्त, बेहोसी, निरालाजस्ता उपनामधारी विभिन्न गजलकारका गजल सङ्कलित छन् ।सङ्कलित गजलमा शृङ्गारका साथै व्यङ्ग्यात्मक अभिव्यक्ति पनि पाइन्छ । 'सङ्गीत चन्द्रोदय', बरालको 'आँसु र नञा गजल' शीर्षकका तीनवटै सङ्ग्रहमा सङ्कलित गजलमा परम्पराको प्रायः निर्वाह गरिएका कारण ती लयात्मक र गेयात्मक गुणयुक्त छन् ।

यस समयमा उल्लेख्य गजलकारका रूपमा शम्भुप्रसाद ढुङ्गेललाई लिइन्छ । यिनी नेपालीमा अत्याधिक सङ्ख्यामा गजल लेख्ने गजलकारका रूपमा परिचित छन् । यिनका थुप्रै गजल 'शम्भु भजनमाला' (१९७६) मा सङ्गृहीत छन् । यसबाहेक यिनका *वीरबलविलास, रत्नावली नाटीका, शकुन्तला नाटक, अशोक सुन्दरी नाटीका, निर्गुण भजन, हात्तीमताइको कथा, गुलबकावली, सुनकेसरा रानीको कथा, अमोल मैयाको कथा, तोतामैनाको कथा* आदि कृतिमा केही सङ्ख्यामा गजल समाविष्ट छन् । यिनको 'शम्भुका गजल' (२०५४) शीर्षक गजल सङ्ग्रह पनि प्रकाशित छ (लुइटेल, २०६७ : ८२) । ढुङ्गेलसैद्धान्तिक सचेतताका साथ गजल सिर्जना गर्ने गजलकार हुन् । ढुङ्गेलका गजलमा सम्भोग र विप्रलम्भ शृङ्गारका साथै राम, कृष्ण, शिव आदिका माध्यमबाट भक्तिभावको प्रस्तुति, नीतिचेतना, शासकस्तुति, प्रकृति चित्रण, आत्मजीवनीको प्रस्तुति, सामाजिक व्यङ्ग्य, राष्ट्रप्रेम आदि पाइन्छ । विषयगत

विविधता, आगन्तुक शब्दको स्वाभाविक प्रयोग, भाषिक सरलता, सहजता, विभिन्न बिम्ब, प्रतीक र अलङ्कारको सहज प्रयोग यिनका गजलमा पाइने प्रवृत्ति हुन् ।

यसै समयावधिमा लेखनाथ पौड्याल, बालकृष्ण सम आदिले पनि गजल ढाँचाका केही रचना लेखेको पाइन्छ । समग्रतः यस चरणमा कसैले परिपाटीबद्ध नियमानुसार सचेततापूर्वक गजल सिर्जना गरेका छन् भने कसैले असचेत रूपमै गजल ढाँचाका कविता सिर्जना गरेका छन् । शृङ्गारिकता प्रमुख प्रवृत्ति रहेको यस चरणमा ईश्वरभक्ति, राष्ट्रप्रेम, नैतिक आदर्श, जातीय सुधार विषयक गजलको सिर्जना गरिएको पाइन्छ । अरबी-फारसी छन्दको प्रयोग, उर्दूका गजलको प्रभाव, समस्यापूर्तिका ढङ्गबाट गजलको सिर्जना, मण्डली निर्माण गरी सामूहिक रूपमा गजलको सिर्जना, नामे-बेनामे तथा शीर्षकयुक्त र शीर्षकमुक्त दुवै खाले गजलको सिर्जना, सामूहिक रूपमा गजलको लेखन र प्रकाशन, गद्यप्रधान कृतिमा समेत केही गजल समावेश गर्ने प्रचलन पाइन्छ । विभिन्न अलङ्कारको प्रयोग, भाषिक विविधता, लयात्मकता, गेयात्मकता यस चरणका गजलमा पाइने प्रवृत्ति हुन् ।

गजल लेखन क्रममा भीमनिधि तिवारी, उपेन्द्रबहादुर जिगर आदिको आगमनपछि संरचनाका साथै विषयवस्तुको प्रस्तुतिगत विविधता देखापर्छ र नेपाली गजलले अर्को मोड लिन्छ । यस वेलाका उल्लेख्य गजलकार पहिलो स्थानमा भीमनिधि तिवारी रहन्छन् । यस समयमा प्रशस्तै गजल लेख्ने गजलकारमा भीमनिधि तिवारी अग्रपङ्क्तिमा आउँछन् । यिनको 'मेरी बयासी गजल' (१९९४) र 'बयासी र बीस गजल मेरी' (२००२) गजल सङ्ग्रह प्रकाशित छन् । तिवारीका कतिपय गजल यिनकै 'सहनशीला सुशीला', 'पुतली'जस्ता नाटकमा पनि समाविष्ट छन् । यिनका गजलमा संरचनामा विषयवस्तुगत विविधता र व्यापकता पाइन्छ । यिनले कतिपय गजलमा प्रचलित संरचनालाई भत्काएर आयाम विस्तारसमेत गरेका छन् । संयोग र वियोगजन्य शृङ्गारिकता, भक्तिभावका साथै सामाजिक विषयवस्तुलाई पनि गजलमा भित्र्याएका छन् । मानिसको जीवन क्षणिक छ, ऊ यस संसाररूपी धर्मशालामा पाहुनाका रूपमा आएको हो । मर्दा कसैले केही लाँदैन भन्नेजस्ता दार्शनिक अभिव्यक्ति यिनका गजलमा पाइन्छ । यिनका गजलमा शासक स्तुतिका साथै सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य भावको अभिव्यक्ति पाइन्छ । विभिन्न बिम्ब, प्रतीक र अलङ्कारको स्वभाविक प्रयोग पाइने यिनका गजलमा प्रायः चलनचल्तीका केही आगन्तुक शब्द पाइए पनि अधिकांश नेपाली शब्दकै वर्चस्व रहेको छ । भाषिक सरलता र आनुप्रासिक संयोजनका कारण यिनका धेरैजसो गजल सुबोध, लयात्मक र गेयात्मक

गुणयुक्त छन् । तिवारीपछि उपेन्द्रबहादुर 'जिगर' यस चरणका अर्का गजलकार हुन् । यिनको 'एक सय एक गजल' (१९९६) शीर्षक गजल सङ्ग्रह प्रकाशित छ । यिनका गजलमा विषयगत र भाषाशैलीय विन्यासगत विविधता पाइन्छ ।

यस चरणमा गजल सिर्जना गर्ने अन्य गजलकारमा कृष्ण मञ्जरीदेवी, म.वी.वि. शाह, भूपी शेरचन, छिन्नलता, राममान तृषितलगायतका गजलकारले यो चरणलाई समृद्ध बनाएको पाइन्छ । यहाँ उल्लेख गरिएका गजलकारका कृति पुरै गजलका नभएर कविताकृति हुन् र तिनमा केही सङ्ख्यामा गजल पनि समावेश छन् । यस्तै ढङ्गबाट पनि यिनीहरूले नेपाली गजल लेखनलाई निरन्तरता दिने काम गरेका छन् । यीमध्ये कतिपयले यस चरणमा मात्र सीमित नरही धेरैजसोले पछिल्लो चरणमा आफ्नो सिर्जनालाई निरन्तरता दिएको देखिन्छ । यिनमा कृष्णमञ्जरीका गजलमा कृष्ण, राम, हरि आदिको भक्तिभाव बढी मात्रामा पाइन्छ । म.वी.वि शाहका गजलमा शृङ्गारमूलक मानवीय प्रेमप्रणय तथा देशप्रेमको भावना पाइन्छ । भूपिका गजलमा स्वार्थप्रेरित संसारका आशा-निराशा अभिव्यञ्जित छन् । छिन्नलताका गजलका मानवीय प्रेमप्रणय, भक्ति, प्रकृति चित्रणका साथै आशावादी स्वर मुखरित भएको देखिन्छ । राममान तृषितका गजलमा सम्भोग र विप्रलम्भ शृङ्गारभाव र केही गजलमा ईश्वरीय भक्तिभावको अभिव्यक्ति पाइन्छ । यस समयमा माथि उल्लेख गरिएका बाहेक लक्ष्मीप्रसाद देवकोटा, तारिणीप्रसाद कोइरालालगायत अन्य व्यक्तिले गजल सिर्जना गरेको देखिन्छ । अघिल्लो चरणका तुलनामा यस चरणमा गजल लेखनमा सुस्तता आएको देखिन्छ । कतिपय प्रवृत्तिको पुनरावृत्ति, शृङ्गारिकता र भक्तिभावकेन्द्री गजलकै आधिक्य, आशा र निराशाका स्वरको प्रस्तुति भएको पाइन्छ । भाषिक सरलता, अक्षर विन्यासका माध्यमबाट लयोत्पादन, आलङ्कारिकता र शब्दसाङ्गीतिकता आदि यस चरणका गजलका प्रवृत्ति हुन् । पहिलो चरण भन्दा दोस्रो चरणमा गजल लेखन थप परिस्कृत हुँदै गएको देख्न सकिन्छ ।

नेपाली गजल परम्परा सुस्त ढङ्गले अघि बढिरहेका वेला नेपाली कविताको समसामयिक धाराको प्रारम्भ सँगसँगै ज्ञानुवाकर पौडेललगायतका गजलकार यस चरणमा देखा परेका छन् । यस चरणमा गजल सिर्जना गर्ने प्रमुख गजलकारमा धर्मोगत शर्मा 'तुफान', रवि प्राञ्जल, उज्ज्वल जि.सी., ज्ञानुवाकर पौडेल, घनश्याम न्यौपाने 'परिश्रमी', यज्ञविक्रम शाही, मनु ब्राजाकी, धर्म अकिञ्चन, वियोगी बुढाथोकी, श्रेष्ठ प्रिया पत्थर, आर.बी. फ्लेम, के.बी. उदय, गोवर्धन पूजा, दिव्य गिरी, काशीराम विरस, गोविन्दराज

विनोदी, टीकाराम उदसी, बुँद राना, अमर त्यागी, उत्सव खरेल, पूर्ण भण्डारी 'पङ्कज', रमेश हरिलट्ठक, विजय सुब्ब, कृसु क्षेत्री, रामजी घिमिरे जस्ता गजलकार देखिएका छन् । यसरी नेपाली गीत र गजल लेखनको विकास हुँदै आएको पाइन्छ ।

### ३.७ रामजी घिमिरेको गीतियात्रा

प्राचीनकालदेखि मौखिक रूपमा मानव समाजमा प्रचलित गीत विधाको विकास भएको हो । लेखन कलाको विकास भएदेखि गीत लोकप्रिय भएकोले यसको महत्त्व र अस्तित्व माथि प्रश्न लगाउने ठाउँ छैन । स्वतन्त्र विधाका रूपमा लेख्य परम्परामा पछि देखिए तापनि यो विधा कविता तथा नाटकमा महत्त्वपूर्ण स्थान पाई हुर्केको देखिन्छ । यसले अन्य साहित्यका विधालाई लोकप्रिय बनाउनमा वैशाखीको काम गरेको छ । विश्वका अन्य भाषामा जस्तै नेपाली भाषामा पनि गीत लेखन मौखिक परम्पराबाट प्रारम्भ भएपछि मात्र लेख्य परम्परामा थालियो । हाल आएर नेपाली भाषामा लेखिएका गीतले उत्कृष्ट स्थान पाएका छन् । नेपाली गीत लेखन यात्रामा थुप्रै पुराना र नयाँ स्रष्टा तल्लिन छन् ।

बाल्यकालमा गाउँमा सारङ्गी बजाउने गन्धर्वको गायनबाट प्रभावित भएर गीत लेखनमा लागेका घिमिरे २०५६ सालदेखि गीतियात्रामा निरन्तर साधनारत छन् । पहिलो राष्ट्रिय गीत 'मेची रोयो-काली रोयो' रेकर्ड भएको थियो । उक्त गीत रेडियो नेपाल जस्ता विभिन्न प्रसारण माध्यमबाट बज्न थालेपछि सोही गीतको चर्चाले उनलाई निरन्तर गीत लेखनमा प्रेरणा मिल्न थाल्यो । तत्कालिन नेपाली शाही सेनामा कार्यरत घिमिरेको गीत उक्त समय एउटा चर्चित स्वदेश गानका रूपमा स्थापित भएको पाइन्छ । नेपाली सेनाको विभिन्न बटालिएनमा रहेर काम गर्दा उनको गीतले पाएको लोकप्रियताकै कारण उनी गीत लेखनमा लाग्दै गए । उनले २०६० सालमा नेपाली गीति एल्बम 'रसना भाग-१' प्रकाशन गरेको पाइन्छ ।

यस्तै, २०६० को दशकपछि उनको गीति यात्रा र साहित्यिक यात्रा निरन्तर क्रियाशीलताका साथ अगाडि बढ्न थालेको देखिन्छ । यो समयमा उनका नेपाली गीति एल्बम 'रसना भाग-२' (२०६१), नेपाली गीत एल्बम 'रसना भाग-३' (२०६२), 'हरायौ तिमी बिरानो देशमा' (गीत सङ्ग्रह-२०७०) 'रामजी घिमिरेका १०१ गजल' (गजल सङ्ग्रह-२०७१), 'आयौ फेरि सपनीमा' (गीत सङ्ग्रह-२०७३), नेपाली गीति एल्बम 'तिर्सना' (२०७३) जस्ता गीति एल्बम बजारमा आए । उनका 'रसना भाग १, २ र ३' गीति एल्बम, 'तिमी

हरायौं बिरानो देशमा' र 'आयौ फेरि सपनीमा' सङ्ग्रहमा रेकर्ड भएका र नभएका जम्माजम्मी दुई सय २० वटा गीत सङ्गृहीत छन् ।

यसरी नेपाली गीत लेखन तथा प्रकाशन यात्रा अगाडि बढिरहेको वेला रामजी घिमिरे नेपाली गीतको विकासक्रमको आधुनिक कालका तेस्रो चरणका गीतकार हुन् । उनले गीत लेखनको क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाएका छन् । नेपाली गीतको विकासक्रमलाई हेर्दा गीत लेखन शृङ्खला आधुनिक कालसम्म आइपुग्दा निकै परिस्कृत र परिमार्जित भएको पाइन्छ, किनकि गीत समाजको साझा सम्पत्ति हो । यो सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य र दायित्व भएकाले । नेपाली गीतको विकासक्रम सँगसँगै गीत लेखन शृङ्खला जसरी अगाडि बढ्दै आएको छ । गीत लेखनमा गीतका मुख्य घटकलाई ध्यानमा राखेर गीत रचना गर्ने रचनाकारले आफूलाई सचेत गीतकारका रूपमा प्रस्तुत गर्दै आएका छन् । जसरी गीत सर्जक दिनप्रतिदिन उदाउने र गीतको विकास हुने भएको छ । यसै क्रममा गीतकार रामजी घिमिरे पनि नेपाली गीति यात्रामा साधनारत छन् ।

### ३.८ रामजी घिमिरेको गजलयात्रा

नेपाली कविताको माध्यमिक काल (१९४१-१९९१) नेपाली गीतको विकासक्रमको माध्यमिक काल अर्थात मोतीराम भट्टको आगमनसँगै नेपाली गजल लेखन परम्पराको थालनी भएको हो । यसर्थ नेपाली गजल लेखनलाई यहीँबाट शुरू गरेर नेपाली गजलको इतिहास केलाउनुपर्ने देखिन्छ । प्रस्तुत शोधका नायक रामजी घिमिरे गीत सँगसँगै गजल लेखनमा क्रियाशील स्रष्टा हुन् । अझै पनि साधनारत रहेका घिमिरेका 'रामजी घिमिरेका १०१ गजलहरू' (२०७१) र 'ठेकी मदानी' (२०७४) दुई गजल कृति प्रकाशन भएका छन् । एक कृतिको नामै १०१ गजलहरू राखेर एक सय एक थान गजल समावेश गरेका घिमिरेको ठेकी मदानी गजल कृतिमा पनि उनले एक सय बढी गजललाई समावेश गरेका छन् ।

उनको पहिलो कृतिमा २०७१ साल अगाडि लेखिएका गजल समावेश छन् । पछिल्लो कृतिमा २०७० देखि २०७४ को सेरोफेरोमा लेखिएका गजल समावेश छन् । उनले विभिन्न फुटकर पत्रिका र कृतिमा प्रकाशित गरी पाँच सय बढी गजल गरिसकेको पाइन्छ । उनका फुटकर गजलको अध्ययन भने प्रस्तुत शोधमा समावेश गरिएको छैन । नेपाली गीत तथा गजल लेखन परम्परालाई नियाल्दा दिन दुई गुना रात चार गुणा वृद्धि भइरहेको छ । आम सचेत स्रष्टाले गीत तथा गजललाई अस्तित्व प्रदान गर्ने समग्र संरचक घटकलाई मध्यनजर

गर्दै आफ्ना सिर्जना गरेका छन् । ती सिर्जनाकै माध्यमबाट यो संसारको चित्रण नेपाली वाङ्मयको क्षेत्रमा भएको देख्न सकिन्छ । जसरी एउटा सुन्दर गीत तथा गजल निर्माण गर्नमा तीनका अवयवले अहम भूमिका खेलेका हुन्छन् त्यस्तै गरेर गीत तथा गजल लेखनका आधुनिक कालका स्रष्टा घिमिरेले पनि आफ्नो सिर्जनशील यात्रालाई अगाडि बढाएका छन् ।

**३.९ निष्कर्ष**

अन्तमा, के भन्न सकिन्छ भने, रामजी घिमिरे नेपाली गीत र गजल लेखन यात्रामा एक कुशल गीतकार हुन् । गीतकार मात्र नभएर गजलकार हुन् । उनी गीतकार र गजललकारकै रूपमा परिचित छन् । घिमिरेले हालसम्म एक हजारको हाराहारीमा फुटकर गीत र गजल लेखिसकेका छन् । यस अध्ययनमा उनका २०७३ सालसम्म प्रकाशन भएका गीति एल्बम र गजल कृति भित्रका गजलको संक्षिप्त अध्ययन तथा विश्लेषण गरिएको छ । उनका गीत र गजलको सार सङ्क्षेप चर्चा शोधपत्रको अध्याय चारमा गरिएको छ ।

अध्याय : चार

# रामजी घिमिरेका काव्यकृतिको अध्ययन

## ४.१ रामजी घिमिरेको काव्यकारिता

रामजी घिमिरे बाल्यकालदेखि नै कला, साहित्य र सङ्गीतप्रति झुकाव भएका स्रष्टा हुन् । उनले २०५० सालको दशकमा आएर मात्र आफ्नो सिर्जना यात्रालाई अभिव्यक्त गर्ने अवसर पाए । फुटकर विभिन्न समयमा रचना प्रकाशन भए तापनि उनीसँग त्यसको आधिकारिक स्रोत नभएका कारण २०५६ सालमा रेकर्ड भएको गीत नै उनको पहिलो प्रकाशित सामग्री हुन पुगेको देखिन्छ ।

फुटकर एकल राष्ट्रिय गीत 'मेची रोयो-काली रोयो' (२०५६) रेकर्ड गराएर गीतियात्रामा अगाडि बढेका घिमिरेको उक्त गीत तत्कालीन समयमा चर्चामा थियो । देशमा २०५२ सालबाट सशस्त्र विद्रोह शुरू गरेको तत्कालीन नेपाल कम्युनिष्ट पार्टी माओवादी र राज्य पक्षका बीच दुस्मनको जस्तो व्यवहार चल्न थालेपछि घिमिरेको कवि मनलाई घोच्यो । उनले दाजुभाइमा मारामार र काटाकाटको युद्ध चल्न थालेपछि उक्त गीत लेख्न पुगे । नेपाल टेलिभिजनले आफ्नै लगानीमा श्रव्यदृश्य तयार गरेको उक्त गीतमा यस्तो राष्ट्रिय भाव व्यक्त भएको थियो,

*मेची रोयो-काली रोयो तराई पहाड रोयो*
*दाजुभाइ लडी मरे देशमा के-के भयो ।*

देशमा द्वन्द्वकाल रहँदाको दशकसम्म राष्ट्रिय गीतका रूपमा उक्त गीत रेडियो नेपाल, नेपाल टेलिभिजनसहित विभिन्न राष्ट्रिय प्रसारण माध्यमबाट दैनिक बज्न थाल्यो । उक्त गीत सँगसँगै उनलाई स्वदेश र विदेशमा रहेका नेपालीले गीतकार रामजी घिमिरेका रूपमा चिन्न थाले । जब देशमा २०६२/०६३ को जनआन्दोलन भयो, तत्कालीन नेकपा माओवादी शान्ति प्रक्रियामा आयो । विभिन्न समयमा विभिन्न सहमति हुँदै तत्कालीन

विद्रोही पक्ष शान्ति प्रक्रियामा आई राज्यको शासनसत्ता सम्हाल्न पुगेपछि उक्त गीतलाई हाल सञ्चारमाध्यमले प्रसारणमा निषेध गरेको पाइन्छ । उनको उक्त राष्ट्रिय गीत प्रसारणमा रोक लागे तापनि उनका अन्य सदावहार राष्ट्रिय गीत, दसैँ तिहारका गीत भने नेपाल टेलिभिजन र रेडियो नेपालबाट प्रसारण हुँदै आएका छन् ।

यसरी गीति यात्रामा लागेका घिमिरेका हालसम्म चारवटा गीति एल्बम र दुई गीति सङ्ग्रह प्रकाशन भएका छन् । यस शोधपत्रमा उनका प्रकाशन भएका एल्बमका गीत र गीति कृतिका गीतको आंशिक अध्ययन तथा विश्लेषण निम्नानुसार गर्न सकिन्छ ।

## ४.२ रामजी घिमिरेका गीतको अध्ययन

रामजी घिमिरे गीत तथा गजल लेखनमा सिर्जनशील स्रष्टा हुन् । उनले साहित्य साधनाको सन्दर्भमा हालसम्म चार वटा गीति एल्बम रसना भाग १ (२०६०) रसना भाग-२ (२०६१), रसना भाग-३ (२०६२), तिर्सना (२०७३) बजारमा ल्याई सकेका छन् । गीति एल्बम सँगसँगै उनका दुई गीति पुस्तक 'हरायौ तिमी विरानो देशमा' (२०७१) र 'आयौ फेरि सपनीमा' (२०७३), गीति एल्बम तिर्सना (२०७४) प्रकाशन भएका छन् । जसको प्रवृत्तिगत विशेषताका आधारमा कृतिपरक अध्ययन गरिएको छ ।

### ४.२.१ गीति एल्बम 'रसना भाग-१' (२०६०) को अध्ययन

नारायण वलीद्वारा सङ्गीतवद्ध गरिएको उनको रसना भाग १ मा नौ वटा गीत समावेश छन् । उक्त गीति एल्बममा *आँखा भरी, नबोलेको लौन किन ? वनपाखामा न्याउली रोयो, साँझ ढल्छ, हरायौ तिमी बिरानो देशमा, हेरी राम्रो हिमचुली, ढुङ्गेधारा, सधैँ राती सपनीमा, नेपालीका सपुत हामी*लगायतका गीत समावेश छन् ।

उक्त एल्बमका गीतमा अञ्जु पन्त, सपना श्री, कर्णदास, मनोज सेवा, नारायण वलीलगायतका कलाकारको स्वर रहेको छ । प्रस्तुत एल्बममा रहेको गीत 'नेपालीका सपुत हामी' गीत राष्ट्रिय भावनाले ओतप्रोत भएको राष्ट्रिय गीत हो । राष्ट्र, राष्ट्रियता र स्वाभिमानका लागि कुनै पनि शक्ति सामु नझुक्ने बहादुर नेपालीको गाथालाई गीतमा समावेश गरिएको छ । गीतमा कहिले शिखरमा टेक्दै कहिले तराईका फाँटमा टेक्दै नेपाल आमाको स्वाभिमानका लागि कहिल्यै पनि पिठ्यु फर्काएनौ भन्ने भाव व्यक्त गर्दै गीतमा भनिएको छ,

*नेपालीका सपुत हामी कर्तव्यमा चुक्ने छैनौं*
*कुनै पनि शक्ति सामु कहिले झुक्ने छैनौं*

प्रस्तुत गीतमा पहाड आफैंमाथि खसे पनि हाम्रो छाती थिचिन दिने छैनौं, कहिल्यै आफ्नो स्वाभिमानमा आँच आउन दिँन्नौ भन्ने भाव व्यक्त गरिएको छ । गीतमा हिजो नेपाली दाजुभाइले टिष्ठादेखि काँगडासम्म किल्ला बाध्नका लागि पुऱ्याएको योगदानको चर्चा छ । उक्त योगदानका लागि बलिदान दिन पुगेका वीर सपुतको आलो रगतको इतिहास अझै सुकेको छैन । हामी कदापि त्यसलाई सुक्न दिनु हुँदैन भन्दै त्यसलाई जोगाउन हामी लाग्नुपर्छ भन्ने आशय गीतमा यसरी अभिव्यक्त भएको छ ।

*कहिले टेक्छौं शिखरमा कहिले फाँट तराईमा*
*कहिले पिठ्युँ फर्काएनौ कुनै पनि लडाइमा*
*जबसम्म देश नरेशको आशीष हुन्छ शिर माथि*
*खसोस् पहाड हामीमाथि थिचिदैँन हाम्रो छाती*

नेपाल आमाका वीर सन्तानहरू हिजो टिष्टादेखि काँगडा जोगाउनका लागि बलीवेदीमा चढेर आए । अब भोलिका दिनमा पनि नेपालको सुनौलो इतिहास लेख्नका लागि र पुर्वजको नासोलाई जोगाउन ज्यानको कुरवानी दिन हामी तयार छौं भन्ने भावलाई यसरी व्यक्त गरिएको छ ।

*टिष्ठादेखि काँगडासम्म किल्ला बाध्यौ यी हातले*
*बलि चढी देशको निम्ति इतिहास लेख्छौं रगतले*
*अझ पनि पुर्वजको नासोलाई जोगाउन*
*कहिले पछि पर्ने छैनौं ज्यानै बली चढाउन ।*

यस गीतलाई हेर्दा के भन्न सकिन्छ भने, नेपाली दाजुभाइ स्वाभिमान र स्वाधिनताका लागि ज्यानकै बली चढाउन पनि आतुर छन् । उनीहरू कुनै समयपछि पर्दैनन् भन्ने नेपालीको स्वभावलाई देखाइएको छ । प्रस्तुत गीतमा गीतकारले हाम्रै जनजीवनमा प्रयोग हुने सरल, सहज र सरस भाव व्यक्त गर्ने शब्दको प्रयोग गरेका छन् । गीत राष्ट्रिय भावना बोकेको गीत हो ।

यस्तै, एल्बममा रहेको 'आँखाभरी नाँच्छ सधैँ' गीत प्रेममा वियोग भएका युगल जोडीको कहानीलाई विषयवस्तु बनाइएको गीत हो । गीतमा छाडेर जाने निष्ठुरीको छाया सधैँ नाँच्दै रहेका कारण प्रेमीलाई पीडा बोध भएको छ । उक्त पीडालाई अन्त्य गर्नका लागि गीतकारले गीत लेख्छन् । उपन्यासकारले उपन्यास लेख्छन् । कविले कविता लेख्छन् । सोही सन्दर्भमा गीतकार घिमिरेले आफ्नो मनको भावलाई यसरी गीतमा पोखिएको छ,

*आँखाभरी नाँच्छ सधैँ बैगुनीको छाया*<br>
*कति उभाऊ अञ्जुलीमा पोखिएको माया*

घिमिरेको प्रस्तुत गीतमा सधैँ हासी खुसी रहने मनलाई एकाएक विरहले छोएपछि आँखाबाट आँसु झर्न थालेका छन् । जून रुँदा शीत हुने गरेको देखेका जोडीलाई आफू रुँदा गीत बनेको आभाष भएको छ । अन्य व्यक्तिका अगाडि आफ्नो मनको वेदना लुकाएर हास्न खोज्दा पनि अनायासै आँसु झरेको छ र गीत बनेको छ यसरी,

*सधैँ फुल्ने यो मनलाई विरहले छोयो*<br>
*आँसु झार्दै जून हेरे जुनै पनि रोयो*<br>
*जूनको आँसु शीत बन्यो मेरो आँसु गीत*<br>
*नफक्रदै ओइलाई झर्ने कस्तो लाएँ प्रित ।*

घिमिरेको गीतमा मनको बाँध आफै फुटेको छ त्यही फुटेको बाँधबाट आँखाका डिल रसाएका छन् । रसाएर बगेका आँसुले बहनका लागि तीर पाएका छैनन् । तीर नपाएपछि जिन्दगीमा पीर परेको छ । जुन पीर यसरी गीत बनेको छ,

*अरू सामु हास्न खोज्छु पीर लुकाएर*<br>
*झर्छ आँसु तर मनको बाँधै फुटाएर*<br>
*आँसुसँगै बग्न थाले पाइन कतै तीर*<br>
*माया भन्नु यस्तै रै'छ पीर माथि पीर*

यसरी प्रस्तुत गीतमा माया लगाउन नजान्दा आज आफ्नो माया नफर्क्रदै ओइलाएर गएको छ भनिएको छ । माया हराएको आभाष भएकाले गीतले माया भन्नु यस्तै पीर माथि पीर रहेछ । मायामा चिन्ता गर्नु आफूलाई घाटा हो । छोटो समयमा माया प्रेममा परेर पछुताउने काम नगरौं भन्ने सकारात्मक सन्देश दिएको छ ।

रसना भाग-१ एल्बममा रहेको अर्को 'नबोलेको लौन किन' गीतमा घर परिवारसँगै रहेर आफ्नो कर्तव्यपालनका निम्ति निस्कन लागेको एउटा राष्ट्रसेवक कर्मचारी घर परिवार छोडेर आफ्नो जागिरमा जान लागेको सन्दर्भलाई मार्मिक रूपमा यसरी प्रस्तुत गरिएको छ ।

*नबोलेको लौन किन मेरो एउटा बिन्ती सुन*
*जादै छु म तिम्लाई छोडी पल्टनमा हाजिर हुन*

नबोलेर के नै हुन्छ र ? मेरो एउटा बिन्ती छ । तिमीले त्यो बिन्ती सुन्दै पर्छ । म तिमीलाई छोडेर जहाँ जाँदै छु । तिम्रा लागि जाँदै छु । तिम्रो खुसी र घरपरिवारको सुन्दर भविष्यका लागि म पल्टनमा हाजिर हुन जाँदै छु भनिएको छ । यस्तै गीतमा आगुम साल आउन पाइन्छ, पाइँदैन त्यसैले हासी मुखले विदा देऊ भन्ने आशय गीतमा यसरी व्यक्त गरिएको छ ।

*आगुम साल फेरि छुट्टी पाइन्छ कि पाइँदैन*
*के भरोसा जिन्दगीको आइन्छ कि आइँदैन !*
*मुख छोपी नरोऊ प्रिय साइतको शुभ दिन*
*जादै छु म तिमीलाई छोडी पल्टनमा हाजिर हुन*

प्रस्तुत गीतमा मनमा माया हुँदाहुँदै कलेजीमा गाँठो पारेर जानुपर्ने बाध्यता छ । यो अवस्थामा मन त मेरो पनि रोएको छ । तिमी निश्चिन्त हुनु म मेरो परिवारका लागि छिट्टै आउने छु । सुन्दर भविष्यसहितको बिहानी लिएर आउने छु । एकछिनको विछोड केही होइन, विछोडपछिको मिलन झन् सुखद् हुने छ । म धेरै हर्ष, उमङ्ग र खुसी लिएर आउने छु भनेर भनिएको छ ।

*तिम्रो माया कलेजीमा गाँठो पारी बोकेको छु*
*यसैगरी तिम्लाई छिट्टै भेट्ने सपना देखेको छु*
*हासी हासी बिदा देऊ आघुम साल आउँछु लिन*
*जादै छु म तिमीलाई छोडी पल्टनमा हाजिर हुन*

गीतमा एकातर्फ आम नेपाली दाजुभाइको रोजीरोटीका लागि परदेश जानुपर्ने बाध्यतालाई देखाइएको छ । अर्कोतर्फ गीतमा प्रयोग गरिएका झर्रा शब्दले पृथक मिठासता थपेको छ ।

यसैगरी, सोही एल्बममा रहेको 'वनपाखामा न्याउली रोयो' गीतमा एउटा सामान्य परिवारमा जन्मेको व्यक्तिको जिन्दगीमा हर्ष, खुसी, उमङ्ग भन्ने कुरा एकादेशको कथा

जस्तो भएको सन्दर्भलाई जोडिएको छ । वनपाखामा न्याउली रुँदा आशामा जून पनि रोएको छ । त्यही जून हेरेर म पनि रुन थालेको छु भन्ने भाव गीतमा यसरी व्यक्त गरिएको छ ।

*वनपाखामा न्याउली रोयो आकाशमा जून*

*जून हेर्दै थाले रुनँ (मनको व्यथा धुन)*[२]

प्रस्तुत गीतमा जिन्दगीमा यस्तो बिर्सन नसकिने चोट दिने को होला र किन दिएको होला । सधैँ विरहीको गीत गाउँदै हिँडिरहेको छु । अझै पनि कति विरही भाका गाउँदै हिँडु भनेर सरल भाषाशैलीको प्रयोगमा आफ्नै भाग्य माथि यसरी प्रश्न गरिएको छ ।

*कति गाइँ हिँडौँ राजै विरहको गीत*

*यस्तै गीतमा रम्दो रै'छ नजरको प्रित*

*यस्तो चोट दिने को हो तिमी आफै गुन*

*मनै थाम्न नसकेर (थाले म त रुन)*[२]

घिमिरेको प्रस्तुत गीतलाई हेर्दा हिजो सपना देखेका आँखामा आज पानी-पानी भएको छ । हिजो विरहमा सुन्दा मीठो लाग्ने बासुरीको धुनले आज मन रुवाएको छ । त्यही धुन सँगसँगै आफ्नो मन रसाएको छ । मन रसाएको भाव यसरी गीत बनेको छ ।

*स्वप्न फुल्ने आँखा भरी भयो पानी-पानी*

*व्यथै किन बाँचेको हो लाग्छ जिन्दगानी*

*विरहमा मीठो लाग्ने बासुरीको धुन*

*धुनसँगै थाले रुन मनको व्यथा धुन ।*

प्रस्तुत गीतले आँखाबाट आँसुको भेल बगेको सन्दर्भलाई उठान गरेको छ । सोही कारणले बाँचेको पनि व्यर्थै भएको छ । यस्तो जिन्दगी त के जिन्दगी भनेर आफ्नै भविष्यप्रति चिन्ता र वितृष्णाको भाव पैदा भएको सन्दर्भ गीतमा व्यक्त गरिएको छ ।

यसैगरी, प्रस्तुत एल्बममा रहेको 'साँझ ढल्छ' गीतमा जिन्दगीमा सफलता हात पार्न नसकेपछि नशामा आफ्नो जीवन ढाल्न विवश आम नेपालीको कथालाई यसरी समावेश गरिएको छ ।

*साँझ ढल्छ तल्तल जाग्छ पिउँदै बसुँ जस्तो लाग्छ*

*मलाई सधैँ पिलाउने उनको याद नै उस्तो लाग्छ*

देशमा उच्च शिक्षा हासिल गरे पनि रोजगारी प्राप्त गर्न नसकेका जनशक्ति आफ्ना सपना साकार हुन नसकेपछि चिन्तामा रहेका छन् भन्ने भाव देखाइएको छ । फलस्वरूप

उनीहरूले आफ्नो जिन्दगी अन्धकार देखेर आफूलाई नशामा डुबाएका छन् । जुन गीतमा साँझ र रोमरस बीचको प्रेमको सन्दर्भलाई जोडिएको छ । सोच्दासोच्दै आफूलाई खोया बिर्के भन्दा पनि सस्तो देख्न थालेको सन्दर्भलाई उनले गीतमा यसरी प्रस्तुत गरेका छन्,

*आजभोलि यस्तो लाग्छ ठक्कर खाँदा-खाँदा जीवन*
*खोया बिर्के भन्दा पनि यो जिन्दगी सस्तो लाग्छ*
*रातमा फूली रातमै झर्ने पारीजातको फूल देख्दा*
*पिउँदै बस्दा एकान्तमा आफैं झरे जस्तो लाग्छ*
*उदाएन कहिल्यै घाम पूरै जूनी रात हुँदा*
*भाग्य लेख्ने दैव पनि पिउँदै लेख्छ जस्तो लाग्छ ।*

प्रस्तुत गीतको अध्ययन गर्दा हिजो जिन्दगी समृद्ध बन्छ भनेर कोरा कल्पना गरेको व्यक्तिको जिन्दगीमा घाम नउदाएपछि पूरा जुनी रात भएको छ । भाग्य लेख्ने दैवले पनि नशा पिएर लेखेछ कि भनेर आफ्नो भाग्य र दैव दुवैलाई दोष दिइएको भाव गीतमा अभिव्यक्त भएको पाइन्छ ।

यस्तै, रसना भाग १ एल्बममा रहेको अर्को गीत 'हरायौ तिमी बिरानो देशमा' गीतमा आफ्नो जीवनको धनीले छाडेर गएपछि एक्ली भएकी युवतीको कथालाई समावेश गरिएको छ ।

*हरायौ तिमी बिरानो देशमा पिरती गाँसेर*
*पर्खेको पर्खौं भइछु राजै सम्झना साँचेर*

प्रस्तुत गीतमा जुग जाने पिरती गाँसेर जानेको कथालाई समेटिएको छ । हिजो पिरती लगाएर विरानो देश गएपछि फर्केर नआएका प्रेमीको वियोगमा व्याकुल भएको भाव व्यक्त गरिएको छ ।

*मिलनको सपना बोकेर सधैं म भाख्छु देउराली*
*खोजेर हिँड्छु बेचैन भई उकाली ओराली*
*चाँदनीरहित चन्द्रमा जस्तो के गर्नु बाँचेर*
*पर्खेको पर्खौं भइछु राजै सम्झना साँचेर ।*

मिलनको सपना साचेर देउरालीलाई भाकेर बसेको पनि धेरै भयो । तिमीलाई खोज्दै हिँड्दा-हिँड्दा मनमा वेचैनी पैदा भएको छ । चाँदनीरहित चन्द्रमा जस्तो आफ्नो जीवन

भएको छ । यस्तो जीवन बाँचेर के काम लाग्यो भनेर आफ्नै जीवनप्रति प्रश्न गीतकारले गरेका छन् ।

*रित्तै छ मन, रित्तै छ नजर, रित्तै छ आकाश*
*यो मनमा पनि चल्दछ कति विरही बतास*
*बाँची छु साथी तस्वीर भित्र छातीमा टाँसेर*
*पर्खेको पर्ख्यै भइछु राजै सम्झना साँचेर ।*

आफ्नो जीवनप्रतिको प्रश्न मात्रै होइन, मन रित्तै छ । नजर रित्तै छ । मन रित्तै भएपछि आँखा अगाडि दुनियाँ भए पनि रित्तो लाग्दो रहेछ त्यसैले गर्दा अब सारा आशा पनि रित्तै देख्छु । जिन्दगीमा तिमी छैन, त मेरो संसार नै शून्य छ । मनमा विरही बतास चलेको छ । छातीमा तस्वीर टाँसेर बाँचेको छु । सम्झना बाँचेर पर्खेको पर्ख्यै छु । यो पर्खाइको जीवन बाँच्न झन् गाह्रो हुँदो रहेछ त्यसैले छिटो फर्केर आऊ भन्ने आशय गीतमा व्यक्त गरिएको छ ।

यसैगरी, प्रस्तुत एल्बममा रहेको अर्को गीत 'हेरि राम्रो हिमचुली' गीतमा आफ्नै गाउँवेशी पाखारेखाको वर्णन गरिएको छ । जसरी बिहान घाम झुल्दा, टारी गैह्री खेतमा धान र तोरी फुल्दा राम्रो देखिन्छ ।

*हेरी राम्रो हिमचुली बसी शितल छाया*
*ला'को राम्रो हुन्छ नी हजुर वैंस छँदै माया*

प्रस्तुत गीतमा आफ्नै पाखारेखा, गाउँवेसीको कथालाई समावेश गरिएको छ । हिमचुली हेर्दा हिमचुली, पारी पाखा हेर्दा पारी पाखा र वारी हेर्दा वारी नै प्यारो भएको भाव गीतमा यसरी व्यक्त छ ।

*पारी पाखा कुइरो डम्म वारी पाखा घाम*
*धान झुल्यो टारी गैह्रे तोरी फुल्यो गाम*
*बाटी राम्रो कोरी कपाल हेरी दर्पण छाया*
*ला'को राम्रो हुन्छ नी हजुर वैंस छँदै माया*

आफ्ना सौन्दर्यका खानी, नेपालीको गौरव भनेका हिमाल, पहाड, पर्वत, खोला, खोल्सा, पाखापखेरा र आफ्नै गाउँवेसी भएकाले हामी त्यसमा गर्व गर्नुपर्छ । आफ्नो जन्मभूमि प्राण भन्दा प्यारो हुन्छ त्यसैले चाहे त्यहाँ फुलेको बुँकी होस् या प्याउली फूल नै

किन नहोस् त्यो सबैका लागि सधैँ प्रिय हुन्छ । सोही कारण आफ्नो जन्मभूमिप्रति श्रद्धा राख्नुपर्छ भन्ने भाव गीतमा यसरी व्यक्त गरिएको छ ।

*लेकै फुल्यो बुकी फूल बेसी फुल्यो प्याउली*
*वसन्तमा विरहको गीत गाउँछे न्याउली*
*बसी राम्रो चैते धुपमा वरपिपलको छाया*
*ला'को राम्रो हुन्छ नी हजुर वैंस छँदै माया ।*

यसैगरी, एल्बममा रहेको अर्को गीत 'ढुङ्गेधारा पँधेरीमा' गीतमा अरू सबै सुखमा भएको र आफ्नो भागमा मात्र दुःख लेखेको भनेर भाग्यलाई धिक्कारिएको छ । ढुङ्गेधारा र पँधेरी भनेका हाम्रा जनजिब्रोमा झुण्डिएका शब्द हुन् । यिनै शब्दलाई लिएर उनले यसरी गीत लेखेका छन्

*ढुङ्गेधारा पधेरीमा जोडी कदम रुख*
*मेरै भागमा किन होला यति धेरै दुःख*

प्रस्तुत गीतमा आफ्नो मनमा लागेको घाउ हिजोभन्दा आज र आज भन्दा भोलि दिन प्रतिदिन गहिरो हुँदै पीडा दिँदै गएको सन्दर्भलाई उठान गरिएको छ ।

*उर्ली आयो मादी नदी जान्छ क्यारे पहिरो*
*मनको घाउ आज किन लाग्छ धेरै गहिरो*
*सधैँ पीडा यो जुनीमा पाइन कहिल्यै सुख*
*मेरै भागमा किन होला यति धेरै दुःख*

प्रस्तुत गीतलाई अध्ययन गर्दा मादी नदी उर्लेर आएपछि पहिरो जान सक्छ । मनमा घाउ गहिरो लाग्न सक्छ । सधैँ पीडाले गर्दा यो जुनीमा सुख पाउन नसकेको भाव व्यक्त भएको छ । यस्तै गीतमा भनिएको छ,

*उभो हेर्छु ठाडो बाटो तल काँडे भिर*
*यही पीरले यो जूनीमा छैन ठाडो शिर*
*बाँचेसम्म यो मन कहिल्यै नहुने भो ढुक्क*
*मेरै भागमा किन होला यति धेरै दुःख ।*

जिन्दगीको यात्रामा उभो हेर्दा ठाडो बाटो, तल काँडे भिर हुँदा त्यही पीरले यो जूनीमा ठाडो शिर हुन सकेको छैन । हरेस खानु हुँदैन । सबैभन्दा ठूलो कुरा मन हो । मनलाई हामीले सम्हालेर राख्न सक्यौ भने जिन्दगी सार्थक र सफल हुन्छ । मनलाई बाध्न

सकेनौ र चञ्चल बनायौं भने जिन्दगी दुःखको भूमरीमा फस्न पुग्छ । मन चञ्चल भएपछि सम्म बाटो पनि ठाडो भिर लाग्न सक्छ । जता पनि अप्ठ्यारै अप्ठ्यारो महसुस हुन सक्छ त्यसैले आवश्यकता भन्दा बढी महत्वाकाङ्क्षा पालेर दुःखी हुनु हुँदैन । सन्तोषम् परम् सुखम्को भावनालाई आत्मसात गरेर जे छ त्यसमा सन्तोष गरेर बाँच्न सकियो भने नै त्यो सफल र सुखी जिन्दगी हो भन्ने सन्देश गीतमा व्यक्त गरिएको छ ।

यस्तै, एल्बममा रहेको अर्को गीत 'सँधै राती सपनीमा' गीतमा सपनामा आएर दुःख दिने मायालुलाई कलेजीमा माया भए आजै लिन आउनु भनेर अनुरोध गरिएको छ ।

*सधैँ राती सपनीमा बोलाउने किन ?*
*कलेजीमा माया भए आउनु आजै लिन*

वैंस चढेपछि जवानीको रङ्गलाई गीतमा प्रस्तुत गरिएको छ । दिन त जसोतसो बितेको छ । जब रात पर्छ त्यसपछि तिम्रो यादले सताउछ । सधैं-सधैं सपनीमा आएर तिमीले बोलाउने गरेको भान हुन्छ । यसरी सपनीमा तड्पाउनु भन्दा साच्चै माया छ भने आजै लिन आउनु भन्ने भाव गीतको स्थायीमा प्रस्तुत गरिएको छ । यस्तै गीतको अन्तरामा भनिएको छ,

*एक्लै मर्न पर्छ राजै एक्लै बाँच्न गाह्रो*
*तिमी विना हरेक पल किन यती साह्रो*
*तिम्रो यादमा तड्पिएर बाँच्ने कति दिन*
*कलेजीमा माया भए आउनु आजै लिन*

एक्लै मर्न परे पनि बाँच्नका लागि गाह्रो हुन्छ त्यसैले तिमी बिनाका हरेक पल मेरा लागि निराश, निःसार र दुःख लाग्दा छन् । सोही कारण म तिम्रो यादमा छु । आऊ आजै लिन आऊ र यो जिन्दगी रङ्गीन बनाएर सँगै बाचौं भन्ने भाव गीतमा यसरी व्यक्त गरिएको छ,

*कसको हासो पैँचो मागी अरू सामु हाँसु*
*छाती पोल्छ मुटु जल्छ कति माया गाँसु*
*छट्पटीमै मर्छु जस्तो लाग्छ किन-किन*
*कलेजीमा माया भए आउनु आजै लिन*

प्रस्तुत गीतलाई हेर्दा माया भन्ने चिज पैँचो मागेर काम चल्ने चिज नभएकाले अर्कालाई तड्पाएर आफू पनि तड्पिएर बाँच्नु भन्दा जो सँग माया गासिएको छ उसैसँग मुटु गाँसेर जिन्दगीलाई हरियाली, सुन्दर र सुखी बनाउनुपर्छ भन्ने भाव व्यक्त गरिएको छ ।

यसरी घिमिरेको पहिलो गीति एल्बम रसनाका सम्पूर्ण गीतलाई अध्ययन गर्दा उनलाई यथार्थवादी गीतकारका रूपमा पाउन सकिन्छ । उनका गीतमा हाम्रै पाखारेखाको माटोको सुवास, राष्ट्र र राष्ट्रियताप्रतिको गहिरो आस्था, जननी र जन्मभूमिप्रतिको प्रगाढ माया पाउन सकिन्छ । यिनै उनका गीतका विशेषता हुन । सोही कारण स्रष्टा घिमिरेलाई सफल गीतकारका रूपमा लिन सकिन्छ ।

यसरी उनको प्रस्तुत रसना भाग-१ गीति एल्बमका गीतलाई अध्ययन गर्दा उनी सामाजिक यथार्थवादी गीतकार हुन् भन्न सकिन्छ । उनी हामी हुर्के, बढेको वर्तमान परिवेशलाई लिएर गीत लेख्न सक्ने क्षमताका सफल गीतकार हुन् घिमिरे भन्न सकिन्छ ।

### ४.२.२ गीति एल्बम 'रसना भाग-२' (२०६१) को अध्ययन

रामजी घिमिरेको रसना भाग-२०६१ सालमा प्रकाशन भएको आधुनिक गीति एल्बम हो । प्रस्तुत गीति एल्बममा सात वटा गीत समावेश छन् । यस एल्बममा एउटा गीतलाई दुई फरक-फरक सङ्गीतकार र गायकद्वारा स्वरवद्ध गरिएको छ । प्रस्तुत एल्बममा रहेको 'कोही भन्छन् हिरा राम्रो' डोयट गीतमा पवन लामाको छुट्टै सङ्गीत रहेको छ भने अरू सबै गीतमा मनोज सेवाको सङ्गीत रहेको छ ।

एल्बमको पहिलो गीत 'कुन साहितले भेट भयो' गीतमा सङ्गीतकार र पुरुष स्वरमा मनोज सेवा रहेका छन् । उनलाई अन्जु पन्तले स्वरमा साथ दिएकी छन् । प्रस्तुत गीत डोयट गीत हो । यस्तै, एल्बममा रहेको दोस्रो गीत 'कर्मले हो वा दैवले हो' मा अन्जु पन्तको स्वर रहेको छ । एल्बम भित्रको तेस्रो गीत 'कोही भन्छन् हिरा राम्रो' गीतमा सङ्गीतकार स्वयम् मनोज सेवाको स्वर रहेको छ । एल्बमको अर्को गीत 'कोही भन्छन् हिरा राम्रो' गीतलाई डोयट गीतका रूपमा पनि रेकर्ड गरिएको छ । जसमा पवन लामाको छुट्टै सङ्गीत र गायीका तुलसा शर्माको स्वर रहेको छ ।

यस्तै 'भनेकै थिए बाटोमा घर छ' गीतको सङ्गीत र गायन दुवै एस कुमारको रहेको छ । यसैगरी, 'सयपत्री फुलेर' उनको निकै चर्चा कमाएको र हरेक नेपालीका घरमा दसैं तिहारका बखतमा बज्ने गीत हो । जुन दसैं तिहारको गीतमा सङ्गीत भुपेन्द्र

रायमाझीको छ भने गायन प्रकाश श्रेष्ठ, पविता परियार तथा साथीहरूको स्वर रहेको छ । यस्तैगरी, 'जहाँ जाऊ जहाँ रहूँ' गीतमा गायन र सङ्गीत नारायण वलीको छ भने एल्बममा रहेको अर्को गीत 'कस्तो बज्र पर्‍यो दैव' हो । प्रस्तुत गीतमा सङ्गीत तथा गायन दुवै मनोज सेवाको रहेको छ ।

रामजी घिमिरेको रसना भाग २ मा रहेको 'कर्मले हो या दैवले' गीतमा आफ्नो भाग्यलाई दाँजेर हेरिएको छ । आम मान्छे-मान्छे कर्मवादी र भाग्यवादी बनेर बहस गर्ने गरेको पाइन्छ । यसैबीचमा गीतकार घिमिरेले आफूलाई कर्मले हो या दैवले दुःख दिएको भनेर छुट्याउन नसकेका कारण गीत लेख्न पुगेका छन् । गीतमा भन्छन्,

*कर्मले हो या दैवले हो नि धरधरी रुवायो*
*जिन्दगी मेरो आँसुको हजुर दहमा डुबायो ।*

आजसम्मको जिन्दगीमा या त कर्मले हो या दैवले धरधरी रुवाएको छ । यसैले गर्दा एक बारको जुनी आँसुको दहमा डुब्न पुगेको छ । अब यसबाट कसरी छुट्कारा पाउन सकिन्छ भन्ने भावनालाई गीतमा अभिव्यक्त गरिएको छ । हिजो जे भयो भइ गयो । वर्तमानमा त्यो नआइदिए हुने थियो भन्यो झन् आँखामा अल्झिन पुगेकाले मुटुमा पीडा बल्झेको छ, त्यही पीडालाई उनले गीतको अन्तरामा भन्छन्,

*अतित किन वर्तमान बनी आँखामा अल्झियो*
*विछोडको घाउ असह्य पीडा मुटुमा बल्झियो ।*
*सुकेको पात झैँ सपना आज हुरीले उडायो*
*जिन्दगी मेरो आँसुको हजुर दहमा डुबायो ।*

अतितको घाउ भनेको मुटुको किलो रहेछ जसले जतिखेर पनि घोचिरहदो रहेछ । पीडा दिइरहने रहेछ । सपना जति सबै सुकेको पात झैँ उडाएर गरेपछि ती विरह र वेदनालाई पनि लगे हुने थियो तर नलैजानाले मेरो जिन्दगी आँसुको दहमा डुबायो भनेका छन् । एकातर्फ सपना हुरीले उडाएर लगेको छ, अर्कोतर्फ विछोडको पीडाको घाउ मुटुमा गडेको छ । यो मात्रै होइन जे जति रहर थिए ती सबै चङ्गा झैँ उडेर गएका छन् तर म त्यही चुटेको चङ्गा हेरिहेको वियोगी मान्छे भनेको छु भन्ने आशय गीतमा यसरी व्यक्त भएको छ,

*चुडेर गयो रहरको चङ्गा उडी गो बतासमा*
*हेररे बसे नौ डाँडासम्म हरायो आकाशमा ।*

*नदेख्नु रहेछ यो झुटो सपना पीडाले रुवायो*

*जिन्दगी मेरो आँसुको हजुर दहमा डुबायो ।*

यसरी प्रस्तुत गीतलाई प्रेममा असफल भएका वियोगीको वियोगलाई अभिव्यक्त गरिएको छ । पछिल्लो समय अजम्मरी प्रेमका नाममा हुने दुई दिनको हासखेलले युवा मानसपटलमा कुन खालको प्रभाव पार्छ, कति पीडा दिन्छ भन्ने भावलाई प्रस्तुत गीतमा अभिव्यक्त गरिएको छ ।

एल्बममा रहेको कोही भन्छन् गीतमा पनि माया प्रेमकै भाव अभिव्यक्त भएको छ । गीतमा भन्नेले जे सुकै भन्न सक्छन्, भन्नेका पछाडि लागेर हुँदैन । तिम्रा लागि नजर बिनाको कुरो झुट्टो हुन सक्छ त्यसैले सुनेका कुरामा विश्वास गर्नु हुँदैन भन्ने भाव व्यक्त गरिएको छ ।

*कोही भन्छन् हिरा राम्रो, कोही भन्छन् मोती राम्रो*

*तिम्लाई नदेख्नेले भन्छन् झुल्के घामको ज्योति राम्रो ।*

आफ्नी प्रेमिका घामको ज्योति भन्दा राम्रो भएको भाव व्यक्त गरिएको गीतमा नदेख्नेले घामको ज्योति राम्रो भन्न सक्छन् तर त्यो मिथ्या हो । मलाई तिमी नै राम्री लागेकी छौं भनिएको छ । यस्तै गीतको अन्तरामा भनिएको छ,

*कहिले देख्छु आगँनीमा सयपत्री फुले जस्ती*

*कहिले फेरि गोधूलीमा माछापुच्छ्रे खुले जस्ती ।*

*तिमी जस्ती कोही छैन जे दाँजेर हेरे पनि*

*हार खान्छ चन्द्र पनि जति रूप फेरे पनि ।*

प्रस्तुत गीतमा आफ्नी मायालुलाई कहिले आँगनीमा फुलेको सयपत्री फूलसँग त कहिले गोधूलीमा माछापुच्छ्रेसँग तुलना गरेर हेरिएको छ । संसारमा माया नै सबैभन्दा ठूलो कुरो हो । तिमीसँग जेलाई दाँजेर हेरे पनि फिका लाग्छ । तिम्रो रूप र जवानीलाई देखेर चन्द्र पनि हार खान्छ भन्ने भाव गीतमा व्यक्त भएको छ । यस्तै गीतको अर्को अन्तरामा भनिएको छ,

*यस्तो लाग्छ तिमीलाई अंगालोमा बेरिरहुँ*

*जुनी-जुनी सातै जुनी तिम्रो मुहार हेरिरहुँ ।*

*हेरी-हेरी तिम्रो रूप परेलीमा छोपिराखुँ*

*मीठा-मीठा तिम्रा कुरा कलेजीमा लेखिराखुँ ।*

यस्ती आफ्नी मायालुलाई सातै जुनीसम्म अंगालोमा बेरिरहुँ र तिम्रो मुहार हेरिरहुँ । मेरो यो आशामा तुषारापात नहोस् । कुनै दुष्मनको आँखा नलागोस् । तिमीलाई हेर्दा हेर्दै आँखाका परेलीमै छोपेर राख्न सकुँ । कलेजीमै नाम लेख्न सकुँ भन्ने भाव गीतमा व्यक्त भएको पाइन्छ ।

यसरी रामजी घिमिरेको प्रस्तुत एल्बममा रहेका उनका गीतलाई 'हरायौ तिमी विरानो देशमा' (२०७१) गीति सङ्ग्रहमा पनि समावेश भएकाले उक्त गीतको बृहत् अध्ययन सोही सङ्ग्रहका गीतको अध्ययन गर्ने क्रममा गरिएको छ ।

### ४.२.३ गीति एल्बम 'रसना भाग-३' (२०६२) को अध्ययन

नेपाली गीति एल्बम 'रसना भाग-३' (२०६२) सालमा प्रकाशन भएको कृति हो । रामजी घिमिरेका अघिल्ला गीति एल्बम भन्दा यस एल्बमका प्रायः गीत रेडियो र टेलिभिजनमा पर्याप्त मात्रमा श्रृव्यदृश्य प्रस्तुत भएको पाइन्छ । यस गीति एल्बममा पनि आठवटा गीत समावेश रहेका छन् । जुन एल्बमको पहिलो गीत 'भनेकै थिए बाटैमा घर छ निकै चर्चा कमाएको गीत हो । एस कुमारले गाएको प्रस्तुत गीतमा मायालुले पटुकीमा लुकाएर ल्याएको कोसेली नखोलेको सन्दर्भलाई यसरी अभिव्यक्त गरिएको छ ।

*भनेकै थिए बाटैमा घर छ कुनै दिन पस है ।*
*गुन्द्री र काम्लो पिँढीमा जे छ तानेर बस है ॥*

प्रस्तुत गीतमा शुरूका दिनमा आफ्नी मायालुलाई त्यो बाटो हिंड्दा आफ्नो घरमा पस्नका लागि अनुरोध गरिएको छ ।

*आगनी आज टेकेर गयौ बोल्दा नि बोलिनौं*
*के लुकाई ल्याथ्यौ पटुकी भित्र त्यो पनि खोलिनौ*
*फर्केर फेरि यही बाटो आए नबिर्सी पस है*
*गुन्द्री र काम्लो पिँढीमा जे छ तानेर बस है ।*

पछिल्लो समय मायालु त्यही आँगनमा टेकेर जाँदा पनि नबोलेको उनलाई पीर परेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । पटुकीमा मायाको सम्झना लुकाएर ल्याएको आभाष उनलाई भए पनि मायालुले नखोलिकन गएपछि पीर परेको सन्दर्भलाई प्रस्तुत गरिएको छ ।

*हेरेर बसे देउरालीसम्म आइनौ फर्केर*
*त्यही बाटो हिँड्यौ, तर्केर गयौ मन रोयो धर्केर ।*

*तर्केर नजाऊ मनको मायालु केही गरी पस है*

*गुन्द्री र काम्लो पिँढीमा जे छ तानेर बस है ।*

माया मारेर गएकी मायालुलाई कालान्तरमा फेरि त्यही बाटो आएको खण्डमा पसेर जानका लागि अनुरोध गर्दै गर्दा उनी नआएपछि देउरालीमा हेर्नु मात्रै भएको छ । बाटो त्यही भए पनि आफ्नो घर आँगनमा नपस्दा मनमा पीर परेको छ । यसरी तर्केर नजाऊ न मेरी मनकी मायालु भनेर विनय गरिएको छ । प्रस्तुत गीत आफुले माया गरेकी प्रेमीकाले आफूलाई माया नगरेको सन्दर्भमा केन्द्रित रहेको छ ।

यसैगरी, एल्बममा रहेको अर्को पर्व गीत हो । नेपालीका महान् पर्व विजयादशमी र दीपावलीको सन्दर्भमा यो गीत हरेक वर्ष रेडियो टेलिभिजनमा प्रसारण हुने गर्दछ । गीतमा सयपत्री फुलेर मग्मगाएको आगनीको सन्दर्भलाई अभिव्यक्त गरिएको छ । जुन गीत यसप्रकार रहेको छ ।

*सयपत्री फुलेर मग्मगायो आगनी*

*दसैँ तिहार बोकेर झरिन् शरद चाँदनी*

*सयपत्री फुलेर.................*

*झरी, बादल हरायो, धर्ती आकाश हाँस्दै छ*

*डाँली-डाली डुलेर रानी चरी नाच्दै छ*

*लालुपाते फुलेसी, फुल्न थाल्यो नेपाली*

*हर्ष उल्लास बोकेर, मुस्कुराइन् शरद चाँदनी ।*

*सयपत्री फुलेर.................*

आम नेपालीका घर आँगनमा मखमली फुलेपछि दसैँ तिहारको शुभ बिहानीले संकेत गर्ने सन्दर्भलाई गीतमा प्रस्तुत गरिएको छ । यस सँगसँगै जसरी चाँदनीले खुसीयाली बोकेर झरेकी छन् त्यसै गरेर दिदीबहिनी अनुहारमा पनि खुसी छाउने गरेको आशय गीतमा व्यक्त गरिएको छ ।

*हिमशिखर टल्कने मन्द-मन्द घाम छ*

*पहेलपुरै टारी गैह्री धान झुल्ने याम छ*

*दसैँ तिहार आएछ, भाइबहिनीको सपनी*

*खुसीयाली बोकेर झरिन् शरद चाँदनी ।*

*सयपत्री फुलेर.................*

एकातर्फ हिमाल खुलेर चाँदनी टल्केको छ । अर्कोतर्फ बेसी र टारी खेतमा पहेलपुर भएर धान झुलेको देख्दा सबैको मन रमाएको छ । परदेश गएका दाजुभाइ पनि मखमली फुलेपछि त्यही फूलसँगै हर्ष उल्लास बोकेर आउछन् भन्ने भाव गीतमा व्यक्त गरिएको छ ।

यसैगरी एल्बममा रहेको तेस्रो गीत हो 'जहाँ जाऊ, जहाँ रहुँ' । प्रस्तुत गीत राष्ट्रिय भावनाले ओतप्रोत भएको गीत हो । यस गीतमा हामी आम व्यक्ति जहाँ गए पनि मुटुमा आफ्नै देश रहेको हुन्छ । अरु कुनै कुराको सम्झना छैन तर मेरो देश मात्रै छ भन्ने भाव व्यक्त भएको छ ।

*जहाँ जाऊ, जहाँ रहुँ मेरै देश मुटु भित्र*

*आँखा भरी, नाचिरहन्छ मेरै देशको मानचित्र*

गीतको स्थायीमा हामी रोजगारीको सिलसिलामा होस् या अन्य सन्दर्भमा नेपाल बाहिर जहाँ जानु परे तापनि आँखा भरी देशको मानचित्र नाँचेको सन्दर्भलाई व्यक्त गरिएको छ । यसका साथसाथै आफ्ना पाखा रेखाको सम्झना आएको सन्दर्भलाई पनि गीतको अन्तरामा यसरी व्यक्त गरिएको छ,

*गाउँबेसी पखेरोको घरी-घरी झल्को आइरहन्छ ।*

*हर साँझ रोदीघरमा मारुनीको याद ल्याउँछ ।*

*प्रभातमा हिमचुलीको लाली छाउँछ आखाभरी*

*मेची काली सुसाउछ मेरै मनको पाखाभरी ।*

मन बहलाउनका लागि रोदीघरमै किन नजाऔं तर आफु हुर्के बढेको, हाँसेखेलेको गाउँबेसीको याद आइरहेको छ । बिहानको प्रभातको लाली किरण होस्, साँझको गोधूली या मध्यरातको रोदीघर । ज्यान जहाँ गए पनि मन आफ्नै पाखारेखामा रहेको छ । सोही भावलाई गीतमा यसरी व्यक्त गरेका छन्,

*मेरै हिमाल, पहाड तराई लाग्छ जहाँ भेटे पनि*

*नेपाली झैँ लाग्छ मलाई जसलाई जहाँ देखे पनि*

*सगरमाथा जस्तै खुल्छु शिरमा टोपी लाए पनि*

*नेपाली नै हुन पाऊ अर्को जुनी पाए भने ।*

प्रस्तुत गीत मात्र होइन घिमिरेका यसै प्रकृतिका धेरै गीत रहेकाले गीतकार रामजी घिमिरे राष्ट्रवादी गीतकार हुन् भन्न सकिन्छ । एउटा राष्ट्रप्रेमी नेपाली जहाँ रहे तापनि आफ्नै देश मुटुभित्र बोकेर हिँडेको हुन्छ भन्ने सन्दर्भलाई गीतमा अभिव्यक्त गरिएको छ । यो

मात्र होइन, उनले यदि अर्को जन्म छ भने नेपालमै जन्मन पाऊ भनेका छन् । शिरमा टोपी लगाउँदा सगरमाथा जस्तो गौरव महसुस हुने र जसलाई जहाँ देखे पनि नेपाली लाग्ने भाव गीतमा प्रस्तुत गरिएको छ ।

यसैगरी, एल्बममा रहेको अर्को गीत 'जतन गरी तिम्रो माया' माया प्रेमसँग सम्बन्धित गीत हो । गीतमा मायालाई कलेजीमा जतन गरेर राखिएको सन्दर्भलाई उल्लेख गरिएको छ । माया भन्ने चिज सबैभन्दा जतनसँग राखिन्छ । माया जतन गर्ने ठाउँ भनेकै कलेजी हो मैले त्यही राखेको छु भन्दै गीतकार भन्छन्,

*जतन गरी तिम्रो माया कलेजीमा राखेको छु ।*
*सयपत्री, मखमली छेउकुनामा रोपेको छु ।*

मायालाई कलेजीमा राखेको मात्र होइन । राखेको मायाको संरक्षणका लागि छेउकुनामा सयपत्री र मखमली रोपेको सन्दर्भलाई सुन्दर शब्द संयोजनद्वारा अभिव्यक्त भएको छ । हेरौं गीतको एक टुक्रा,

*नाना हो कि बहाना हो, रोग हो कि शोक यस्तो*
*कहीँ कतै जिन्दगीमा नलागेको भोक जस्तो*
*आज भोलि दिन राती छट्पटिने गर्छु म त*
*यता जाऊ कि उता जाऊ दोधारैमा पर्छु म त ।*

जवानी चढेपछि रोग लागेको हो कि शोक परेको भनेर छुट्याउन नसक्ने नवयौवनाको सन्दर्भलाई उनले गीतमा मार्मिक ढंगले प्रस्तुत गरेका छन् ।

यसैगरी, एल्बममा रहेको 'लाहुरे' गीतमा आफूलाई लाहुरे चाहिएको सन्दर्भलाई अभिव्यक्त गरिएको छ । हेर्दा रष्टपुष्ट, मन भएको, धन भएको, खाइलाग्दो कोही छ भने एउटा लाहुरे चाहिएको छ भनिएको छ । यस्तै, एल्बमको अर्को 'यसरी गयौं' गीतमा मन परेकी मायालुलाई कुरेर बस्दा-बस्दा जुनी गएकोमा चिन्ता व्यक्त गरिएको छ ।

*यसरी गयौँ मुटुमा कुल्ची आइनौ फर्केर*
*एकवारको जुनी बिति नै सक्यो तिमीलाई पर्खेर ।*

प्रस्तुत गीतमा माया लगाएर छुटेर गएकी मायालुलाई कुल्ची गयौ फर्केर आइनौं भन्ने भाव व्यक्त गरिएको छ । गीतमा छाडेर जानेको सम्झनाले एकवारको जुनी सबै बितेर जाने जस्तो भयो । कति पर्खेर बसौं भनेर गीतको स्थायीमा प्रश्न गरिएको छ । यसैगरी,

गीतको अन्तरामा बैगुनी पिरतीले मन र आकाश शून्य भएको भाव यसरी गीतमा व्यक्त गरिएको छ,

*साचेर राख्दा मुटुमा कतै बैगुनी पिरती*
*आकाश जस्तै शून्य भो मन उजाड भयो धरती*
*बलिन्द्र धारा बग्दछ आँसु छाती चर्केर*
*एकवारको जुनी बिति नै सक्यो तिमीलाई पर्खेर ।*

तुलसा शर्माको सङ्गीत रहेको गीतकार घिमिरेको रसना भाग-३ लाई हेर्दा उनी समसामयिक परिवेश, हाम्रा संस्कार, संस्कृतिलाई टपक्क टिपेर गीत लेख्न सक्ने बहुमुखी प्रतिभाका धनी सर्जक हुन् । उनले आफ्नो गीति यात्रामा युवायुवतीको माया प्रेमलाई संगालेका छन् । समाजलाई अँगालेका छन् । संस्कार र संस्कृतिलाई अँगालेका छन् त्यसैले उनी सफल गीतकार हुन् भन्न सकिन्छ ।

### ४.२.४ **'हरायौ तिमी विरानो देशमा'** (२०७१) **गीत सङ्ग्रहको अध्ययन**

रामजी घिमिरेको 'हरायौ तिमी विरानो देशमा' गीति सङ्ग्रह-२०७१ सालमा बजारमा आएको कृति हो । जुन कृति भित्र विभिन्न सन्दर्भलाई समेटेर तयार पारिएका ८९ वटा गीत समावेश छन् । 'हरायौ तिमी विरानो देशमा' शीर्षकको गीतबाट शुरू भएको उनको कृतिको अन्त्यमा 'सधैं-सधैं सम्झिरहन्छु' गीतलाई समावेश गरेर गीति लेखन यात्रालाई अन्त्य गरिएको छ ।

उनको शुरूआती र अन्यको सन्दर्भलाई हेर्दा पनि उनले बिरानो देशमा हराएको मान्छेलाई सधैं सम्झिरहेको भन्ने आलङ्कारिक भाव व्यक्त गरेर अन्तिम गीतलाई समापन गरेका छन् । घिमिरेको प्रस्तुत कृति भित्रको पहिलो गीत 'हरायौ तिमी बिरानो देशमा' रसना भाग १ मा समावेश गरिएको गीत हो । सोही गीतबाट कृतिको नामाकरण गरिएको छ । यसैगरी, 'नबोलेको लौन किन', 'हेरी राम्रो हिमचुली' लगायतका गीत रसना भाग-१ मा स्वरवद्ध गरिएका छन् । प्रस्तुत गीतको अध्ययन रसना-१ अन्तर्गत समावेश गरिएको छ ।

गीतकार घिमिरेको 'हरायौ तिमी विरानो देशमा' गीति सङ्ग्रहमा *कोही भन्छन् हिरा राम्रो, नरिसाउने भए, सधैं मेला तिमी सँगै, जल्नु परे जलिदिउँला, तिम्रो आभाष पाएँ, आजसम्म देख्थें तिम्लाई, बेकार भयो, आजभोलि किन, जोडेको थिएँ, तिम्रो आँखा सागर, फेरि बाँच्ने रहर, मेरो माया, उडि हिँड्ने बादलुले, सयौं-सयौं जुनीसम्म, चोखो माया लाएको*

*थिएँ, तिमीलाई मात्र, लाउन परे लाउँला पासो* गीतमा माया प्रेमको सन्दर्भलाई अभिव्यक्त गरिएको छ ।

यस्तै, *मैले मुटु दिँदादिँदै, जुन दिनदेखि, मुस्कुराई देऊ, जतन गरी राखेको थें, धेरै वर्षपछि,, अन्धकार भो मेरो संसार, चर्की किन दुख्थ्यो छाती, चौतारीमा भेट्दा, तिम्रो मनमा, जता जान्छु उतै देख्छु, सपनीमा देखें तिमीलाई, तिमी साथमा, जुनी जुनी हजार, धर्ती भिन्दै भयो आज, आज किन, खनी जरा, पर्खाएर देउरालीमा, तिम्लाई खुसी मिल्छ भने, आजसम्म लाग्थ्यौ, हामी दुई, एकोहोरो तिमीलाई सम्झी, यो जिन्दगी तिमीलाई* शीर्षकका गीतमा प्रेमकै विषयले प्रधानता पाएका छन् ।

प्रस्तुत गीतमा विभिन्न प्रेम पक्षलाई समावेश गरेका छन् । उनका गीतमा राष्ट्रप्रेम, मातृत्वप्रेम, भातृत्वप्रेम, प्रकृतिप्रेमलगायतका सबै प्रेम अटाएका छन् । जसरी घर परिवारमा एउटा असल सन्तानले आफ्ना बाबाआमाप्रति, श्रीमान्-श्रीमतीप्रति, छोराछोरीप्रति, आफन्त इष्टमित्रप्रति, घरमा पालेका पाल्तु जनावरप्रति, आफ्ना भौतिक संरचनाप्रति जुन प्रकृतिको प्रेम गर्छ त्यस्तै गरेर विभिन्न पक्षका प्रेमलाई गीतकार घिमिरेले आफ्ना गीतमा अभिव्यक्त गरेका छन् । कुनै गीतमा शृङ्गारिक प्रेमले स्थान पाएका छन् । कुनैमा बौद्धिक, कुनै गीतमा आत्मिक प्रेमलाई अभिव्यक्त गरिएको छ । उनले गीतमा कतै आफ्नी मायालुलाई माछापुच्छ्रे जस्ती देखेको सन्दर्भलाई व्यक्त गरेका छन् । कतै नरिसाउने भए केही भन्ने थिए । सधैं मेला तिमीसँगै जान पाएलगायतका विविध टुक्काका गीतमा माया प्रेमका सन्दर्भलाई जोड दिएका छन् ।

यसैगरी, घिमिरेका गीतमा मन परेकी मायालुलाई माया गर भन्ने आग्रह अभिव्यक्त भएको पाइन्छ । यसैगरी, 'अञ्जुली भरी' गीतमा मन्दिर गएकी युवतीको कथालाई अभिव्यक्त गरिएको छ । जुन यस प्रकार छ :

*अञ्जुली भरी अक्षता धुप चढाई फूलपाती*
*के वर माग्यौ देउतालाई भाकी भनन नढाँटी ।*

प्रस्तुत गीतमा जवानी भरिएपछि मन्दिर जाने र असल वर माग्ने सन्दर्भलाई लिएर गीत लेखिएको छ । अञ्जुली भरी अक्षता लिएर मन्दिर गएकी युवतीलाई के वर माग्यौ भन भन्नका लागि आग्रह गर्दै गर्दा उनले केही नभनेपछि देउतालाई भाके पनि केही हुँदैन भन्ने भाव यसरी व्यक्त गरिएको छ,

*नलेखेपछि जुर्दैन भन्छन् देउतालाई भाके नि*

*लाएको माया ओइ लिन्छ भन्छन् मुटुमा राखे नि ।*
*आशिष मेरो देउरालीसँग मागेको मिलोस् है*
*गुर्दौली जस्तै सानीका सारा सपना फुलोस् है ।*

प्रस्तुत गीतको अन्तरामा मन सफा भएन भने, देवतालाई भाके पनि काम लाग्दैन । मुटुमा राखे पनि ओइलिन्छ त्यसको कुनै अर्थ रहदैन भन्छन् । भन्नेले जे भने पनि देउरालीसँग मैले मागेको आशिष मिलोस् भनेर कामना गरिएको छ । कामना गर्दै जाँदा र प्रियसीले आफूसँग जीवन काट्ने र एक्लै जुनी बिताउने आशय व्यक्त गरेपछि गीतकारले गीतमार्फत् भन्छन्,

*बन्दैन घरबार कोही यौटासँग जिन्दगी नसाटी*
*के वर माग्यौ देउतालाई भाकी भनन नढाँटी ।*
*आकाश जस्तै संसार मिलोस् चन्द्रमा जस्तै वर*
*सुख र दुःख बिसाउन पाउने चौतारी जस्तै घर ।*

वैशालु जोवान एउटालाई सुम्पनु पर्छ नै । तिमीले मसँग जुनी नकाट्ने नै हौ भने, तिमीलाई आकाश जस्तै संसार मिलोस् । चन्द्रमा जस्तो वर मिलोस् त्यही संसारमा सुखदुःख बिसाउने चौतारी जस्तो घर बनोस् भनेर गीतमा भनिएको छ । चौतारी जस्तो घरको मायालु जोडीको दाम्पत्य जीवन वरपिपलको जस्तो अजर अमर होस् भनेर फेरि गीतकार भन्छन्,

*दाम्पत्य जीवन वरपिपल बनोस् अजर अमर*
*जिन्दगीभरि कसैको तिमीलाई नलागोस् नजर ।*
*बन्दैन घरवार बैंसको पापी तुँवालो नफाटी*
*चल्दैन संसार कोही यौटा सँग जिन्दगी नसाटी ।*

यसरी प्रस्तुत गीतमा गीतकार रामजी घिमिरेले भोलि बन्ने नवयौवना जोडीको घर सुन्दर होस् । जिन्दगी भर कसैको नजर नलागोस् । वैंसको पापी तुँवालोले केही पनि नबिगारोस् । उनीसँग सापटी मागेको जिन्दगीको रथ कुशलतापूर्वक अगाडि बढोस् भन्ने भाव प्रस्तुत गीतमा व्यक्त गरेका छन् ।

यसैगरी, गीतकार घिमिरे प्रेमील गीतकार, राष्ट्रवादी गीतकार मात्र नभएर उनी प्रेम वियोगमा परेका असफल प्रेमिका मन मुटुका गीतकार पनि हुन् । उनको जुन औंलामा विष लाग्यो गीतमा सोही सन्दर्भलाई अभिव्यक्त गरिएको छ । हेरौं उक्त गीत :

*जुन औंलीमा विष लाग्यो त्यही दुःखी झर्नु पर्ने*
*किन दैव ! सद्दे मुटु दुःखीदुःखी मर्नु पर्ने ।*

गाउँघरमा सुन्ने गरेको उखान हो, जसको बाबु मर्‍यो उसैको छोरो टुहुरो । हुन पनि हो, अरू देख्नेले त कठ्ठै भन्ने मात्रै हो । त्यही आशयलाई लिएर गीतकार घिमिरेले जुन औलामा विष लाग्छ त्यही नै झर्नुपर्ने त्यो नभएकोमा चिन्ता व्यक्त गरेका छन् । आफूबाट कुनै गल्ती नहुँदा पनि किन अरूका कारणले आफ्नो दुःख पाउनु परेको हो । गुलाफसरि फुल्छु भन्नेले किन घोच्नु परेको । मुखले एक कुरा भन्ने मनले अर्को व्यवहार गर्ने भन्दै गीतमा भनेका छन्,

*गुलाफसरि फुल्छु भन्थ्येऊ काँडा बनी घोच्यौ मलाई*
*आफ्नो स्वार्थ लुटेपछि ऐले घुरान सोच्यौ मलाई ।*
*कति पापी रै'छ त्यो मन सारा सपना जलाई दियो*
*पिठ्युँबाट छुरा रोपी मूल बाटोमा ढलाई दियो ।*

*जस्ले पाप गर्छ यहाँ उस्ले पीडा भोग्नु पर्ने*
*किन दैव ! निर्दोष मान्छे दुःखी-दुःखी मर्नु पर्ने ।*

मान्छेको मन बुझ्न नसक्नु हुन्छ । हिजो यही मनमा के थियो, आज यही मनले के सोचिरहेको छ । मन पनि पापी रहेछ । सारा सपना जलाइदियो । पिठ्युँबाट छुरा रोपेर बाटोमा ढलाइदियो भन्ने आशय गीतको अन्तरामा व्यक्त गरेका छन् । यो मात्रै होइन, एकातर्फ मायाको छुरा पछाडिबाट रोपिएको छ, अर्कोतर्फ अगाडि मनमा हिजो सिद्धथान घुम्न गएको याद आएको छ । जुन यादलाई उनले गीतको अन्तरामा यसरी उनेका छन्,

*पहिले-पहिले हामी दुवै सिद्धथानमा जाने गर्थ्यौं*
*जुनी-जुनी नछुट्टिने बाचा कसम खाने गर्थ्यौं ।*
*अहिले आई बाटो फेर्‍यौ सधैं पुज्ने देउता छोड्यौ*
*सिद्ध भाकी खा'को सबै बाचा कसम पनि तोड्यौ ।*

*ईश्वर तिम्रो आँगनीमा न्याय निसाफ हुनुपर्ने*
*किन दैव सद्दे मुटु दुःखी-दुःखी मर्नुपर्ने ।*

समाजका यथार्थलाई टिपेर गीत लेख्ने गीतकार घिमिरे यथार्थवादी गीतकार हुन् । उनका गीतमा हिजो दुवै मिलेर मन्दिर गएका सँगै मर्ने, सँगै बाँच्ने बाचा कसम खाएका

सन्दर्भ मात्रै आएका होइन । आफूले माया गर्दागर्दै धोखा दिएका सन्दर्भलाई पनि उनले गीतमा अभिव्यक्त गरेका छन् ।

उनका *कहिले सङ्लो, एकै चोटी, कहाँ गयौ थाहै नदिई, मनको देवता, पापी रहेछ, खबर पाएँ, उठेन फेरि जिन्दगी, सधैँ साँचो बोलें मैले* का गीतमा प्रेम वियोगको सन्दर्भ जोडिएको पाइन्छ । यस्तै उनका गीत *उनको पाएँ इमेल, यो मन खस्यो, पाएँ खबर, मलाई एक्लै पारी गयौ, नजाऊ भन्दै बाटो छेकें, पर्खी बसें चौतारीमा, फकाइ-फकाइ मार्‍यौ, यो जिन्दगी तिमीसँगै बाँच्न पाऊ, तिम्रो यादमा रुँदारुँदै, तिम्रो नासो, मैले सधैँ हारेको छु, तिमीलाई पुज्ने फूल, सजाएका सारा सपना, दुर्भाग्यको झरी, मेरो लागि मर्ने धड्कन, झुटो लाग्यो खोटो लाग्यो, देखादेख मै तिम्रो माया, यौटा इमेल पठाएथें, मेरो मुटु, छुटि गयो जिन्दगीमा, सञ्चै छौ कि बिसञ्चो छौ, तिमी मेरो* गीतमा वियोगको भाव समेटिएको पाउन सकिन्छ ।

हामीले गाउँ समाजमा सुन्दै आएको कुरा हो, जसको बाऊ मर्‍यो उसैको छोरा टुहुरो । त्यस्तै गीतकार घिमिरेका गीतले पनि यो सन्दर्भलाई झल्यास्स सम्झाएको पाइन्छ, यसैले घिमिरेलाई सामाजिक यथार्थवादी गीतकार हुन् भन्न सकिन्छ । घिमिरेको कृति भित्र रहेका *नेपालका सपुत हामी, बेहाल भयो मेरो देश, म विदेशमा छु त के भो* जस्ता गीत राष्ट्रवादी गीत हुन् । गीतमा आफू बाध्यताले जहाँ रहे पनि आफ्नो मन नेपाली रहेको र आफू नेपाली भएको भाव अभिव्यक्त गरेका छन् ।

घिमिरे गीतकार मात्र होइनन्, संस्कृतिकर्मी पनि हुन् । उनले हाम्रा पुराना संस्कार र संस्कृतिको संरक्षणका लागि कलम चलाएका छन् । उनको दसैँ आयो, तिहार आयो गीतमा हाम्रो संस्कारलाई झल्काइएको छ । जब घर आँगनमा दसैँ तिहार भित्रिन थाल्छ त्यसपछि परदेश गएका मन अमिलिन थाल्छन् । घरमा बसेका बाबुआमा सन्तानको वियोगमा रुन थाल्छन् भन्ने सन्दर्भलाई प्रस्तुत गीतमा अभिव्यक्त गरेका छन् । हेरौं गीतको एक टुक्राः

*वन पाखामा सुन्छु मधुर मनै छुने गीत*

*म त परें गाउँले हजुर प्रकृतिको मित ।*

गाउँमा जन्मेर हुर्के बढेका नेपालीलाई गाउँकै गीत प्यारो लाग्छ । गाउँले दाजुभाइ सुसेली हाल्दै उकाली-ओराली गर्दाको आवाज प्यारो लाग्छ । जसले मन छुन्छ त्यही नै आफ्नो गीत बनेको छ । आफ्नो दुःख सुखको मित बनेको छ भनेर उनले गीत लेखेका छन् ।

यसरी गीत लेख्दै जाने क्रममा उनले दाउरा, घाँस, मेलापातका दिन सम्झेका छन् । मानो रोपेर मुरी फलाउने असारको भाका सम्झेका छन् यसरी,

*दाउरा घाँस मेलापात असारेको भाका*
*सोरठीको मारुनी झैं नाच्छ वनपाखा*
*अति प्यारो लाग्छ मलाई मेरै गाउँको रित*
*म त परे गाउँले हजुर प्रकृतिको मित ।*

बस्नका लागि, आरामसँग बाँच्नका लागि गाउँले जीवन उत्तम छ । गाउँले जीवन बाँचेका दाजुभाइ, दिदीबहिनीमा कुनै लप्पन छप्पन छैन । उनीहरू निस्वार्थ, कञ्चन छन् भन्दै गीतकार घिमिरे भन्छन्,

*न छ गर्मी न छ जाडो स्वच्छ हावापानी*
*लप्पन छप्पन छैन कतै सिधा जिन्दगानी ।*
*मलाई मेरै गाउँबेसीमा बस्यो गाढा प्रीत*
*म त परें गाउँले हजुर प्रकृतिको मित ।*

आफू जहाँ रहे पनि आफ्नो गाउँ, घर, पाखा पखेरा र बेसी मात्र होइन । गाउँमा बाढी, पैह्रो, हावाहुरी जस्ता विपत्ती आएर भएको क्षतीका सन्दर्भलाई उनले गीतमा ढालेका छन् । विगतका वर्षमा जस्तै यस वर्ष पनि गीतमा गाउँमा बाढी पसेर परिवार विचल्ली भएको सन्दर्भलाई यसरी लेखेका छन् :

*यस वर्ष पनि खोलाको बाढी गाउँमा पस्यो रे*
*गाउँलेको आँसु बलिन्द्रधारा पानीमा खस्यो रे ।*

ग्रामीण भेगका वस्तीमा हरेक वर्ष बाढी आएर आम दाजुभाइ, दिदीबहिनीलाई दुःख दिएको छ । सोही सन्दर्भलाई लिएर घिमिरेले गीत लेखेका छन् । उनको 'यस वर्ष पनि' गीत त्यही प्राकृतिक विपत्तिको ज्वलन्त उदाहरण हो । सोहीकारण उनी भन्छन्,

*किलाबाँस गाडी ढुङ्गे बाँध बाधी भेल बाढी थुन्दा नि*
*बगायो अरे गैरी खेत सबै पोहोर साल भन्दा नि*
*हेरेको हेरै गाउँलेको सपना स्कुल नि बगेछ*
*गोठका सबै वस्तुभाउ पनि बाढीले लगेछ ।*

आफ्नो खेत जोगाउन भनेर किला र बाँस गढेको थिए तर केही लागेन । बाढीले आफ्नो सबै गैरी खेत बगाएछ । पोहोर अलि-अलि थियो अहिले धेरै बगायो । गाउँको स्कुल

बग्यो, गोठका वस्तु भाउ बगायो । कस्तो रहेछ यो दैव पनि डस्नुसम्म डस्यो भन्दै बलिन्द्र धारा आँसु खसेको सन्दर्भलाई उनले यसरी मार्मिक रूपमा प्रस्तुत गरेका छन् ।

*त्यो मेरो गाउँलाई यस वर्ष पनि दैवले डस्यो रे*
*गाउँलेको आँसु बलिन्द्रधारा पानीमा खस्यो रे ।*
*निरही निर्वल असहाय जस्तै कोसिस मरेछ*
*गए साल भन्दा यस वर्ष ठूलो सङ्कट परेछ ।*

गाउँमा बाढी पैह्रो पसेपछि गत सालभन्दा ठूलो सङ्कट परेको कुरा मात्र होइन । त्यसले कालाज्वर, भोकमरीको अवस्था सिर्जना भएको सन्दर्भलाई गीतका कारुणिक भावमा प्रस्तुत गरिएको छ ।

हामीले हाम्रा कालीकोट, डोल्पा, हुम्ला, जुम्लामा मान्छे उपचार नपाएर अकालमा मर्नुपरेको सन्दर्भलाई समाचार र पत्रपत्रिकाका माध्यमबाट मात्र थाहा पाएका थियौं । आज आफ्नै पाखारेखामा आएको पैह्रोले दैवले डसे जसरी डसेर गयो भन्ने अनुभूति उनका गीतबाट गर्न सकिन्छ ।

*आउँदैछ भन्छन् राहतको सामान पठाए खै कति*
*हैजा नि आयो कालाज्वर आयो आएन ओखती ।*
*रोग र भोकले गाउँका धेरै केटाकेटी खसे रे*
*यस वर्ष झनै सङ्कटको बाढी उर्लेर पस्यो रे ।*

घिमिरेका गीतमा बाढीका, कालाज्वरका कुरा मात्र होइन, विगतमा देशमा भएको द्वन्द्वलाई पनि उनले आफ्ना गीतका विषय बनाएका छन् । उनले गीतमार्फत् अब यसरी हुँदैन केका लागि सधैं रगतको होली खेल्ने भनेर प्रश्न गरेका छन् । आफ्नै भाइ-भाइ बीचको युद्धलाई विषय बनाएर लेखिएको प्रस्तुत गीत देशमा एक दशक चलेको माओवादी विद्रोहलाई लक्षित गरेर लेखिएको छ ।

*केका लागि सधैं खेल्ने दाजुभाइ रक्तिम होली*
*हाम्रा भावी सन्ततिलाई के जवाफ दिने भोलि ।*

स्वाधिनता, स्वाभिमान र समुन्नत समाज निर्माणका लागि भनेर गरिएको रक्तिम होली हाम्रा लागि उत्तम छैन । जब अबोध मुटुभित्र ज्वाला फुट्छ, सीप कुद्ने हातमा प्रतिशोध हुन्छ भने त्यो राम्रो होइन भन्दै भन्छन्,

*जब अबोध मुटुभित्र ज्वालामुखी फुट्छ भने*

*सीप कुद्ने हातहरू प्रतिशोधमा जुट्छ भने ।*
*त्यहाँ मुक्ति हैन साथी जन्मने छ ठूलो युद्ध*
*अनि देश विनाश हुन्छ कति रोलान् हाम्रा बुद्ध ।*

हामी बुद्ध जन्मेका देशका शान्तिप्रिय नेपाली हौं । हामीले हत्या, हिंसा, आतङ्क मच्चाएको राम्रो हुँदैन । हिंसा, हत्याले विनास मात्रै हुन्छ त्यसैले हाम्रा भावी सन्ततिका लागि के जवाफ दिने ? मुक्तिका लागि भनेर गरिएको युद्ध राम्रो उपाय होइन भन्दै भन्छन्,

*नरहेमा देश भेष पखेरुको हाम्रो बोली*
*हाम्रा भावी सन्ततिलाई के जवाफ दिने भोलि ।*

*कस्तो मुक्ति खाजेको हो सधैँ आमा रुवाएर*
*हत्या हिंसा रक्तपातमा सारा देशलाई डुबाएर ।*

आज विकासका लागि भनेर हामीले आफ्नै घर भत्काएर कहाँ बास माग्न जाने भन्दै गीतकार घिमिरे भन्छन्,

*आफ्नै घर भत्काएर बास माग्न कहाँ जाने*
*गरी खाने ठाउँ नरहे गाँस माग्न कहाँ जाने ।*
*बन्द गरी हत्या हिंसा सुकाई देऊ खुनको खोली*
*भाइ फुटे गँवार लुटे के जवाफ दिने भोलि ।*

देश रहयो भने, भेष रहन्छ । देशै नरहे भोलि हाम्रा पुर्खालाई के देखाउने ? हाम्रो सुन्दर देशको नक्सा कहाँ खोज्न जाने भन्ने सन्दर्भ उनका गीतमा अभिव्यक्त भएका छन् । यसैगरी, घिमिरेले देश हराउन लागेका कुरा मात्र होइन । गाउँ समाजमा कलह फैलने कारणलाई पनि खुलाइदिएका छन् आफ्ना गीतका माध्यमबाट । आपसमा मन मुटाव हुने र सामाजिक विकृति बढ्ने भनेको लोभ र पापले हो । लोभी र पापी भएर संसार बिग्रेको छ भन्ने सन्दर्भ उनका गीतमा यसरी अभिव्यक्त भएका छन् ।

*यो संसारमा लोभ पाप चलाउने मान्छे हामी*
*स्व-स्वार्थले इमान जमान जलाउने मान्छे हामी ।*

संसारमा लोभ र पाप चलाउने भनेकै हामी हौ । आफ्नो स्वार्थका कारण हामीले आफैँलाई जलाइरहेका छौं । भगवान्को सृष्टीमा कुनै भेदभाव छैन । पाप गरेर मुक्तिका लागि भनेर हामी धर्म कर्म गर्छौं त्यो आवश्यक छैन भन्दै गीतकार घिमिरे भन्छन्,

*भगवान्को सृष्टी संसार संरचना सबै साझा*

*मान्छे तर आफ्नो निम्ति ढलाउन खोज्छ आज ।*

*धर्मकर्म गर्नुपर्ने कुर्कममा लाग्छ मान्छे*

*कर्तव्य र निष्ठाबाट टाढा-टाढा भाग्छ मान्छे ।*

भगवान्को सृष्टिमा अढेको संसार यो चलिरहन्छ । निरन्तर चल्छ तर हामी त्यसलाई सर्वश्रेष्ठ बनाउछौं भनेर अनेक बहानाबाजी गर्न थाल्छौं । हाम्रो त्यो नखरा कदापी राम्रो होइन भन्दै गीतकार भन्छन्,

*स्व-धर्ममा नचलेर पाप फलाउने मान्छे हामी*

*स्व-स्वार्थले इमान-जमान जलाउने मान्छे हामी ।*

*यो जगत्को श्रेष्ठ प्राणी हामी मान्छे कहलिन्छौ*

*आफ्नै विनाश तिर लागि विकृतिमा बहकिन्छौ ।*

सारा संसार खुसी छ । सुखी छ । समृद्ध छ तर हामी अझै सुखी बनाउछौ भनेर उल्टो आगो लगाइरहेका छौं । यो कदापि राम्रो होइन, आफ्नो अधिकार र कर्तव्यको कुनै ख्याल गर्दैनौं सोही कारण आफैले दुःख पाउछौं भन्दै गीतकार भन्छन्,

*वैरभावको बीज रोपी खुसी माथि आगो लाउँछौ*

*कर्तव्यलाई बिर्सिदिँदा अनाहकमा दुःख पाउँछौ ।*

*फकाइ-फकाइ आफ्नैलाई ढलाउने मान्छे हामी*

*स्व-स्वार्थले इमान-जमान जलाउने मान्छे हामी ।*

यथार्थको धरातलमा उभिएर समकालीन युगजीवनको चित्रण गर्ने गीतकार घिमिरेले आफ्नो प्रस्तुत 'हरायौ तिमी बिरानो देशमा' गीति सङ्ग्रहको मैजारो सधैं-सधैं सम्झिरहन्छु गीतबाट गरेका छन् ।

बिरानो देशमा हराएका नेपाली दाजुभाइ, दिदीबहिनी, बुबाआमालाई सम्झेका घिमिरेले अन्तमा जहाँ जस्तो अवस्थामा रहे पनि जन्मेको माटोलाई सम्झेर आफूलाई जन्मभूमिका कर्मठ सपुतका रूपमा यसरी प्रस्तुत गरेका छन् ।

*सधैं-सधैं सम्झिरहन्छु म जन्मेको माटोलाई*

*जिन्दगीको पहिलो पाइला टेकिएको बाटोलाई ।*

मान्छे जन्मेपछि पहिला टेक्ने भनेको धरती नै हो त्यसैले आफूले टेकेको धरतीलाई कहिल्यै बिर्सनु हुँदैन भन्ने भाव गीतकारले व्यक्त गरेका छन् । आफू जन्मेको माटो र

हिँडेको बाटोलाई हेर्दा माछापुच्छ्रे मुस्कुराएको जस्तो लाग्छ र यसरी मन फुकाएर आफ्ना भावनालाई अभिव्यक्त गर्दछन् गीतकार घिमिरे,

*उँभो हेर्छु माछापुच्छ्रे मुस्कुराउँदै खुलेको छ*
*बेसी खाल्टे फाँटमा धान लह-लह झुलेको छ ।*
*अविरल बगेको छ मादी नदी सुसाउँदै*
*मेरो गाउँको दुःख, पीडा, हर्ष, उल्लास मिसाउँदै ।*

मान्छे बाध्यता र विशषताले गर्दा जुनसुकै ठाउँमा पुग्नुपर्ने हुन्छ । हिँडाइ कहिले सहज हुन सक्छ, कहिले असहज । हिँडाइ जस्तो होस् तापनि आम नेपाली जहाँ पुगुन, जसरी पुगुन छातीमा देश लुकाएर हिँडेको हुन्छ । आफु हुर्केको गाउँको माटोलाई बोकेर लिएर हिँडिरहेको हुन्छ । सोही सन्दर्भलाई लिएर गीतकार घिमिरेले गीत लेख्न पुग्छन् र आफ्ना गीति अभिव्यक्तिमा भन्छन्,

*छातीभित्र लुकाई रा'छु मेरै गाउँको पाटोलाई*
*सधैं-सधैं सम्झिरहन्छु म जन्मेको माटोलाई ।*
*कति खुसी लाग्छ मलाई खाल्टेबेसी झर्दाखेरी*
*पँधेरीमा कान्छीसँगै पिउने पानी भर्दाखेरि ।*

गीतकार घिमिरे आफ्ना सिर्जनामा कहीँ न कहीँ जन्मथलोलाई सम्झने स्रष्टा हुन् । आफ्ना चाहे गीत हुन्, चाहे गजल । सबैमा  उनले मूलपानीलाई मिलाएकै हुन्छन् । प्रस्तुत *सधैं-सधैं सम्झिरहन्छु* गीतमा पनि उनले मूलपानीलाई सम्झेका छन् यसरी,

*पाउँछु माया गाउँको छाया मेरो मन्को पाखाभरी ।*
*मेरो प्यारो मूलपानी गाउँ नाच्छ सधैं आँखाभरी ।*
*कस्ले मेट्न सक्छ वरै सम्झनाको खाटोलाई*
*सधैं-सधैं सम्झिरहन्छु म जन्मेको माटोलाई ।*

यसरी रामजी घिमिरेले आफ्नो हरायौ तिमी बिरानो देशमा गीति सङ्ग्रहमा युग जीवनको चित्रलाई जस्ताको तस्तै प्रस्तुत गरेका छन् । उनको प्रस्तुत सङ्ग्रहका अधिकांश गीत राष्ट्र, राष्ट्रियता र स्वाभिमानसँग जोडिएका छन् । उनी राष्ट्रसेवक कर्मचारी रहेर नेपाल आमाको रक्षाका लागि ज्यानको बलिदान् दिन पछि नपरेका कारणले उनका गीतमा यी विषयले पर्याप्त स्थान पाएका हुन भन्न सकिन्छ ।

रामजी घिमिरेका 'हरायौ तिमी बिरानो देशमा' कृति भित्र रहेका ८९ वटा गीतलाई प्रवृत्तिगत विशेषताका आधारमा अध्ययन गर्दा उनी मानवता बोकेका मानवतावादी गीतकार हुन् । उनका गीतमा मानवीय आवेग र संवेगको कुशल संयोजन पाउन सकिन्छ । जहाँ पुग्दैनन् रवि त्यहाँ पुग्छन् कवि भन्ने उखानलाई गीतकार घिमिरेले चरितार्थ गरेका छन् । गीतकार घिमिरेले आफ्ना गीति अभिव्यक्तिमार्फत् आफूलाई कुशल गीतकारको रूपमा प्रस्तुत गरेका छन् । उनका यस सङ्ग्रहका गीतको अध्ययन गर्दा उनी सामाजिक यथार्थवादी गीतकार हुन् । सोहीकारण उनका गीतमा सामाजिक जीवनको यथार्थ जस्ताको तस्तै प्रतिबिम्बित भएको पाइन्छ ।

### ४.२.५ 'आयौ फेरि सपनीमा' (२०७३) गीत सङ्ग्रहको अध्ययन

रामजी घिमिरेको 'आयौ फेरि सपनीमा' गीतसङ्ग्रह २०७३ सालको असार महिनामा प्रकाशन भएको कृति हो । जुन सङ्ग्रह भित्र ९० वटा गीत सङ्गृहीत छन् । उनका ती गीतलाई विभिन्न प्रवृत्तिगत विशेषताका आधारमा केही नमूना गीत छनौट गरी अध्ययन तथा विश्लेषण गरिएको छ ।

घिमिरे आफूलाई पृथक पहिचान बोकेका गीतकारका रूपमा प्रस्तुत गर्ने ध्येय राख्ने स्रष्टा हुन् । गीतकार घिमिरेका गीतले राष्ट्र र राष्ट्रियता रहयो भने मात्र हामी रहेको सार्थक हुन्छ भन्ने विचार बोकेको पाइन्छ । घिमिरे सधैँ राष्ट्रको शिर उचो राख्नुपर्छ भन्ने भाव व्यक्त गर्दछन् । उनले 'नेपालमा जन्मेपछि' शीर्षकको गीतमा राष्ट्रिय भाव अभिव्यक्त गरेर आफूलाई राष्ट्रवादी गीतकारका रूपमा चिनाएका छन् । घिमिरेले नेपाल आमाको स्वाभिमान र स्वाधिनताका लागि पनि आफ्नो बल, बुद्धि र विवेकको मसी खर्च गर्न कहिल्यै पछि नपर्ने भन्दै भनेका छन्,

*हिमाल पहाड तराईबीच अमिट माया गाँसौं हामी*
*थोपा-थोपा रगतभित्र देशको माया साँचौं हामी* ।

यो मात्र होइन, गीतकार घिमिरेले 'पहाड रोयो, तराई रोयो' गीतमा पनि राष्ट्रिय भावनालाई अभिव्यक्त गरेका छन् । प्रस्तुत गीतमा सबै रोएको देख्दा मन बुझाउने ठाउँ नभएको सन्दर्भलाई यसरी अभिव्यक्त गरिएको छ,

*पहाड रोयो तराई रोयो गाउँ सहर रोयो*

*मन बुझाउने ठाउँ छैन सारा विनास भयो ।*

पछिल्लो समय विकृति र विसङ्गति बढ्दै गएको छ । त्यसको मारमा आम नेपाली पर्नुपरेको छ । साचेर राखेका सपना क्षण भरमै हराएका छन् । हुरीले उडाए जसरी उडाएका छन् भन्दै गीतकार भन्छन्,

*बेथितिको सिकार माथि दैव पनि लाग्यो*
*साँची राख्या सपना सारा निमेषभरमै भाग्यो ।*
*न्यायिक हुनुपर्थ्यो दैव किन कठोर बन्यो*
*गाँस बास उखेलेर जगैबाट खन्यो ।*

*कहिले कतै नसोचेको भूकम्प यो आयो*
*मन बुझाउने ठाउँ छैन सारा विनास भयो ।*

देशमा ठूला-ठूला समस्या आइपरे । नाकाबन्दी लाग्यो, भूकम्प आयो । नेपालीलाई दुःखै दुःख पऱ्यो, त्यही दुःखमा धेरै स्रष्टा साधकले सिर्जना गर्ने अवसर पाए । विरह र वेदनाका सन्दर्भलाई आफ्ना सिर्जनामा उन्न भ्याए, यसै सन्दर्भमा घिमिरे भन्छन्,

*हेर्दा हेर्दै स्वाभिमानी धरहरा नि ढल्यो*
*मठ-मन्दिर पाटी-पौवा कम्पन सँगै ढल्यो ।*
*संरचना ढली कति ! अलपत्र परे*
*लेखाजोखा छैन दैव ! कति बाँचे मरे ।*

भूकम्पले देशमा ठूलो धन, जनको क्षती भयो । कयौं आमा बुबाका काख रित्तिए । कयौं दिदीबहिनीका सिउँदोका सिन्दुर पुच्छिए । कयौं बाबुनानी अभिभावकविहिन भए । यी सबै आफ्ना व्यक्तिगत पीडा, विरह र वेदना भए । राष्ट्रिय, अन्तर्राष्ट्रिय रूपमा नेपालको स्वाभिमानसँग जोडिएका संरचना ढले । त्यो भन्दा ठूलो हाम्रा पूर्वजको नासो ढल्यो भन्दै गीतकार घिमिरे मन बुझाउने ठाउँ नभएको देख्छन् र भन्छन्,

*पूर्वजको नासो ढले यादगार मात्र रह्यो*
*मन बुझाउने ठाउँ छैन सारा विनास भयो ।*

यस्तैगरी, पछिल्लो समय मान्छेमा पैसाप्रति पलाएको मोहलाई उनले आफ्नो ‘पैसाले त भगवान् हैन’ भन्ने बोलको गीतमा अभिव्यक्त गरेका छन् । उनले आफ्ना गीतमा

मायाप्रेमका सन्दर्भ पनि उत्तिकै समावेश भएका छन् । उनले मायालुलाई भन्न मन लागेका कुरा 'एउटा कुरा भन्छु तिमीलाई' गीतमा अभिव्यक्त गरिएको छ । उनको प्रस्तुत गीत सङ्गीतकार सुरेश गैरेको सङ्गीतमा रेकर्ड भएर बजारमा आएको गीत हो । गीतमा उनले भित्री कुरो मेलापातमा नफिँजाउनका लागि आग्रह गरेका छन् । जहाँ आफ्नी मायालुसँगका अन्तरङ्ग कुराकानीलाई उनले गीतको लयमा ढालेका छन् ।

यसैगरी 'तिमीसँगै हाँस्दै खेल्दै, परेलीमा बस्यौ तिमी' शीर्षकका गीतमा पनि मायाप्रेमकै सन्दर्भलाई समावेश गरिएको छ । प्रस्तुत दुवै गीतमा मायालुसँग हासखेल गरेका सन्दर्भ र परेलीमा नै बसेपछि बिर्सन गाह्रो भएको भाव प्रस्तुत गरिएको छ । घिमिरेको कृति भित्रको प्रेम सन्दर्भलाई समावेश गरेर तयार गरिएको गीत 'पँधेरी झर्दा गीत'मा रामजी घिमिरेले आफूलाई प्रेम पक्षका सन्दर्भमा द्रविलो बनाएर उभ्याएका छन् ।

उनका गीतमा राष्ट्रप्रेम, मातृत्वप्रेम, भातृत्वप्रेम, शृङ्गारिक प्रेमजस्ता विविध सन्दर्भ अटाएका छन् । यिनै सन्दर्भलाई उनले आफ्ना सिर्जनामा समावेश गरेका छन् । यसैक्रममा आफ्नी मायालु पँधेरीमा झर्दा नबोलेको सन्दर्भलाई लिएर यसरी गीतमार्फत् अभिव्यक्त गरेका छन्

*पधेँरी झर्दा बाटोमा भेटेँ एक शब्द बोलिनौ*
*के लुकाई ल्याथ्यौ पटुकीभित्र खै ! किन खोलिनौ ।*

गाउँघरमा चलन चल्तीमा रहेका झर्रा शब्दको प्रयोग रुचाउने गीतकार घिमिरेको पधेँरी झर्दा गीतमा त्यस्तै शब्दको संयोजन भएको पाइन्छ । पधेँरी झर्दा बाटोमा भेटे पनि नबोल्नेलाई किन बोलिनौं । पटुकी भित्र मेरा लागि केही ल्याएकी थियौं होला तर त्यो पनि खोलिनौं । बोलेको भए म क्या खुसी हुन्थे भन्दै गीतकार भन्छन्,

*क्या खुसी हुन्थे सन्चै छौ भनी बोलेको भए त*
*पटुकीभित्र लुकाको सौगात खोलेको भए त*
*के भयो सानी, ए मनकी रानी, तर्केर नहिन*
*दुई आत्मा जोड्ने प्रीतिको धागो एक्कासि नछिन ।*

समय हो, फेरिन सक्छ तर लाएको माया र खाएको कसम कहल्यै भूल्नु हुँदैन । मायामा त्यस्तो भयो भने त्यो सबैभन्दा ठूलो भूल हुने छ । तिमीले त्यस्तो खालको भूल नगर्नु भन्दै फेरी गीतको अर्को स्थायीमा भन्छन्,

*लाएको माया खाएको कसम भुल्न त भुलिनौ*

*पधेँरी झर्दा बाटोमा भेट्दा एक शब्द बोलिनौ ।*

मान्छे जन्मेपछि जननी र जन्मभूमिप्रतिको ऋणी हुन्छ । त्यसैले गर्दा हरेक सचेत नागरिकले आफ्नो जन्मभूमि र जननीको ऋण तिर्नका लागि आजीवन हर पर्यत्न गरिरहेका हुन्छन् । यहाँ गीतकार रामजी घिमिरेले पनि त्यही आशय गीतमा अभिव्यक्त गरेका छन् । घिमिरे स्वदेश तथा विदेशका विभिन्न स्थानमा रहे तापनि उनले आफ्नो चापापानीको पँधेरो बिर्सेका छैनन् । पधेँरामा पानी भर्न आउने चेलीलाई बिर्सेका छैनन् । उनले आफूलाई जहाँ राखेर विषयको उठान गरे पनि अन्तमा ल्याएर त्यही जन्मभूमिमा जोड्ने गरेका छन् । यो सन्दर्भमा उनी सफल गीतकार मान्न सकिन्छ ।

उनले प्रस्तुत पँधेरी झर्दा गीतमा आफ्नो घर छेऊको पधेँरामा पानी लिन वरिपरिको गाउँबाट झर्ने चेलीले जवानीमा आफूलाई नबोलाएको पीर मानेका छन् । उनलाई देख्दैमा पनि निकै खुसी हुने घिमिरेले पटुकी भित्र लुकाएर ल्याएको सौगात खोलेर मलाई दिएको भए कति खुसी हुन्थे भन्ने भाव गीतमा व्यक्त गरेका छन् ।

आफ्नी मायालुले बोल्न नसकेको सन्दर्भलाई मात्र होइन । यहाँ दुवैको दोष भएको सन्दर्भलाई यसरी अभिव्यक्त गरेका छन् गीतको अर्को अन्तरामा

*म पनि उस्तै बोला'भा हुन्थ्यो यो मनकी रानीलाई*

*छेकेर बाटो फूल द्याभा' हुन्थ्यो मायाकी खानीलाई*

*कुरेर बसेँ फर्केर आइनौ संसार भो अँधेरो*

*शून्य भो मन, शून्य भो आज चापपानी पँधेरो ।*

आफ्नी मायालु यस्ती त होइनन् तर कतै भूल भयो कि ? भन्ने शंका मनमा उब्जाउँदै उनले भन्छन्,

*भुलेर कतै पराई आँगन डुल्न त डुलिनौ*

*भेट हुँदा पनि बाटोमा आज एक शब्द बोलिनौ ।*

आफूले मन पराएकी मायालुले आफूलाई त बोलाइनन् तर आफूले बोलाएको भए पनि हुने थियो भनेर उनले बोलाउन नसकेकोमा पछुताऊ मानेका छन् । एक पटकको भेटमा बोलाउन नसकेपछि अर्को भेटमा फूल दिन्छु भनेर कुरेर बस्दा मायालु नै नआए पछि उनको सपना पूरा हुन नसकेको सन्दर्भलाई गीतमा व्यक्त गरिएको छ ।

गीतमा जवानीमा प्रवेश गरेका युवायुवतीको सन्दर्भलाई विषयवस्तु बनाएर उनले सरल शब्दका माध्यमबाट अभिव्यक्त गरेका छन् । जवानीमा सबैलाई काउकुती लाग्छ त्यो

स्वभाविक हो । प्रेमको विषयलाई लिएर मान्छे आवेगमा आएर गल्ती गर्नु हुँदैन भन्ने सन्देश गीतले दिएको छ ।

रामजी घिमिरेले मायालुसँग माया गाँस्न नसकेका सन्दर्भलाई पनि लिएर गीत लेखेका छैनन् । उनले माया बसेर पनि बिना कसुर विछोड हुनुपर्दाको वियोगान्त पीडालाई पनि गीतमा अभिव्यक्त गरेका छन् । उनले 'हाम्रो माया बिना कसुर' शीर्षकको गीतमा प्रेममा विछोड हुनेको कथा व्यथालाई यसरी समावेश गरेका छन्

*हाम्रो माया बिना कसुर चुरासरि चर्किदिँदा*
*छागाबाट खसे झैँ भो लगन गाँठो फुकिदिँदा ।*

माया प्रेममा रमाएका एक जोडी ढुकुरको जोडी क्षतविक्षत भएपछिको वियोगको अवस्थालाई यस गीतमा व्यक्त गरिएको छ । माया पवित्र हुँदा पनि गाउँ समाजमा हल्ला गर्नेहरूका कारण आफ्नो माया विना कसुर चुरासरी चर्किएको भन्ने भाव गीतमा व्यक्त गरिएको छ ।

*भन्नेले त भन्छन् के-के सुन्ने कान टाल्नु पर्थ्यो*
*सत्य कुरा के हो बुनु मनको दियो बाल्नु पर्थ्यो ।*
*हुरीजस्तै आवेगमा आई मेरो माया मारी गयौ*
*मनको साँध छुटाएर काँडेतारले बारी गयौ ।*

सत्य कुरा नबुझिकन् भन्नेहरूका पछाडि लागेर हिँड्ने मायालु जोडीको प्रेम सार्थक हुँदैन । हुरी आवेगमा जस्तो हुन्छ त्यस्तै गरेर मेरो माया मार्‍यौ भनिएको छ । यसरी माया मारेर गए पनि तिमीलाई बिर्सन सकेको छैन । बिर्सु भनेर भन्छु तर झल्को लागिरहन्छ भन्दै गीतकार भन्छन्,

*बिर्सुं भन्यो फेरि झल्को आँखैभरी नाचिदिन्छ*
*बल्लबल्ल जोडिएको दुःखी मन झन् भाँचिदिन्छ ।*
*विरहको बतास चल्छ अचेल मनको पाखाभरी*
*छचल्किन्छ आफ्नै अतित आँसु बनी आँखाभरी ।*

यस्तै कृति भित्रको 'विछोडको चुलेसीले' गीतमा पनि वियोगको सन्दर्भलाई प्रस्तुत गरिएको छ । उक्त गीतमा सधैं सम्मै देखिएको सपनासमेत धुजा-धुजा भएको पक्षलाई उजागार गरिएको छ । भाग्यले पनि आफूलाई किन ढाट्न परेको होला भनेर भाग्यसँग गुनासो गर्दै उनले भनेका छन्,

*विछोडको चुलेसीले भित्री मन काट्यो*
*सम्मै देख्ने सपनी नि धुजा-धुजा फाट्यो ।*

भेट्नु र छुट्नु जिन्दगीको रित रहेछ । तिमीसँग माया प्रेम बसे पनि आज घरदेशमा बसिरहन पाइन । घर आउँदा बसेको माया परदेश जाँदा झन् गाढा हुन्छ । त्यही सपनाको संसार बुनेर म हिँडेको छु । जानैपर्ने बाध्यता छ । सातसमुन्द्रबाट फर्केर आउँदासम्म तिमीलाई पनि धेरै पीडा, विरह र वेदनाले मन गलाउन सक्छ । मलाई पनि आँखाभरी तिम्रै झल्को, मनभरी पीर परिरहन्छ । मेरो पनि मन स्थिर छैन । भाग्यले के लेखेको रहेछ खै भन्ने प्रश्न गर्दै गीतकार भन्छन्,

*सपनाको संसार बुन्दै उनलाई एक्लै छाडी*
*जानै पर्ने बाध्यता छ सात समुन्द्रपारी ।*
*आँखाभरी उनकै झल्को मनैभरी पीर*
*पीरैपीरमा बहकिँदा यो मन छैन थिर ।*

*कस्तो लेख्या रैछ कुन्नी भाग्यले नै ढाँट्यो*
*सधैँ देख्ने सपनी नि धुजा-धुजा फाट्यो ।*

गीतमा आँखाभरी गीतको भाखाभरी उनी नै उनी छन् । उनैको पीरले बहकिँदा मन स्थिर छैन । कस्तो लेख्या रैछ कुन्नी यो भाग्यले पनि भनेर गीतकारले आफ्नै भाग्यलाई दोष दिएका छन् । भन्नेले जे पनि भन्न सक्छन् तर भाग्यको खेल कसैलाई थाहा नहुने भन्दै गीतकार घिमिरे भन्छन्,

*थाहा हुन्न यो भाग्यले कतातिर लान्छ*
*यहीँ पीरले दिनरातै मुटु कटकट खान्छ ।*
*सपना साँची जाने कति लास बनी आउँछन्*
*बच्ने पनि विदेशीको दास बनी आउँछन् ।*

*दैवले नि झेल गरी मेरो भाग्य साट्यो*
*गाउँबेसीमा अल्झेको मन धुजाधुजा फाट्यो ।*

यो मात्र होइन वियोगको सन्दर्भलाई उनले ‘नटेक्नु थियो आँगनी मेरो’ शीर्षकको गीतमासमेत समावेश गरेका छन् । आफ्नो आँगनी टेकेर र गहिरो पिरती लगाएर जानेले

पीडा दिएका छन् । तर्के पछिको विछोडको वेदनालाई सहन गाह्रो भएपछि उनले त्यही पीडालाई गीतमा उनेका छन् ।

*नटेक्नु थियो आँगनी मेरो टेकेर फर्कियौ*

*न लाउनु थियो पिरती गहिरो लाएर तर्कियौ ।*

हिजो तिम्रै हुँ भन्थ्यौ । हामी भएपछि पहाड, पर्वत र पहरामा बाटो नभए पनि हामीले मूल बाटो खनेर यात्रा तय गर्ने छौं भनेर भन्थ्यौ । म हिजो पनि एक्लै थिएँ, आज पनि एक्लै भए ।  दुई दिनको रामछायाले के नै पो गऱ्यो र ? चोटको आँसु बगेर कहिल्यै पनि नसुक्दो रहेछ भनेका छन् । यहीँ विछोड र पीडाको सन्दर्भलाई उनले गीतमा यसरी व्यक्त गरेका छन्,

*तिम्रै हुँ भन्थ्यौ मूलबाटो खन्थ्यौ भेटौँला भनेर*

*जिन्दगीभर प्रीतिको तृष्णा मेटौँला भनेर ।*

*के भयो सानी, ए मनकी रानी बोल्दा नि बोल्दिनौ*

*पहिला जस्तो मनको कुरा खोल्दा नि खोल्दिनौ ।*

*दुखेको रामलाई दुखाई अझै नुनपानी छर्कियौ*

*न आउनु थियो आँगनीसम्म आएर फर्कियौ ।*

एक्लो त म छँदै थिए झन् एक्लो पारेर गयौँ । तिमीले एक्लो पारेर गए पनि केही थिइन् तर त्यो चोटले झन् पीडा दिइरहेको छ । चोटको आँसु नसुक्दो रहेछ भन्दै गीतकार भन्छन्,

*म एक्लै थिएँ झन् एक्लो मलाई पारेर गै'गयौ*

*देखाई सपना दुई दिनमै आज बिरानो भै'गयौ*

*चोटको आँसु नसुक्दो रैछ अविरल बग्दैछ*

*विरासी जीवन आँसुको भेलले खै कता लग्दैछ ।*

*लाएको माया तोडेर आज ऐना झैँ चर्कियौ*

*नआउनु थियो आँगनीसम्म आएर फर्कियौ ।*

घिमिरेका कृति भित्रका *आफ्नैले मलाई भुलेको वेला, सम्झना आउँछ, प्रतिक्षाको दियो जलाई, मेरो लागि चारै धाम, तिम्रो हात समाउँदै, यति पछि भेट्दा पनि, लाउन परे लाउँला पासो, तिम्रो चिठी पढेपछि, सौभाग्यले जब आज, के भन्नु र आफ्नो नामको, वनमा*

*जस्तै मनमा, जुनी-जुनी हजार जुनी, जान्छु पनि नभनेर, काँडा मात्र बिभ्छ भन्थे, मन बाँधेर कति बस्छेऊ, तिमी पारी म छु वारी, सम्भनाले, तिमी विना जिन्दगी* शीर्षकका गीतमा माया प्रेमलाई विषयवस्तु बनाएर गीत लेखेका छन् ।

मानवको जिन्दगी प्रेममय छ । त्यसैले प्रेमलाई आम स्रष्टा साधकले सर्वोपरी स्थान दिएर आफ्ना सिर्जना गर्ने गरेको पाइन्छ । फरक के भने धेरै सर्जकले कोहीले शृङ्गारिक प्रेमलाई प्राथमिकता दिन्छन् । कोहीले व्यवहारिक र आत्मिक । यस सन्दर्भमा सर्जक रामजी घिमिरे शृङ्गारिक प्रेमलाई प्राथमिकता दिने भन्दा पनि मानव जीवनका विविध प्रेम पक्षलाई बाहिर ल्याउन मन पराउने स्रष्टा हुन् ।

यसैले उनको प्रस्तुत गीत सङ्ग्रहमा रहेका *सधैँभरी देख्छु तिमीलाई, म त परेँ तिम्रै भर, तिमीलाई राम्रो देखेर नै, जबसम्म आकाशमा, पँधेरी भर्दा, छल्योछल्यो बेइमानीले, तिमी साथमा छैनौ भने, जति मरिमेट्दा पनि, उनको सबै व्यथा, तिम्लाई राम्रो देखेर नै, उस्कै माया किन, तिमीलाई सधैँ रुवाएर, यो मन त्यो मन भए, कोपिलामै चुडी माया, किनाराले नदी छोड्ला* गीतमा पनि प्रेम पक्षलाई समेटिएको छ ।

घिमिरेका कृति भित्रका *हाम्रो माया बिना कसुर, आयौ फेरी सपनीमा, मैले ठूलो भुल गरेँ, सुनचाँदीमा जोखी माया, जबसम्म आकाशमा निश्चल, तिमीलाई खुसी मिल्छ भने, तिमीलाई पाउन पाए, आँखा चिम्ली बस्दा पनि, मुटु भिकी तिम्रै पाउमा, आज हो कि भोलि हो, लगाई माया भुक्काएर, मैले सधैँ पुजी राख्ने, मुटुभित्र राखी मलाई, तिमीसँग जिउँछु सधैँ, जून रोजौँ कि तिम्लाई रोजौँ, विछोडको चुलेसीले, फटेको मन, धेरै रोएँ जिन्दगीमा, याद बनी आएँ भने, तेरो मेरो होडबाजीमा, साँझ ढल्छ, पछ्यौरीको, डोली चढी गयौ तिमी, गयौ तिमी मादी तरी, आज मेरो कोमल मनलाई, इन्द्रेणीले सातै, तिम्रो हात समाउँदै, नटेक्नु थियो आगनी तिम्रो, भेट्न आउँला, मेरै सामु, जहाँ जाउँ, यसरी गयौ मुटुमा कुल्ची, बोल्ने देवता* शीर्षकका गीत पनि विविध प्रेम पक्षलाई लिएर लेखिएका छन् ।

गीतमा आफ्नै माटोको प्रेम, बाटोको प्रेम, घर आँगनको प्रेम, संस्कारको पेम, संस्कृतिको प्रेम, प्रकृतिको प्रेम, संस्कृतिको प्रेम पक्षलाई अभिव्यक्त गरेको पाइन्छ । हेरौं उनको बोल्ने देवता शीर्षकको गीतः

*बोल्ने देवता मठ मन्दिरमा देखेको छ कसले*
*सत्य बोलुन साक्षात् देवता भेटेको छ कसले ।*

बोल्ने देवता छन् भन्ने सुनिन्छ । मैले कतै देखेको छैन । कोही कसैले कुनै मठ मन्दिरमा देखेको छ भने सत्य बोलुन् साक्षात् बोलुन भन्ने आशय व्यक्त गर्दै उनले गीत लेखेका छन् । गीतमा देवता छन् भने साक्षात् हुन भन्दै उनले अभिमान गर्नु हुँदैन भन्दै भन्छन्,

*अभिमान गर्नु हुन्न, मरि जानु पर्छ*
*जीवन सागर आखिर एक्लै तरि जानुपर्छ ।*
*बग्दै जाने समयलाई छेकेको छ कसले*
*बोल्ने देवता मठ मन्दिरमा देखेको छ कसले ।*

भनिन्छ लेखेको पाइन्छ देखेको पाइँदैन । देखेको पाउने हो भने दुई आँखाले कति देख्छ, कहाँसम्म देख्छ । तर त्यो कहिल्यै पूरा हुन सक्दैन । देखेर मात्र सपना बनाउनु र भविष्यका योजना सफल पार्न खोज्नु व्यर्थ हो । त्यसैले भावीले लेखेको भोग्नै पर्छ भन्दै गीतकार भन्छन्,

*भावीले जे लेखेको छ भोग्नैपर्छ सबले*
*जस्तै कठिन बोझ पनि थेग्नैपर्छ सबले ।*
*मरिजाँदा सबै दौलत बोकेको छ कसले*
*बोल्ने देवता मठ मन्दिरमा देखेको छ कसले ।*

घिमिरेले प्रस्तुत गीतमा बोल्ने देवता नभए तापनि मान्छेमा देवताप्रतिको प्रेम सास्वत छ भनेर देखाएका छन् । जसरी उनले यस गीतमा देवताप्रतिको प्रेमलाई देखाएका छन् । त्यस्तै गरेर विविध सन्दर्भका प्रेमलाई गीतमा प्रस्तुत गरेका छन् ।

उनका *कहाँ गयौ, सँगालेर आँसु सबै, आँसुलाई नै मसी बनाई, दुई दिन रैछ सबै भन्नु, खाल्टे झरी मादी तरी* शीर्षकका गीतमा प्रेमपक्षलाई समावेश गरिएको छ । जुन गीतमा आफ्नै माटोको प्रेम, बाटोको प्रेम, घर आँगनको प्रेम, संस्कारको प्रेम, संस्कृतिको प्रेम, प्रकृतिको प्रेम पक्षलाई अभिव्यक्त गरेको पाइन्छ ।

यसैगरी, उनका *नेपाल हो हाम्रो देश, आमा, परदेशीलाई आफ्नै गाउँको, पहाड रोयो तराई रोयो, काम्यो भूमि थरथर, आफ्नै घर आफ्नै आँटी, मेरी आमा, मेरी छोरी सानी नानी, फेवातालको माथमा, बिसाउने चौतारीको, सुनखरी टिप्नलाई, किसान दाइ* राष्ट्रिय भावना भरिएका गीत हुन् । हेरौं उनको किसान दाइ गीतको अंशः

*किसान दाइ किसानी हो, स्वाभिमानको पेसा*

*तिमी जस्तो स्वावलम्वी परिश्रमी को छ ।*

पेसा, व्यवसाय जो जसले जस्तो सुकै गरे तापनि स्वाभिमानको पेसा किसानी हो भनेर उनले किसानी पेसाप्रति गर्व गरेका छन् । आफ्नो पेसाप्रति उनी भन्छन्,

*पसिनाले सिचाउँछौ आफ्नै खेतवारी*

*जोत्छौ खेत खन्छौ बारी ज्यानै माया मारी*

मेहनतको कमाइ खानेहरू सबै असल हुन्छन् । सफल हुन्छन् । उनीहरू कसैको भर पर्नुपर्दैन भन्दै गीतकार घिमिरे भन्छन्,

*लगाउँछौ आफ्नै खेतमा मेहनतको खेती*

*पसिनाले सिँचाएर फलाउँछौ मोती ।*

*कहिले खप्छौ चर्को घाम कहिले दर्के पानी*

*मेहनतको कमाइ खाने तिमी स्वाभिमानी ।*

*जता हेर्‍यो खेत बारी गाउँले परिवेश*

*तिमी जस्तो स्वाभिमानी परिश्रमी को छ ।*

घिमिरेको प्रस्तुत गीतमा कृषि कर्मप्रतिको प्रेम अभिव्यक्त भएको छ । आफु हुर्केको गाउँठाउँमा किसानी दाइ जस्तो स्वाभिमानी अरू कोही नभएको सन्दर्भलाई उनले गीतको विषय बनाएका छन् ।

*काँधमा तिम्रो हलोजुवा कोदाली छ हातमा*

*रमाएको देख्छु तिमीलाई सधैं मेलापातमा*

*कहिले देख्छु बेसी फाँटमा कहिले माथि गाउँमा*

*मोतीदाना फलाउँछौ आफ्नो गाउँ ठाउँमा ।*

*त्यसैसँग रमाउँछौ आफूसँग जो छ*

*तिमी जस्तो स्वाभिमानी परिश्रमी को छ ।*

घिमिरेले कतै हलो, जुवा, कुटो, कोदाली, उकाली ओरालीलाई गीतका वान्की बनाएका छन् । कतै हाम्रा पुराना मठ, मन्दिर, कुला पैनी, पधँरा, भञ्ज्याङ, देउरालीलाई गीतका बान्की बनाएका छन् । यसैले गर्दा गीतकार घिमिरेका सिर्जनामा हाम्रा संस्कार र संस्कृतिको अथाह भण्डार पाउन सकिन्छ ।

विविध सन्दर्भ, मायाप्रेम, राष्ट्रप्रेम, प्रकृतिप्रेमलाई विषय बनाएका गीतकार घिमिरेले दिदीभाइको पवित्र नाताको सन्दर्भलाई पनि गीतमा व्यक्त गरेका छन् 'आयो तिहार दिदीभाइको र आयो दसैँ' गीतमा ।

*आयो तिहार दिदी भाइको माया बोकी ल्यायो*

*गाउँबेसी सहर बजार हर्ष उल्लास छायो ।*

प्रस्तुत गीतमा तिहार आउने दिनले दिदीभाइको माया पनि बोकेर ल्याउने गरेकाले घर परिवार, गाउँवेशी, सहर, बजार सबैतिर हर्ष उल्लास छाएको भनिएको छ । जसमध्येको आयो तिहार दिदीभाइको गीतमा सप्तरङ्गी टीकाको महिमा र महत्त्वलाई यसरी गीति वान्कीमा अभिव्यक्त गरिएको पाइन्छ ।

*सयपत्री फूलसँगै दिदी माया उन्छिन्*

*सप्तरङ्गी टीकासँगै खुसीयाली मुस्छिन्*

*सङ्घारमा फोर्छिन् ओखर मझेरीमा टेकी*

*भगाउँछिन् यमदूतलाई राखी तेलको रेखी ।*

वर्ष दिनको तिहारले खुसी लिएर आएको छ । भैली आँगनमा आएकी छन् । उनको मनमा हर्ष उल्लास छाएको छ । उनीहरूले कामनाका गुच्छा शिरैभरी लगाइदिएका छन् आफ्ना आशीर्वचनद्वारा भन्दै भन्छन्,

*आयो तिहार वर्ष दिनको खुसीयाली ल्यायो*

*भैली आइन आँगनीमा हर्ष उल्लास छायो ।*

जब दीपावलीको अन्तिम दिन अर्थात भाइटीकाको दिन आउछ । दिदीबहिनीले निधारमा सप्तरङ्गी टिका लगाएर मखमली फूलको मालाले गलालाई शोभायमान बनाइदिन्छन् । त्यही सम्झनालाई लिएर गीतकार घिमिरे यसरी भावनामा बग्न थाल्छन्,

*लगाई दिन्छिन् कामनाका गुच्छा शीरैभरी*

*पस्की दिन्छिन् ममताका मिठाई थरीथरी ।*

*निधारमा सप्तरङ्गी भाइको टीका खुल्यो*

*मखमली फूलको माला गलाभरी झुल्यो ।*

*आयो तिहार वर्ष दिनको खुसीयाली ल्यायो*

*देउसी आयो आँगनीमा हर्ष उल्लास छायो ।*

यसरी गीतकार रामजी घिमिरेका गीतमा हाम्रो संस्कार र संस्कृतिलाई उल्लेख गरिएको पाइन्छ । उनका कृति भित्रका सम्पूर्ण गीतलाई हेर्दा गीतमा गाउँले जीवनप्रतिको सम्मान पाउन सकिन्छ। आफ्नो कृषि कर्मप्रतिको सम्मान पाउन सकिन्छ।

गीतकार घिमिरेले आफ्ना सिर्जनामा राष्ट्रिय स्वाधिनता, स्वाभिमानलाई आँच आउन दिनुहुँदैन भन्ने भाव पाउन सकिन्छ । सामाजिक जीवनको चित्रण उनका गीतमा पाइन्छ । राजनीतिक परिवर्तन, उथलपुथल र घटनाक्रमले निम्त्याएका सहज र असहज परिस्थितिको चित्रण पाइन्छ । आर्थिक विपन्नता र सवलताले निम्त्याएका पक्षको चित्रण पाइन्छ । सांस्कृतिक जीवनको चित्रण पाइन्छ।

घिमिरेका गीतमा शैक्षिक विसङ्गति, विकृतिप्रतीको व्यङ्ग्य, जीवन दर्शन, जीवनवादी चेतना, जीवनका पीडा, संवेदना उनका सिर्जनामा पाइन्छ । यसका साथै, मानवता, शान्ति, ऐतिहासिकता, राष्ट्रियता, प्रकृति र डायोस्पोरिक सन्दर्भलाई पनि उनले आफ्नो सिर्जनायात्राका सहयात्री बनाएका छन् । यिनै परिवेशमा रहेर उनको गीतियात्रा अगाडि बढेको छ।

**४.२.६ 'रामजी घिमिरेका १०१ गजल' (२०७१) गजल सङ्ग्रहको अध्ययन**

२०५५ सालदेखि गजल लेखनमा लागेका रामजी घिमिरेको 'रामजी घिमिरेका १०१ गजल' २०७१ सालमा प्रकाशित कृति हो । यस कृतिमा उनले एक सय एक गजल समावेश गरेका छन् । गजलकार घिमिरेका गजलमा समाजमा देखा पर्ने वर्गीय असमानता, व्यङ्ग्य, प्रकृति चित्रण, मानवतावाद, युगबोधको अभिव्यक्ति, मातृप्रेम, प्रेमपक्ष देशभक्तिको भावलाई प्रतीकात्मक तथा बिम्बात्मक तरिकाले व्यक्त गरिएको पाइन्छ। उनले आफ्ना सिर्जनामा जसरी युगीन पीडा, छटपटी र व्यथालाई कलात्मक अभिव्यक्ति दिँदै चेतनाको सन्दर्भलाई सम्प्रेषण गर्ने काम गरेका छन् त्यसै गरेर आफ्नो गजल कृतिमा पनि त्यो जमर्को गरेको पाइन्छ । उनका सिर्जनामा विगत र वर्तमान नेपाली समाजका वास्तविकताको चित्रण पाइन्छ।

शुरूको समयमा यथार्थवादी देखिएका गीतकार घिमिरे पछिल्लो समय सामाजिक यथार्थवादी कविको सर्जकको रूपमा आफ्नो छवि निर्माण गरेको पाइन्छ । सरल, सरस र झर्रा शब्दको प्रयोगले यिनका अधिकांश गीत र गजल बोधगम्य छन्। सिर्जनामा बौद्धिक पक्ष सबल रहेको पाइन्छ। उनका सिर्जनाको अर्न्तवस्तु विश्लेषण प्रकृतिप्रेम, राष्ट्रप्रेम,

मातृप्रेम, मानवतावादी स्वर, सामाजिक यथार्थता, गरीबीको चित्रण, वर्तमान युगजीवनको चित्रण आदिका आधारमा गर्न सकिन्छ । यसै सन्दर्भलाई मध्यनजर गर्दै उनको प्रस्तुत रामजी घिमिरेका १०१ गजल कृति भित्रका १०१ गजलमध्ये विविध विषय केन्द्रित प्रतिनिधिमूलक केही गजलको मात्र यहाँ अध्ययन तथा विश्लेषण गरिएको छ ।

रामजी घिमिरेले प्रस्तुत गजल कृतिमा उनले वर्तमान समयमा देखिएको अराजकतालाई विषय बनाएर नै धेरै गजल लेखेका छन् । हिजो राजनीतिक परिवर्तन आएपछि विकास हुन्छ भनेर लड्ने दाजुभाइमा हर्ष उमङ्ग आउन सकेको छैन त्यही राजनीतिक अराजकतालाई लिएर धेरै गजल लेखेका छन् । नारा र भाषणमा आर्थिक समृद्धिका कुरा भएका छन् व्यवहारमा हुन सकेका छैनन् त्यहाँ पनि अराजकता नै देखिन्छ । समाज रूपान्तरणका लागि धेरै सामाजिक कार्य भएका छन् तर त्यसले समुन्तत समाज बनाउन सकेका छैनन् । सांस्कृतिक पक्षको संरक्षणका लागि मान्छे कम्मर कसेर लागेका छन् प्रतिफल देखिएको छैन । सुन्दर भविष्यको कल्पना गरेर प्रेम गरेका छन् प्रेम मौलाउन सकेको छैन । यी लगायतका विविध क्षेत्रमा अराजकतै अराजकता भित्रिएको छ । मायालु जोडी बनेर हिँडेकाहरू आज दुई किनार बनेका छन् । यिनै सन्दर्भलाई लिएर घिमिरेले गजल लेखेका छन् । यसका साथसाथै, संस्कार तथा संस्कृतिका सन्दर्भलाई पनि केही गजलमा समावेश गरेका छन् । उजाडिदै गएका गाउँघरका सन्दर्भ र हिजोको द्वन्द्वको पीडा र त्यसले आज परिवारमा पारेको असरलाई पनि उनका गजलमा देखाउन खोजिएको छ । यस्तै प्रेमिल गजल लेख्ने घिमिरेले माया र प्रेमका सन्दर्भलाई पनि समावेश गरेर गजल लेखेका छन् । जुन कृति भित्रका फरक-फरक काव्यप्रवृत्तिलाई देखाउने केही प्रतिनिधिमूलक गजलको अध्ययन तथा विश्लेषण यहाँ गरिएको छ ।

हिजो देशमा आफ्ना दाजुभाइ बीचको युद्ध चल्दा घरमा आमा, दिदीबहिनी पीडामा थिए । आज दाजुभाइ मिलेका छन् तर त्यसको पीडा झन् गहिरो भएर बसेको छ । बिर्सु भने पनि झन् बल्झन पुगेको छ । सोही सन्दर्भलाई उनले आफ्ना गजलका शेरमा यसरी व्यक्त गरेका छन् ।

*जेठो छोरो जवान थियो द्वन्द्वकालमा मरी गयो*
*माइलो घाइते लङ्गडो भो मेरो भरमा परी गयो ।*

हिजो नयाँ नेपालको कल्पना गरेर घर परिवार सबै छोडेर हिँडेको कान्छो छोरो आज आफ्नै जन्मभूमीमा बाँच्ने आधार नभएर विदेश गएको छ भन्दै गजलकार घिमिरे गजलको एक शेरमा भन्छन्,

*नयाँ नेपाल बन्छ भन्दै खुसी हुन्थ्यो कान्छो छोरो*

*बाँच्ने आधार नपाएर विदेशतिर झरी गयो ।*

जेठो छोरो द्वन्द्वकालमा मरेपछि, कान्छो छोरो परदेशमा झरेपछि आमा तिनै छोराको पीरले अल्पकालमा ज्यान गुमाउन पुगिन् । उता बाबाको मुटु पनि छिया-छिया भएको छ । भाग्य पनि कस्तो रहेछ । दैव पनि पक्षपाती भए जस्तो लाग्छ । देशमा परिवर्तन आउँछ भनेका थिए, आएको परिवर्तन पनि निमुखालाई घाती भएको छ । हुने खाने र हुँदा खाने बीचको विभेदको अन्त्य हुन सकेन । छोराले परिवर्तनका लागि ज्यान फाल्नु बेकार भयो । यता आमाको काख रित्तिनाले अल्पकालमै आमाले मृत्युवरण गर्न पुगिन् । भाग्यले खुसी लुटेर व्यथा र पीर मेरो भागमा परिदिएको छ भनेर द्वन्द्वपीडित परिवारको वेदनालाई उनले गजलका शेरमा यसरी व्यक्त गरेका छन्

*घरकी प्यारी श्रीमती नि यिनै पीरमा तड्पी-तड्पी*

*आखिरीमा कालले उन्लाई जवानीमै हरी गयो ।*

*यिनै दृश्य आँखा भरी सधैँ-सधैँ नाची दिँदा*

*सद्धे मेरो मुटु पनि हजार चिरा परी गयो ।*

*व्यवस्था नि धेरै घाती ! दैव पनि पक्षपाती*

*खुसी लुटी व्यथा मात्रै मेरै भागमा छरी गयो ।*

प्रस्तुत गजललाई अध्ययन गर्दा देशमा हाल शान्ति सुरक्षा, अमन चयन भएको छ । तापनि मन मुटुमा लागेको द्वन्द्वको घाउ झन् विकराल हुँदै गएको छ । जसका कारण प्रत्येक पलपल पीडाबोध भएको छ । देशको व्यवस्था घाती त थियो थियो, दैव पनि पक्षपाती हुँदा जिन्दगी आँसुको सागरमा डुब्न पुगेको भाव व्यक्त गरिएको छ । विविध समय र सन्दर्भमा कलम चलाउने घिमिरेको प्रस्तुत गजलमा देशमा चलेको द्वन्द्व र त्यसले निम्त्याएको पीडालाई अभिव्यक्त गरिएको छ ।

जसरी गजलकार रामजी घिमिरेका गजलमा देशका पीडा आएका छन् । त्यस्तै गरेर उनका गजलमा परदेशीका पीडा पनि पर्याप्त मात्रमा समावेश गरेको पाइन्छ । जसरी हाम्रो संस्कार र संस्कृतिको संरक्षणका लागि चर्को आवाज उठाउँदै आएका छन् । त्यसै गरेर

परदेश गएका दाजुभाइको मन अमिलिँदाका परदेशीका पीडालाई गजलमा अभिव्यक्त गरेका छन् । हेरौं उनका गजलका केही शेर,

*यसपालिको दसैंमा नि छुट्टी आउन पाइन आमा*

*तिम्रो हातको जमरा र टीका लाउन पाइन आमा ।*

*बागेडाँडा गाउँमा भा'को रोटे पिङ्ग खेल्दै, खेल्दै*

*मालसिरि भाका हाल्दै गीत गाउन पाइन आमा ।*

आफ्नो सिर्जना यात्रामा हाम्रा सनातन धर्म, संस्कार, संस्कृतिको संरक्षणका लागि हामी लाग्नु पर्छ भनेर आह्वान गरेका घिमिरेले प्रस्तुत गजल कृतिभित्र पनि त्यो आह्वानलाई यथावत राख्दै आएका छन् । गजल लेखनमा पनि उत्तिकै महत्त्व दिएका छन् ।

गजलकार घिमिरेले दसैं, तिहार, दसैंको मालसिरिको धुन, डाँडा पखेराका रोटे र चम्राले पिङको सन्दर्भलाई लिएर गजल लेखेका छन् । जब चाडपर्व आउछन् यता घरमा आमाले छोरा कहिले आउछ भनेर बाटो हेरेर बस्ने गर्न थाल्छिन् । उता छोराको बाध्यता कसले बुझ्ने । आमाले घर कुरेर बसेको पर्खाइलाई कसले चिन्न सक्छ र ? आफूले घर आउनका लागि विदा नपाउने देखेपछि त्यही सन्दर्भलाई उनले गजलमा यसरी उनेका छन् ।

*आउँछ छोरो भन्दै सपना धेरै बुन्दै होली*

*परदेशबाट खुसी साँची घरमा ल्याउन पाइन आमा ।*

*पोहोर परार जस्तै ऐले कालिकाको मन्दिरमा*

*अष्टमी र नवमीमा पूजा लाउन पाइन आमा ।*

समयको चक्र यस्तै हो । पोहोर जस्तै यो वर्ष पनि मैले आमाको हातको टीका लगाउन पाइन । आमाको परदेशबाट छोरो आउछ भन्ने खुसीलाई साचो खुसीमा परिणत गर्न सकिन भन्ने भावलाई गजलमा प्रस्तुत गरिएको छ । यसैले उनलाई संस्कृतिप्रेमी, राष्ट्रवादी गजलकारका रूपमा लिन सकिन्छ ।

घिमिरेले हाम्रा संस्कार र संस्कृतिलाई लिएर मात्र गजल लेखेका छैनन् । आफूले मन पराएकी आफ्नी मायालुको स्नेहमा चुर्लुम्म डुबेर पनि गजल लेखेका छन् । एकोहोरो प्रेमी बनेर प्रेम सागरमा एक्लै रमाएका जवान युवायुवतीको प्रेम कहानीलाई घिमिरेले यसरी गजल बनाएका छन्,

*तिम्रो मेरो साझा यौटा घर भए कस्तो हुन्थ्यो*

*हाम्रो नाता पिपलु र वर भए कस्तो हुन्थ्यो ।*

*सपना देख्छु जुनी-जुनी तिमीलाई नै चुमी राख्ने*

*तिम्लाई पनि मलाई जस्तै रहर भए कस्तो हुन्थ्यो ।*

जिन्दगी प्रेमपूर्ण छ । प्रेम विना सार्थक हुन सक्दैन त्यसैले प्रेमको सागर तर्नैपर्छ । ढिलो र चाँडोको मात्र सन्दर्भ हो । यो प्रेमको सागर तर्दा तिम्रो हात भयो भने भर लाग्छ । अरूको डर लाग्छ । मलाई छाडेर तिमी कतै नजानु । हामीले अव्यक्त प्रेम गरेका छौं त्यसैले तिमीलाई पनि डर नै छ । अब यसरी डरमा बाँचेर हुँदैन । हामी दुवै एक भएपछि कसैको डर हुँदैन । हामी एक अर्काको भरमा बाँच्नुपर्छ । तिमीमा पनि जवानी चढेको छ ममा पनि । एकदिन पराइलाई आफ्नो भन्नैपर्छ भन्दै गजलका शेरमा भन्छन्,

*जन्मेपछि एकदिन त प्रेम सागर तर्नै पर्छ*

*तर्दा सागर तिम्रो हातको भर भए कस्तो हुन्थ्यो ।*

*डर लाग्छ कतै तिमी मलाई छाडी जाने हो कि*

*तिम्लाई पनि मलाई जस्तै डर भए कस्तो हुन्थ्यो ।*

यसरी घिमिरेको प्रस्तुत गजललाई हेर्दा उनी प्रेमका पुजारी हुन् । सफल प्रेमले जीवनलाई सार्थक बनाउछ भन्ने भाव प्रस्तुत गजलमा अभिव्यक्त भएको पाइन्छ ।

पछिल्लो समय मान्छे, मान्छे हुनसकेको छैन । उसलाई स्वार्थ र लोभले मात्र गाँजेको छ । त्यसैले गर्दा इमान्दारहरू सधैँ बेइमानीको जालमा परेका छन् भन्ने सन्दर्भलाई लिएर गजलकार घिमिरेले गजल लेखेका छन् ।

*अविरल आँसु परेलीबाट झरेको सम्झन्छु*

*तातेको भीरमा कलिलो मुटु परेको सम्झन्छु ।*

*मुखको बोलीमा जादु नै थियो मोहनी लगाउने*

*मोहनी जालमा पारेर सेती तरेको सम्झन्छु ।*

उनका केही गीतमा वर्तमान परिवेशका अराजकतालाई देख्न सकिन्छ । अराजकताले निम्त्याएका वितृष्णालाई देख्न सकिन्छ । कवि, कलाकारका लागि मायालु जोडी पनि सिर्जनाका माध्यम बन्न पुग्छन् । प्रेमका विरोधी पनि सिर्जनाका माध्यम बन्न पुग्छन् । प्रेमी र प्रेममा पागल बनेका सबै पात्र एक सर्जकका सिर्जनाका मुहान हुन् । सोही कारण घिमिरले मायामा परेका जोडीको सुन्दर भविष्यको मात्रै कल्पना गरेका छैनन् । वियोगमा परेर छट्पटाएकाको विरह र पीडालाई पनि गजलमा ओकलेका छ्न यसरी,

*लेखेर राखे उसैको नाउँ कलेजी माझैमा*

*लेखेको नाउँ मेटेर बेइमान गरेको सम्झन्छु ।*

*छलको दुनियाँ विचित्र लाग्छ सकिन्न बुझेर*

*हारेर आफ्नै दुनियाँ सामु मरेको सम्झन्छु ।*

मुखले रामराम बगलीमा छुरा यो पुरानो उखान वर्तमान परिवेशका केही सन्दर्भले चरितार्थ गराएका छन् । यस्तै सन्दर्भलाई लिएर छल गर्नेहरूको छलको संसार विचित्रको हुने हुँदा इमान्दार र स्वाभिमानीहरू सधैँ नखाएको बिस लागेर मर्नु परेको सन्दर्भलाई जोडेका छन् ।

माया सर्वोपरी चिज हो र मायाले सबैलाई बन्धनमा राख्छ । त्यही मायाको संसार स्वार्थी भएपछि सारा संसार धरासायी हुन्छ । त्यसैले स्वार्थी मायाको चित्रण रामजी घिमिरेका गजलमा पर्याप्त मात्रा भएको पाइन्छ । मायामा जिते पनि हारिदिँदा मायालु खुसी हुने देखेपछि मायालुलाई देखाउनका लागि मात्रै हार्ने जोडीहरूको कथालाई लिएर उनले गजल लेखेका छन् ।

*बाजी मैले जितेकै हो जिते पनि हारिदिएँ*

*बेमानीको भर नहुँदा मैले माया मारिदिएँ ।*

*आउनु भन्ने खबर पाए दोबाटोमा भेट्नलाई*

*अहिले फुर्सद छैन भन्दै भेट्ने मिति सारिदिएँ ।*

मान्छे देखेर चिन्न सकिँदैन । मान्छे चिन्न उसको मनमा पस्न सक्नुपर्छ आम सर्जकले भन्दै आएको आशयलाई घिमिरले आफ्ना गजलमा पनि व्यक्त गरेका छन् । हेरौं उनका केही गजलका शेरलाई ।

*सोचेको पनि थिइन मैले मान्छे यति गर्छिन् भन्ने*

*यी नजरले देखेपछि मनको चाहत बारिदिएँ ।*

*आँखामा नै छारो हाली मुखले भने ठिक्क पार्ने*

*बैगुनीलाई गुनै लगाई सबै कसम टारिदिएँ ।*

यसरी आफ्नै मायालु हो भनेर भर पर्दा मायामा बेइमानपन छिरेपछि नसोचेको घटना घटेको छ । नजरले देखेको सत्य पनि झुट हुन पुगेको अनुभूति प्रेमील जोडीलाई भएको छ भन्ने भाव गजलकारले आफ्ना गजलमा व्यक्त गरेका छन् ।

कतै आफ्नी प्रियसीलाई देखाउनका लागि हारेका गजलकार घिमिरे कतै भने साच्चै हार्न परेको सन्दर्भलाई लिएर गजल लेखेका छन् । समाजमा दहल्याउने, दाल्ने र घात

पार्नेहरूको विगविगी छ । त्यसैले गर्दा मायामा घातै पार्नेहरूका कथालाई यसरी अभिव्यक्त गरिएको छ ।

*सधैं पुज्ने देवता पनि किन यति घाती भयो*

*चाहिँदा खेरि पापी भयो नचाहिँदा जाती भयो ।*

*धेरै थिए सपनाहरू कोपिलामा ओइलाई सके*

*फुलाउन खोज्दा खोज्दै आज जीवन राती भयो ।*

मायामा उल्टो सुल्टो सबै हुन सक्छ । मनले देखेको भाग्यमा नलेखेको हुन सक्छ । भाग्यमा लेखेको आँखाले नदेखेको पनि हुन सक्छ । यही सन्दर्भलाई लिएर घिमिरेले भन्छन्,

*मुटु भित्र यौटा थियो विधाताले अर्कै दियो*

*रुँदा रुँदै सुक्यो आँसु ढुङ्गाजस्तै छाती भयो ।*

*लाखौं लाख पुकार गरी साँझ बिहान पूजा गरे*

*पुज्ने देवता घाती भयो रित्तो सपना साथी भयो ।*

यसरी माया, प्रेम, स्नेह, विछोड, विरह, हासो, रोदन, विरह र वेदनाका गजल लेख्ने रामजी घिमिरेले जन्मभूमिका पनि धेरै गजल लेखेका छन् । आफू जन्मेर हुर्केको ठाउँ बञ्जर देख्दा मन साह्रै रोएको छ । सुन फल्ने त्यो गैरी खेत आज टारी हुँदा मन अमिलिएको छ । आँखाका डिल सराएका छन् । त्यसैले त्यो वेदना र विरहलाई मत्थर पार्नका लागि यसरी गजल लेख्छन्,

*बञ्जर देखे गाउँ सारा पाती घारी भयो आज*

*सुन फल्ने गैरी खेत नि सुके टारी भयो आज ।*

*देख्दिन खै ! गोठमा पनि फुर्के गोरु, तारे गोरु*

*मक्किएछन् हलो जुवा बाँझो बारी भयो आज ।*

हिजो गोठमा जाँदा गोरु हुन्थ्यो । बारीमा जाँदा कोदो । खेतमा जाँदा धान तर आज कतै केही छैन । न घरमा हलो जुवा देख्न पाइन्छ । न स्याखु, डोको र नाम्लो नै छन् । वर्तमानको परिवर्तनको प्रभावले गर्दा हाम्रा पुराना आस्थाका, पुरातात्विक महत्त्वका सामग्री हराएकोमा उनलाई चिन्ता लागेको छ ।

*छत्री छैन, स्याखु छैन, डोको नाम्लो केही छैन*

*घरको संघार रित्तो देख्दा यो मन भारी भयो आज ।*

*गाउँमा सबै बुढाबुढी निमुखा र रोगी मात्र*

*युवाहरू शहर पस्ने चलन जारी भयो आज ।*

यसरी रामजी घिमिरेका गीत तथा गजललाई अध्ययन गर्दा के भन्न सकिन्छ भने उनी वर्तमान युग जीवनको सचेत स्रष्टा हुन् । आफ्नो समाजको चित्रलाई आफ्ना सिर्जनामा उन्न सक्ने एक सफल गीतकार रामजी घिमिरे हुन् । विश्लेषणको सैद्धान्तिक आधार अन्तर्गत नेपाली समाज र संस्कृतिको परिधि भित्र रहेर अध्ययन, विश्लेषण एवम् मूल्याङ्कन गर्दा उनका गीतहरूमा नेपालीपन, नेपाली संस्कार, धर्म, संस्कृति, सामाजिक परम्परा आदि प्रस्तुत भएको देखिन्छ । सामाजिक मूल्य र मान्यताका दृष्टिकोणबाट पनि उनका गीतमा पर्याप्त मात्रामा सामाजिक विषयवस्तु एवम् संस्कृतिजन्य विशेषता पाउन सकिन्छ । उनका गीतमा सरलता, सहजता, स्वाभाविकता, प्राकृतिकता जस्ता गुण भेटाउन सकिन्छ ।

घिमिरेले गीतमा समाज र संस्कृतिजन्य परम्परालाई समेटेका छन् । यस्तै, मानव समुदायले व्यथित गरेको जीवन भोगाइलाई उनका गीतमा प्रतिबिम्बत भएको पाइन्छ । साँच्चिकै नेपाली लोकगीत सङ्गीत संस्कृतिको संरक्षण र संवर्द्धनका निम्ति उनका गीतहरू अनमोल सम्पत्ति भएको मान्न सकिन्छ । यस्ता कला र गलाका साधक र साधकद्वारा निर्मित अमूल्य निधिहरूलाई राज्यस्तरबाटै सम्मान पूर्वक जगेर्ना गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ४.३ तत्त्वका आधारमा घिमिरेका सिर्जनाको अध्ययन

जसरी मानव शरीर पूर्ण हुन जसरी विभिन्न अवयवको भूमिका रहन्छ । कुनै पनि सर्जकका सिर्जना पूर्ण हुनका लागि पनि विभिन्न अवयवको आवश्यक पर्दछ । जसलाई तत्त्व भन्ने गरिन्छ । तिनै तत्त्वका आधारमा सर्जक रामजी घिमिरेका सिर्जनालाई अध्ययन तथा विश्लेषण गर्नु यस शोधको उद्देश्य पनि हो ।

रामजी घिमिरेका सिर्जनामा अभिव्यक्त विषयवस्तु, भाषाशैली, बिम्ब-प्रतीक, लय, छन्द र अलङ्कार विधानले उनको सिर्जना यात्रालाई पूर्ण बनाएका छन् । घिमिरेले आफ्नो सिर्जना यात्राका सन्दर्भमा आफ्नै गाउँघर, टोलछिमेक, घरपरिवार, आफन्त, इष्टमित्र, शुभेच्छुक-शुभचिन्तक, संस्कार-संस्कृति, राष्ट्र-राष्ट्रियतालाई आफ्ना सिर्जनाका विषयवस्तु बनाएका छन् । थोरै मायालुका सम्झना र धेरै हलिदाइका, गाउँमा बाटुली र पातलीका दुःखलाई उनले आफ्ना सिर्जनाका विषयवस्तु बनाएका छन् ।

यो मात्रै होइन उनले आफू परदेशमा रहे तापनि घरदेशमा मन राखेर आफ्नो जन्मथलो मूलपानीको सम्झना बारबार आइरहेको सन्दर्भलाई अधिकांश गीत र गजलका विषयवस्तु बनाएका छन् यसरी

*सुखसयलको सपना बोकी काट्दिन म देशको सीमा*

*यहीँ माटोलाई पूजा गरी यहीँ माटोलाई ढोग्छु हजुर ।*

सर्जक रामजी घिमिरे आफ्ना सिर्जनामा सरल भाषाशैलीको प्रयोग गर्न रुचाउने स्रष्टा हुन् । तत्सम् तत्भव, कथाले माग्दाको खण्डमा केही आगन्तुक शब्दको प्रयोग आफ्ना सिर्जनामा गरेका छन् । तर उनी गाउँघरका झर्रा शब्द प्रयोग गर्न रुचाउने स्रष्टा हुन् । हराउँदै गएका हाम्रा ढिँकी जाँदा, कुवा, पधँरा, कुटोकोदालो, आटोपीठो, खोलेफाँडो जस्ता सरल भाषाशैलीको प्रयोग उनका गीतमा भएको पाइन्छ ।

*पोहोर परार जस्तै ऐलै कालिकाको मन्दिरमा*

*अष्टमी र नवमीमा पूजा लाउन पाइएन आमा ।*

òòò òòò òòò

*असारे मास धान रोप्न फाँटमा झरेको सम्झन्छु*

*मङ्सिरको दाइँमा खलामा धान भरेको सम्झन्छु ।*

òòò òòò òòò

*कहिलेकहीँ जिन्दगानी कष्ट सफर हुन सक्छ*

*याद गर्नु रोज्दाखोज्दा झुटा अफर हुन सक्छ ।*

गजलकार तथा गायक रामजी घिमिरे बिम्बवादी सर्जक पनि हुन् । आम सर्जकको सिर्जना यात्रामा धेरै सर्जकले थाहा नपाउँदा नपाउँदै पनि ती सिर्जनामा बिम्ब र प्रतिकको प्रयोग भएको हुन्छ । अलङ्कारको प्रवेश पाइन्छ । जो सर्जकलाई थाहा नहुन पनि सक्छ तर त्यो अपरिहार्य भएकाले आफ्सेआफ आएको पाइन्छ । घिमिरेका त्यस्ता बिम्ब आएका सिर्जना धेरै छन् । जसमध्ये केही गीतका टुक्रा र केही गजलका शेरलाई उदाहरणका रूपमा लिन सकिन्छ । यसै सन्दर्भमा हेरौं, घिमिरेका सिर्जनामा पनि केही त्यस्ता बिम्ब प्रयोग भएको पाइन्छ ।

*ढिलो र छिटो एकदिन त हामी मरेर जानु छ*

*सुकेको पात झैँ रुखबाट भुइँमा झरेर जानु छ ।*

òòò òòò òòò

*उजेलीलाई खोज्दै छु म अँधेरीमा बसी*

*औंला भाँच्दै टोलाइ रा'छु मझेरीमा बस्दै ।*

òòò òòò òòò

*दुख्छ नि त दुख्ने मुटु घोची दुखाइ दिएपछि*

*पर्खाएर दिनैभरि घाममा सुकाइ दिएपछि ।*

सर्जक रामजी घिमिरे गायक पनि हुन् । त्यसैले गर्दा उनका सिर्जनामा गेयात्मकतता पाइन्छ । गजल र गीत आफैँमा गेय विधा भएकाले यसमा लयको महत्त्वपूर्ण भूमिका हुन्छ । यसैले गर्दा सर्जक घिमिरेका सिर्जनामा कुनै न कुनै लय मिसिएरै आएको पाइन्छ ।

गीत र गजल दुवै गेय विधा भएकाले विभिन्न लयमा यी सिर्जना सिर्जीत हुन्छन् । गीतका सन्दर्भमा स्थायी र अन्तरा गरी विभाजन गरेर गीतलाई टुक्राइएको हुन्छ । यस्तै गजलको सन्दर्भमा भने शेर, मिसरा, मक्ता गरेर यिनका पङ्क्ति विभाजन गरिएको पाइन्छ । गीतको अघिल्लो दुई लाइनलाई स्थायी भनिन्छ भने गजलको दुई लाइनलाई शेर भनिन्छ । त्यही शेरलाई मतलासमेत भन्ने गरिन्छ ।

गजल गायनका हिसाबले कम्तिमा तीन शेरका गजलमा सङ्गीत र स्वर भरिएको पाइन्छ । कृति प्रकाशनमा भने न्यूनतम् चार शेरका गजल प्रकाशन गर्ने गरेको पाइन्छ । रामजी घिमिरेका १०१ गजल कृतिमा रहेका अधिकांश गजल चार शेरका रहेका छन् । उक्त कृति भित्रका ७६ वटा गजल चार शेरका रहेका छन् । यस्तै, एक गजल तीन शेरको र एक गजल तीन छ शेरको रहेका छन् । यस बाहेकका अन्य २३ वटा गजल भने पाँच शेरका रहेका छन् । गजलविज्ञहरू कम्तिमा पाँच शेर भएको गजललाई उत्तम गजल भन्ने गरेको पाइन्छ ।

घिमिरेका गजलमा काफियाको प्रयोगमा पनि कुनै दोष पाइँदैन । उनका गजलमा पूर्णशब्द काफियाको प्रयोग अधिक भएको छ । केही गजलमा एकाक्षरी, शब्दांश र मिलित काफियाको प्रयोगको सफल प्रयत्न भएको पाइन्छ ।

रदीफ सन्दर्भमा उनले पायः गजलमा रदिफको प्रयोग गरेका छन् । गजल लेखनका सन्दर्भमा पछिल्लो समय रदीफ प्रयोग नगर्ने पनि पाइन्छन् । घिमिरेले आफ्ना गजलमा अनिवार्य जस्तो रदीफको प्रयोग गरेका छन् । धेरै एकल रदीफको प्रयोग भएको छ भने केही बहुल रदिफको प्रयोग उनका गजलमा पाइन्छ ।

तखल्लुस गजलको अन्तिम शेरमा प्रयोग गरिने स्रष्टाको नाम हो । केही गजलकारले तखल्लुस प्रयोग गर्ने गरेको पाइन्छ । रामजीले आफ्नो गजल लेखनको शुरूआतीको यात्रामा तखल्लुस प्रयोग गरेको पाइँदैन । पछिल्लो चरणमा भने उनका गजलमा तखल्लुस प्रयोग गरेको पाइन्छ । उनको ठेकीमदानी गजल कृतिमा तखल्लुसको प्रयोग भएको पाइन्छ ।

बहर गजलको एक प्रकारको छन्द हो । विभिन्न छन्दमा लेखिएका गजलमा विभिन्न प्रकारका बहरमा संरचित भएको पाइन्छ । नेपाली गजल लेखनका विभिन्न स्वतन्त्र शैली सँगसँगै शास्त्रीय शैलीमा रहेर गजल लेख्ने गजलकार पनि पर्याप्त रहेको पाइन्छ । घिमिरेका सिर्जनामा स्वतन्त्र छन्द, संस्कृत छन्द र स्वतन्त्र बहरको प्रयोग भएको पाइए तापनि बहरबद्ध भएरै गजल भने लेखेको पाइँदैन ।

यसरी, गीतकार तथा गजलकार रामजी घिमिरेका सिर्जनामा आन्तरिक लय, अन्त्यानुप्रास र अन्तर अनुप्रासको प्रयोगले उनका गीत तथा गजललाई एक प्रकारको लय प्रदान भएको छ । सोही कारण उनका गीत गजल गेयात्मक छन् । यी कृति प्रकाशन भन्दा अगाडि उनका गीति एल्बम बजारमा आएका कारणले गर्दा उनका गीत गजलमा आन्तरिक लय अन्तरनिहित भएको पाइन्छ ।

## ४.४ रामजी घिमिरेका सिर्जनामा अभिव्यक्त विषयवस्तु

जीवन र जगत्को सर्वाङ्गीण पक्ष समेटिने गीतको भाव नै विषयवस्तु हो । जसमा सुख, दुःख, पीडा, व्यथा, वेदना, अन्याय, उत्पीडन, सङ्गति विसङ्गति, सभ्यता संस्कृति, माया प्रेम, रस्यौली ठट्यौली, जीवन दर्शन जस्ता सबै कुरा सहज, मार्मिक, स्वभाविक र कलात्मक रूपमा अभिव्यक्त हुन्छन् । विभिन्न विषय सन्दर्भमा रहेर गीत तथा गजल सङ्कलन गरी गाइने गरिन्छ । गीत तथा गजलमा पौराणिक, ऐतिहासिक, धार्मिक, राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक विविध पक्ष समेटिएका हुन्छन् । रामजी घिमिरेका गीत तथा गजलमा धेरै मात्रामा सामाजिक एवम् सांस्कृतिक पक्ष भेटिन्छ ।

नेपाली समाजलाई धर्म, लिङ्ग, परिवेश, मूल्य र मान्यता जस्ता तत्त्वले प्रत्यक्ष प्रभाव पार्ने गर्दछ । सोही कारण हुनुपर्छ रामजी घिमिरेका सिर्जनामा जन्मभूमिप्रतिको माया र नेपाली जनजीवनको वास्तविकता भेटिन्छ । आफू बाध्यताले जहाँसुकै रहे पनि अनि जतिसुकै पीडा र कष्ट खेप्नु परे पनि आफ्नै जन्मभूमिमा दुःखी जीवनलाई बिताउने चाहना उनका सिर्जनामा अभिव्यक्त भएको पाइन्छ । तिनै विषयवस्तुलाई सर्जकको विकासले

ओजिलो बनाएको हुन्छ । जसलाई सिर्जनाको भाव पक्ष भनेर भन्ने गरिन्छ । घिमिरेका गीत गजल भाव वा विचारले चुलिएका हुन् ।

उनका सिर्जनामा विषयवस्तुगत विविधता भेटिन्छ । नेपाली समाज र संस्कृति झल्काउने सिर्जना बढी भेटिन्छन् । घिमिरेले सिर्जना गरेका रचनामा माया पिरतीको भाव मुखरित नभएको होइन । ती सन्दर्भ पनि पर्याप्त मात्रामा छन् । मायाप्रेममा जेलिएका कारण जीवनमा हाँसो, खुसी, रोदन र चित्कार भोग्नुपरेको अवस्था उनका सिर्जनामा वर्णित छन् । प्रेमको जालोमा बेरिएका प्रेम जोडीको वियोगान्त अवस्था एकातिर रहेको छ भने अर्कोतिर तिनै प्रेमजोडी सुखान्त मोडमा प्रेमको काल्पनिक संसारमा विचरण गरिरहेको सन्दर्भ पनि उनका सिर्जनामा मौलिक पहिचान बोकेर उपस्थित भएको पाइन्छ ।

गीत र गजलमा रमेका घिमिरेका सिर्जनामा अन्तर्राष्ट्रिय चेतना पाइन्छ । राष्ट्रवादी चिन्तन अभिव्यक्त भएको छ । समाजका भए गरेका विकृति र विसङ्गतिको आलोचना पाइन्छ । प्रेमको सुन्दर प्रस्तुति पाइन्छ । यस्तै केही उनका सिर्जनामा डायोस्पोरिक पीडा पनि अभिव्यक्त भएको पाइन्छ । उनी रोजगारीको सन्दर्भमा विभिन्न देशविदेशमा भ्रमण, शान्तिसुरक्षाको विभिन्न कमान्डमा परदेश जाँदाको पीडा पनि समावेश छ । यस्तै उनका सिर्जनामा जीवनवादी स्वर अभिव्यक्त भएको छ । लेखनमा स्थानीयतालाई पर्याप्त स्थान दिन रुचाउने स्रष्टा घिमिरेमा व्यङ्ग्य, ऐतिहासिक र परिवर्तनको चेत अभिव्यक्त भएको पाइन्छ ।

### ४.५ रामजी घिमिरेका सिर्जनाको मूल्य र उपयोगिता

निरुदेश्य कुनै पनि काम हुँदैन । त्यसैले घिमिरेका सिर्जना पनि उद्देश्य विनाका छैनन् । एउटा सर्जकले न आफ्ना सिर्जना उद्देश्य विना तयार गर्छ । न गायकले गाइदिन्छ । न सङ्गीतकारले सङ्गीत भरिदिन्छ । त्यसैले हरेक वाङ्मयसेवी साधकका सिर्जनामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै न कुनै मूल्य, उपयोगिता, सन्देश र उद्देश्य जोडिएको पाइन्छ । सर्जक, गायक, सङ्गीतकार, दर्शक वा स्रोता सामु आफ्ना सिर्जनाका माध्यमबाट समाजमा सामाजिक मूल्यका बारे जानकारी गराउन । त्यसको उपयोगिता तथा सन्देश प्रवाह गर्नका लागि उद्देश्य निर्धारण गरी सर्जकले सिर्जना गर्ने गर्दछन् । अर्थात समाजमा कुनै न कुनै सन्देश प्रवाह गर्ने ध्ययेका साथ सर्जकले सिर्जना गरेका हुन्छन् । सोही क्रममा सर्जक रामजी

घिमिरेका सिर्जनाले नेपाली समाजमा प्रचलित धर्म, संस्कार, रहनसहन, चाडपर्व, भेषभूषा आदिलाई सजीव ढङ्गबाट प्रस्तुत गर्दै सकारात्मक सन्देश दिएका छन् ।

घिमिरेका अधिकांश सिर्जनामा सामाजिक परिवेश, ग्रामीण जनजीवन, ग्राम्य बोलीचालीमा प्रचलित भाषाशैलीको प्रयोग भएको छ । सुख-दुःख, मिलन-विछोड, उकाली-ओराली भञ्ज्याङ-चौतारीमा बस्दाका अनुभूतिलाई आफ्ना सिर्जनामार्फत् प्रस्तुत गरिएको छ । धार्मिक मूल्य-मान्यता, सामाजिक परम्परामा आश्रित हाम्रो बहुजातीय नेपाली समाजको चित्रण उनका सिर्जनामा पाइन्छ । उनका सिर्जनाले नेपाली समाजको सामाजिक मर्मलाई सम्बोधन गरेका छन् । नेपाली मौलिक संस्कृति र सम्पदाको अभिवृद्धिका लागि सघाउ पुऱ्याएका छन् । यथार्थ प्रतिविम्व र संस्कृतिको झलकलाई जीवन्त रूपमा उतार्नु आफैमा गतिलो कार्य हो । उनका सिर्जनाले नेपाली समाज र संस्कृतिको क्षेत्रमा सकारात्मक प्रभाव पारेको छ । जसका कारण उनका रचना नेपाली समाज र संस्कृति अनुकूल उपयोगी साबित छन् । नेपाली संस्कृतिमा भित्रिदै गएको बेथिति, विकृति र विसङ्गतिलाई न्यूनीकरण गर्नका निम्ति घिमिरेका सिर्जनाले दिएका सन्देशलाई केही मात्रामा अनुकरण गर्न सके पनि नेपाली संस्कृतिको र सामाजिक परम्पराको संरक्षण हुने देखिन्छ ।

### ४.६ रामजी घिमिरेका सिर्जनाको रूप र शिल्प पक्ष

कुनै पनि सिर्जनाको विषयवस्तु त्यसको आत्मा हो भने लय शरीर हो । लयले सिर्जनामा साङ्गीतिक चेतना प्रदान गर्छ । भाव कमजोर भएको अवस्थामा पनि लयले गीतलाई सुमधुर र प्रभावकारी बनाउँछ । रामजी घिमिरेका गीत तथा गजल लयविधानका दृष्टिले सफल छन् । एउटा पूर्ण गीत तथा गजलमा हुनुपर्ने स्थायी र अन्तराको कुशल संयोजन यिनका गीत र गजलमा पाइन्छ ।

भाषा अभिव्यक्तिको माध्यम हो भने अभिव्यक्तिको तरिका शैली हो । भाव र लयलाई भाषाशैलीले प्रभावकारी बनाउँछन् । गीत तथा गजललाई निश्चित गोरेटोसम्म पुऱ्याउँछन् । घिमिरेका सिर्जनामा नेपाली जनजीवनमा प्रचलित शब्दको प्रयोग र शैलीमा विविधता पाइन्छ । सामान्यतया नेपाली ग्रामीण समाजमा प्रयोग भएका सरल तथा ठेट शब्दको बहुलता र कथ्य शब्दको प्रयोग उनका सिर्जनामा भेटिन्छन् । नेपाली जनजिब्रोमा प्रचलित शब्दको प्रयोग गरी यिनका धेरै गीत र गजल तयार भएका छन् । त्यसैको ज्वलन्त उदाहरण हो उनको पछिल्लो गजल कृति ठेकी र मदानी । यसका साथसाथै उनका सिर्जनामा

विषयवस्तुले मागेको सन्दर्भमा आगन्तुक शब्दको प्रयोग भएको पाइन्छ। कोही सर्जकले जर्बजस्ती आगन्तुक शब्दलाई प्रयोग गरेर जर्बजस्त सस्तो लोकप्रियताका सस्ता सिर्जना गरेको पाइन्छ तर घिमिरेमा त्यो दोष देखिदैंन । उनका सिर्जनामा विविध शैलीको प्रयोग भएका कारण शैलीगत विविधता भेटिन्छ। लय, उखान, टुक्का, अनुप्रास, शब्दशक्ति अभिधा, लक्षणा, व्यञ्जनाका पक्षमा पनि यिनका सिर्जनामा भिन्न विशेषता देखिन्छन्। गीत तथा गजलमा आन्तरिक र वाह्य लयको सन्तुलन देखिन्छ। अनुप्रासको कुशल संयोजनका कारण यिनका सिर्जना लयात्मक एवम् सुमधुर बनेका हुन्। अनुप्रासमा पनि अन्त्यानप्रासले गीत गजलको शैलीपक्ष कसिलो भएको छ।

घिमिरेका रचनामा उखान टुक्काको पनि आवश्यक प्रयोग भएको देखिन्छ। जसले उनका सिर्जनाको अभिव्यक्ति कलालाई चोटिलो बनाएको छ। त्यसैगरी नेपाली समाजमा प्रचलित मान्यता अनुरूपका भनाइले उनको लेखनलाई थप जीवन्तता प्रदान गरेको छ। साथै प्रतीकात्मक रूपमा प्रयोग भएका पद पदावलीले बेजोड बनाएको छ। गीतका पङ्क्ति र गजलका शेरमा प्रयोग भएका शब्दको अनुप्रास, अन्त्यानुप्रासले लयात्मकता र कलात्मकता पस्केका हुन्छन्। अनुप्रास मिलेका रचना बढ्ता मिठासयुक्त हुन्छन्। घिमिरेका धेरै गीत तथा गजल यिनै गुणले युक्त भएकाले उनका सिर्जनामा मिठास पाइन्छ।

यसरी स्रष्टा घिमिरेका सिर्जनाको विश्लेषण गर्दा उनका विषयगत प्रवृत्तिमा प्रकृतिप्रेम, राष्ट्रप्रेम, मानवतावाद, मातृप्रेम, प्रेमपक्ष, गरीबीको चित्रण, गाउँप्रतीको माया मोह, सामाजिक यथार्थ, वर्तमान युगजीवनको चित्रण पाउन सकिन्छ। शैली पक्षमा गद्यलय, व्यङ्ग्यशैली, गीतिकवि जस्ता प्रवृत्ति भेटिन्छन्। कुनै गीत र गजल व्यङ्ग्यात्मक तथा प्रतीकात्मक छन्। उनका धेरैजसो सिर्जना आन्तरिक लयमा संरचित छन् र उत्तिकै प्रभावकारीपन देखिन्छ। यस्ता शिल्पगत विशेषताले उनको सिर्जना यात्राको सौन्दर्य विकास गर्न सहयोग पुऱ्याएको देखिन्छ।

## ४.७ निष्कर्ष

रामजी घिमिरे गीत र गजल विधामा क्रियाशील छन् । गजल पनि गेय विधा भएकाले उनलाई गजलकार र गीतकार भनिरहन आवश्यक छैन । त्यसैले उनी विशेषगरी गीतकार हुन् । अलङ्कार, बिम्ब र प्रतीकको प्रयोग उनका गीति तथा गजल सङ्ग्रहका मौलिक विशेषता हुन् । जीवनका सुख, दुःखका अनुभूतिको आत्मबोध गराउने प्रस्तुतिका

साथै प्रकृतिको सुन्दर वर्णन र माया प्रीतिको सुन्दर अभिव्यक्तिले घिमिरेका गीत गजल सशक्त बनेका छन् । आत्मलापीय, चित्रात्मक, प्रतीकात्मक, व्यञ्जनात्मक, व्यङ्ग्यात्मक, बिम्बात्मक, आलङ्कारिक संस्मरणात्मक आदि शैलीभित्र अधिकांश पद्य र आंशिक गद्य गीत रचना गर्नु उनका मूल विशेषताका रूपमा देखिन्छ । उनले आफ्ना गीति गजल सङ्ग्रह, गीति एल्बमका गीतलाई विषयवस्तु अनुकूल र भावको प्रतिनिधित्व हुने खालका बनाएका छन् । उनका गीतमा शब्दात्मक र पदावलीयुक्त दुई किसिमका शीर्षक चयन गरिएको पाइन्छ । गीत र गजलमा नभई नहुने गेयात्मक गुण, भाषामा विचलनताले उनका गीत गजलहरू साङ्गीतिक हुन मद्दत पुऱ्याएको देखिन्छ । समग्रमा उनका गीत र गजल गीति तत्त्वका आधारमा सशक्त छन् । आफ्ना सिर्जनामा नेपाली राजनीतिमा देखिएका विकृति तथा विसङ्गति, समाजमा व्याप्त कालाबजारी, भ्रष्टाचार जस्ता विविध सामाजिक तथा राजनीतिक समस्या प्रस्तुत गरेर सिर्जना गर्ने सर्जक हुन् । उनका गीत तथा गजलमा हाम्रो नेपाली समाजमा विद्यमान सामाजिक विषयवस्तु समावेश गरिएको छ ।

अध्याय : पाँच

# उपसंहार तथा निष्कर्ष

## ५.१ सारांश

'रामजी घिमिरेको जीवनी व्यक्तित्व र कृतित्व' शीर्षकको प्रस्तुत शोधपत्रलाई पाँच अध्यायमा विभाजित गरिएको छ। शोधको पहिलो अध्यायमा शोधपत्रको परिचयसहितको रूपरेखा प्रस्तुत गरिएको छ। जसमा शोधसमस्याका कारणलाई बुँदागत रूपमा प्रस्तुत गर्दै रामजी घिमिरेको जीवनी, व्यक्तित्व, कृतित्वका साथै उनका सिर्जनाको, कृतित्वको अध्ययनको आवश्यकता र महत्त्वबारे प्रस्टयाइएको छ। शोध समस्याका समाधानका उपायसँगै शोधकार्यका उद्देश्य प्रस्तुत गरिएको छ। पूर्वकार्यको समीक्षामा घिमिरेका बारेमा उल्लेख गरिएका विभिन्न पत्रपत्रिकाको प्रसङ्ग उल्लेख गरिएको छ। नेपाली वाङ्मयका क्षेत्रबाट क्रियाशील प्रतिभाका बारेमा राज्यबाट ध्यानकर्षण हुन नसकेको वेलामा शोधको औचित्य, विधि र क्षेत्र निर्धारणसहित शोधको रूपरेखा प्रस्तुत गरी पहिलो परिच्छेद पूरा गरिएको छ।

शोधपत्रको दोस्रो परिच्छेदमा सर्जक रामजी घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वलाई चर्चा गरिएको छ । उनको परिचय अन्तर्गत जन्म, वाल्यकाल, शिक्षादीक्षा,

दाम्पत्य जीवन, स्वभाव, रुचि, संलग्नताका साथै उनका कृतिलाई क्रमशः प्रस्तुत गरिएको छ। यिनका वाल्यकालीन रुचि र स्वभावदेखि हालसम्मका कुरा समेट्दै साहित्य लेखनको प्रेरणा र प्रारम्भ विन्दु समेटिएको छ।

शोधपत्रको तेस्रो परिच्छेदमा गीत र गजलको सैद्धान्तिक परिचय प्रस्तुत छ। गीतलाई चिनाउन विभिन्न विद्वान्का परिभाषा प्रस्तुत गरिएको छ। गीत र गजलको सैद्धान्तिक परिचय, यसको इतिहास, परम्परा र वर्गीकरण, तत्त्व, विशेषता, विकासक्रमसहितको निष्कर्ष दिइएको छ। यसका साथै यस अध्यायमा नेपाली गीत र गजल विश्लेषणको सैद्धान्तिक आधार अन्तर्गत रही उनले सिर्जना गरेका गीतको विश्लेषण गर्ने निश्चित आधार छुट्याउने कार्य सम्पन्न गरिएको छ।

चौथो परिच्छेदमा रामजी घिमिरेले प्रकाशन गरेका गीत र गजलमा अभिव्यक्त काव्यगत प्रवृत्तिको आधारमा रहेर उनले सिर्जना गरेका गीत तथा गजलमा अध्ययन र विश्लेषण गर्ने कार्य भएको छ। गीत र गजलको विश्लेषणका सैद्धान्तिक आधार अन्तर्गत विषय, कथ्य र शिल्प पक्षका आधारमा विश्लेषण तथा मूल्याङ्कन गरिएको छ। त्यसैगरी उनले सिर्जना गरेका गीतले नेपाली समाज र संस्कृतिमा पारेका प्रभावका बारेमा चर्चा गरिएको छ। उनका सिर्जनामा सामाजिक मूल्य र मान्यतालाई के कति मात्रामा अंगालेका गरेका छन् भन्ने कुरालाई प्रकाश पारिएको छ। उनले सिर्जना गरेका गीत तथा गजलमा प्रयुक्त लय विधान, भाषाशैली, अनुप्रासमयता, उखान, टुक्का, बिम्ब, प्रतीककोसमेत विश्लेषण गरिएको छ। यो परिच्छेद शोधपत्रको महत्त्वपूर्ण अंश हो। पाँचौ परिच्छेदमा चाहिँ समग्र शोधकै सारांश, निष्कर्ष र सम्भावित शोध शीर्षक समेटिएको छ।

## ५.२ निष्कर्ष

रामजी घिमिरे नेपाली वाङ्मयको क्षेत्रमा अनवरत लागि परेका साधक हुन्। निम्न मध्यमवर्गीय परिवारमा जन्मिएका उनले आफ्नो प्रतिभा र साधनाकै कारण अलग्गै पहिचान स्थापित गराइसकेका छन्। अनुशासित, भद्र, मिलनसार, मृदुभाषी एवम् सरलता जस्ता गुणले युक्त घिमिरेले आफ्ना सिर्जनामा नेपाली समाज र संस्कृतिको चित्रण गरेको देखिन्छ। सामाजिक पेरिफेरीमा, नेपाली जनजीवनमा प्रचलित लोकसंस्कृति, परम्परा, जीवनशैली, धर्म, संस्कार, मूल्य, मान्यतालाई उनले आफ्ना सिर्जनामार्फत् प्रस्तुत गरेका छन्।

गरीबी वास्तविक पीडाजन्य अवस्था, युवायुवतीको माया प्रेम, छोरीचेलीका कुण्ठा र वेदना, ग्रामीण जनजीवनको विपन्न अवस्था, मानवीय जीवन र सङ्घर्षका कथा व्यथालाई उनका गीत तथा गजलले उजागर गरेको पाइन्छ । साथसाथै, उनका सिर्जनाले खास गरी नेपाली समाजमा मौलाउँदै गएको विकृति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्य गर्दै त्यसको निराकरणका लागि सबैमा चेतना जगाउने खालको सन्देश दिएका छन् ।

नेपाली मौलिक संस्कृतिलाई पश्चिमी संस्कृति र संस्कारले चेपिरहेको सन्दर्भमा त्यसको संरक्षणमा सबैलाई लाग्नका लागि आह्वान गरेका छन् । प्रेमका नाममा दिइएको पीडा, व्यथा, अन्याय, अत्याचार, शोषण र दमनमाथि विरोध गर्दै समतामूलक समाजको स्थापनामा लाग्नका लागि उनका सिर्जनाले प्रेरित गरेका छन् । उनका सिर्जनामा सरलता, सहजता, स्वभाविकता एवम् प्राकृतिकता जस्ता विशेषता पाइन्छन् ।

सरल र सहज शब्दावलीको प्रयोगका कारण उनका सिर्जना मिठासपूर्ण र कर्णप्रिय छन् । उनले आफ्ना सिर्जनाका माध्यमबाट सामाजिक परिवेश, सांस्कृतिक मूल्य र मान्यताको चित्रण गर्दै समाज सुधारको चाहना व्यक्त गरेका छन् ।

घिमिरेका सिर्जनाले नेपाली समाज र संस्कृतिको जीवन्त चित्रण गरेका छन् । यो नै नेपाली वाङ्मयको क्षेत्रमा उनको महत्त्वपूर्ण योगदान हो । नेपाली मौलिक संस्कृति र सामाजिक परम्परालाई जोगाई राख्न उनले प्रकाशन गरेका गीति एल्बम र गीति सङ्ग्रह नै भोलिका पुस्ताका लागि विशिष्ट प्राप्ति हो ।

## ५.३ भावी अनुसन्धानका लागि सम्भाव्य शीर्षक

रामजी घिमिरे एक सिर्जनशील साधक हुन् । उनका बारेमा हालसम्म कुनै पनि अध्ययन र अनुसन्धान नभएको वेलामा प्रस्तुत अध्ययन मात्र उनको पूरा अध्ययन हुन सक्दैन । त्यसैले उनले नेपाली वाङ्मयको क्षेत्रमा पुऱ्याएको अतुलनीय योगदानको मूल्याङ्कनका लागि निम्न शीर्षकमा शोध गर्न सकिने छ ।

१. रामजी घिमिरेका गजलको अध्ययन ।

२. रामजी घिमिरेका गीतको अध्ययन ।

३. रामजी घिमिरेका प्रकाशित काव्यकृतिको कृतिपरक अध्ययन ।

४. रामजी घिमिरेका गजल सङ्ग्रहमा प्रयुक्त प्रेमपक्षको अध्ययन ।

५. रामजी घिमिरेका निबन्धको अध्ययन ।

# सन्दर्भ सूची


गौतम, असफल (२०७४), *रामजी घिमिरेको रसना भाग १ को अध्ययन,* **ज्यागदीखोलाको तरङ्ग,** स्याङ्जा : ज्यागदीखोला साहित्य सङ्गम ।

................... (२०६९), *समकालीन गजल र स्याङ्जा,* **गजलका थुङ्गाहरू**, स्याङ्जा : गजल संगम, पकवादी

घिमिरे रामजी (२०७१) **हरायौ तिमी विरानो देशमा,** पोखरा : सीता घिमिरे ।

...................(२०७१) **रामजी घिमिरेका १०१ गजलहरू** पोखरा : सीता घिमिरे ।

...................(२०७३) **आयौ फेरि सपनीमा** पोखरा : सीता घिमिरे ।

...................(२०७१) **रचना भाग १,२ र ३** पोखरा : सीता घिमिरे ।

चूडामणि बन्धु, (२०६०), **नेपाली साहित्यको इतिहास प्रथम खण्ड,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

................. (२०७१), **नेपाली लोकसाहित्य** (ते.सं.), काठमाडौं : एकता बुक्स ।

नेपाली, पूर्ण (२०७२), **असफल गौतमका मुक्तकको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

न्यौपाने, कुसुमाकर (२०७०), **नेपाली लोकगीत**, पोखरा : फिस्टेल पब्लिकेशन प्रा.लि. ।

न्यौपाने, घनश्याम (२०६४), **गजल सौन्दर्य मीमांसा,** रूपन्देही : सनशाइन आवासीय उच्च माध्यमिक विद्यालय ।

पहाडी, वामदेव, **आलोचनाको वृत्त,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, बालकृष्ण र अन्य (२०४०), **नेपाली बृहत् शब्दकोश,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

भण्डारी मुक्तिप्रसाद (२०६९), **गजलका थुङ्गाहरू**, स्याङ्जा : गजल सङ्गम पकवादी ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६७), **नेपाली गीत र गजल भाग १**, ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०६३), **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** काठमाडौं : अक्सफोर्ड इन्टरनेश्नल पब्लिकेशन ।

सुवेदी ज्ञानेश्वर (२०७३) **पुरुषोत्तम न्यौपानेले गाएका गीतहरूमा नेपाली समाज र संस्कृति** अप्रकाशित स्नातकोत्तर शोधपत्र, पृथ्वीनारायण क्याम्पस, पोखरा ।